सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१३ वैशाख २०८१, बिहीबार (25 April 2024, Thursday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १८ ■ अंक १३ ■ पृष्ठ १० nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ इलाम २ र बझाङ (१) उपनिर्वाचन

आजदेखि मौन अवधि

आचारसंहिता प्रतिकूलका गतिविधि निगरानी तथा नियन्त्रणका लागि विशेष संयन्त्रमार्फत सूक्ष्म अनुगमनको व्यवस्था, उपहार लिन-दिन र भोजभतेर गर्न नपाइने

इलाम २ दलका १२ र स्वतन्त्र सात गरी १९ उम्मेदवार ● एक लाख १६ हजार ८८९ मतदाता ● ७९ मतदानस्थल र १४९ मतदान केन्द्र ● ७४५ कर्मचारी र तीन हजार सुरक्षाकर्मी परिचालन

बझाङ (१) १२ उम्मेदवार
- ६१ हजार ७४८ मतदाता
- ७४ मतदानस्थल र ९३ मतदान केन्द्र
- मतदानस्थल र केन्द्रमा ६५१ कर्मचारी र १२ सय सुरक्षाकर्मी परिचालन

इलाममा **चिरञ्जीवी घिमिरे**

इलाम २ र बझाङ प्रदेश (१) मा शनिबार हुने उपनिर्वाचनका लागि मौन अवधि सुरु भएको छ। बुधबार मध्यराति १२ बजेदेखि लागू हुने गरी निर्वाचन आयोगले प्रचारप्रसार निषेध अवधि लागू गरेको सहायक प्रवक्ता रामदत्त पाण्डेयले बताए।

उपनिर्वाचनका लागि जारी निर्वाचन आचारसंहिता २०७९ मा भएको व्यवस्थाबमोजिम मतदानको दिनभन्दा ४८ घण्टाअघिदेखि मतगणनाको कार्य सम्पन्न नभएसम्म मौन अवधि लागू हुने आयोगले जनाएको छ। यो अवधिमा प्रचारप्रसार गर्न निषेध गरिएको छ।

आयोगले आचारसंहिता प्रतिकूलका गतिविधि निगरानी तथा नियन्त्रणका लागि विशेष संयन्त्रमार्फत सूक्ष्म अनुगमनको व्यवस्था मिलाएको छ। ऐन तथा आचारसंहिताले मौन अवधिमा निर्वाचन प्रचार-प्रसारलगायत कुनै पनि प्रकारका छलफल, अन्तर्क्रिया, सभा, सम्मेलन, कार्यशाला, गोष्ठी आदि गर्न तथा उम्मेदवारको पक्ष या विपक्षमा कुनै पनि प्रकारको प्रचारप्रसार गर्न, एसएमएस, फेसबुक, भाइबरजस्ता विद्युतीय माध्यम तथा सामाजिक सञ्जालबाट समेत मत माग्न निषेध गरेको छ।

आयोगले आचारसंहिताविपरीत वक्तव्य दिने, विज्ञप्ति निकाल्ने, प्रकाशन तथा प्रसारण गर्ने, सञ्चारमाध्यमबाट जित वा हारको पूर्वानुमानका सामग्री प्रकाशन तथा प्रसारण नगर्न र निर्वाचनको

» पृष्ठ ९ मा क्रमशः

इलाममा मतदानस्थलतर्फ निर्वाचन सामग्री लगिँदै

आजदेखि मतदान केन्द्र निर्माण गर्छौं

● **देवीचरण फुयँल**
निर्वाचन अधिकारी

निर्वाचनको अन्तिम तयारीमा छौं। हामीले सबै मतदानस्थलमा कर्मचारी र सामग्री पठाइसकेका छौं। बिहीबार बिहानैबाट मतदान केन्द्र निर्माणको सुरु गर्छौं। पाँचवटा मतदानस्थलमा परीक्षा भएकाले शुक्रबार मात्र मतदान केन्द्र निर्माणको काम हुनेछ।

मौन अवधि प्रभावकारी बनाउँछौं

● **डिएसपी प्रकाश जबेगू, प्रवक्ता**
जिल्ला प्रहरी कार्यालय, इलाम

निर्वाचनको सुरक्षाका लागि हामी तम्तयार छौं। मौन अवधिलाई प्रभावकारी बनाउन प्रहरीले काम गरिरहेको छ।

नेपाल–कतार सहकार्यको नयाँ अध्याय

प्रधानमन्त्री प्रचण्ड र कतारका राजा थानीबीच दुईपटक एक्लाएक्लै वार्ता, औपचारिक वार्तामा लगानीका क्षेत्र पहिचान र सहकार्यबारे अध्ययन गर्न संयुक्त टोली गठन गर्ने सहमति

पर्शुराम काफ्ले/नयाँ पत्रिका

मध्यपूर्वको प्रभावशाली र धनी मुलुक कतारका राजा (अमिर) शेख तमिम बिन हमाद अल थानीको भ्रमणमा भएका उच्चस्तरीय भेटवार्ता र सम्झौताले नेपाल-कतारबीच सहकार्यको नयाँ अध्याय सुरु भएको छ। श्रमबाट अन्य क्षेत्रमा पनि सहकार्य विस्तारका लागि ढोका खुलेको छ।

भ्रमणका क्रममा द्विपक्षीय हितका सात नयाँ सम्झौता र एक सम्झौता नवीकरण भएका छन्। विज्ञहरूले कतारी राजाको भ्रमणका उपलब्धि उपयोग गर्नमा नेपालले शिथिलता देखाउन नहुने बताएका छन्।

नेपालमा कृषि, पर्यटन एवं पूर्वाधारका क्षेत्रमा लगानीका लागि उपयुक्त अवसर रहेको प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको भनाइमा राजा थानीले लगानी तथा आर्थिक सहकार्यको क्षेत्र विस्तारमा कतार तयार रहेको बताएका छन्। लगानी र सहकार्यको सम्भाव्यता अध्ययनका लागि उनले संयुक्त टिम निर्माणको प्रस्ताव नै गरेका छन्। औपचारिक वार्तामा आएको यो प्रस्तावलाई प्रधानमन्त्रीले स्वागत गर्दै सहमति जनाएका थिए।

'नेपालमा लगानी र सहकार्यका विषयहरूमा अघि बढ्न कतारका राजाले संयुक्त टिम निर्माणको प्रस्ताव गर्नुभएको छ। प्रधानमन्त्रीले यो प्रस्तावलाई हार्दिक रूपमा लिनुभएको छ र सहमति जनाउनुभएको छ,' वार्तामा सहभागी प्रधानमन्त्रीका परराष्ट्र मामिला

» पृष्ठ ९ मा क्रमशः

प्रधानमन्त्री प्रचण्ड र कतारका राजा शेख तमिम बिन हमाद अल थानी नेतृत्वको प्रतिनिधिमण्डलबीच बुधबार भएको द्विपक्षीय वार्ता। तस्बिर : रासस

● **डा. रूपक सापकोटा**
प्रधानमन्त्रीका परराष्ट्र मामिला सल्लाहकार

नेपाल र कतारबीच सहकार्यका लागि नयाँ क्षितिज खुलेको छ। नेपालमा लगानीको वातावरण तयार छ। सरकारको यो पहलकदमीले कतारबाट मात्र नभएर अरबबाट नेपालमा लगानी र सहकार्यका लागि ढोका खुलेको छ।

● **रमेशनाथ पाण्डे,**
पूर्वपरराष्ट्रमन्त्री

कतारका राजाले दक्षिण एसियामा बंगलादेशसँगै नेपाललाई पहिलो भ्रमणका रूपमा रोज्नुको कूटनीतिक अर्थ र सामरिक मनसाय दीर्घकालीन महत्त्वको थियो। प्रधानमन्त्री प्रचण्डसँग राजाले गर्नुभएको अनिर्धारित र पूर्वनिर्धारित एकान्त छलफलले भ्रमण दीर्घकालीन रूपमा फलदायी भएको हुनुपर्छ। मध्यपूर्वको ठूलो शक्ति तथा भूमण्डलीय शक्ति राजनीतिमा दबाब बढाउँदै लगेका राजाको भ्रमणका उपलब्धिलाई भविष्यमा उपयोग गर्नमा नेपालले शिथिलता देखाउनुहुँदैन।

सात सम्झौता, एक सम्झौता नवीकरण

१ नेपालको संस्कृति, पर्यटन र नागरिक उड्डयन मन्त्रालय र कतारको संस्कृति मन्त्रालयबीच सहकार्यसम्बन्धी सम्झौता

२ राष्ट्रिय समाचार समिति (रासस) र कतार समाचार एजेन्सी (क्युएनए)बीच सहकार्य र समाचार आदान-प्रदान सम्झौता

३ नेपाल सरकार र कतारको सरकारबीच शिक्षा, उच्च शिक्षा र वैज्ञानिक अनुसन्धानको क्षेत्रमा सहकार्यसम्बन्धी सम्झौता

४ नेपाल सरकार र कतार सरकारबीच युवा र खेलकुदको क्षेत्रमा सहकार्यसम्बन्धी सम्झौता

५ नेपालको महान्यायाधिवक्ताको कार्यालय र कतारको महान्यायाधिवक्ता (प्रोसेक्युटर अफ कतार)बीच सहकार्यसम्बन्धी सम्झौता

६ नेपालको परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान (आइएफए) र कतारको विदेश मन्त्रालयको डिप्लोमेटिक इन्स्टिच्युटबीच राजनीतिक प्रशिक्षण र शिक्षामा सहकार्य सम्झौता

७ कतार चेम्बर र नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसिसिआई)बीच संयुक्त व्यापार परिषद् (जेबिसी) स्थापनाको सम्झौता

कतार चेम्बर र नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसिसिआई)बीचको सम्झौताको नवीकरण

NIMB
नेपाल इन्भेस्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

प्यारोल सुविधामा ७० कैदी घरमै बसेर कैद भुक्तान गर्दै

● **काशीराज दाहाल**
महानिर्देशक, कारागार व्यवस्थापन विभाग

प्यारोल बोर्डको बैठकले एक सय ९९ कैदीलाई प्यारोलमा छाड्ने निर्णय गरेको छ। ७० जना छुटिसकेका छन्, बाँकी अदालती प्रक्रियामा छन्।



नयाँ पत्रिका

असल चालचलन भएका कैदीलाई जेलबाहिरै निगरानीमा राख्ने सुधारात्मक दण्ड प्रणाली मानिएको प्यारोल सुविधामा हालसम्म ७० कैदी घरमै बसेर सजाय भुक्तान गर्दै छन्। गत पुसदेखि कार्यान्वयनमा आएको प्यारोल सुविधा नेपालको जेल प्रणालीमा नयाँ प्रयोग हो।

दुईतिहाइ कैद भुक्तान गरिसकेका र असल चालचलन भएका कैदीले अदालतको आदेशका आधारमा यो सुविधा पाउँछन्। कारागार व्यवस्थापन विभागका अनुसार थप एक सय २९ कैदी प्यारोलमा छुट्ने प्रक्रियामा छन्।

■ अब कैद मिनाहाका लागि पीडितको सहमति अनिवार्य

'प्यारोल बोर्डको बैठकले एक सय ९९ कैदीलाई प्यारोलमा छाड्ने निर्णय गरेको छ,' विभागका महानिर्देशक काशीराज दाहालले भने, '७० जना छुटिसकेका छन्, बाँकी अदालती प्रक्रियामा छन्।' विभागले थप करिब एक सय कैदीको सूची प्यारोल बोर्डमा पठाउने तयारी गरिरहेको छ।

मापदण्ड पुगेका कैदीको सूची तयार गरी विभागले महान्यायाधिवक्ताको नेतृत्वमा रहने प्यारोल बोर्डमा निर्णयका लागि पठाउँछ। बोर्डले प्यारोल सुविधा दिने निर्णय गरेपछि सम्बन्धित जिल्ला अदालतको समेत सहमतिका आधारमा कैदीहरूले यस्तो सुविधा पाउँछन्। हालसम्म दुईपटक बोर्ड

» पृष्ठ ९ मा क्रमशः

सात घण्टामा जरलहवा बस्ती नै सखाप

■ महोत्तरीको मटिहानी- ६ जरलहवामा भएको आगलागीले १५० घरगोठ जले, पाँच सय स्थानीय विस्थापित

महोत्तरीमा **रञ्जन भण्डारी**

आगलागीले महोत्तरीको मटिहानी नगरपालिका- ६ जरलहवा बस्ती नै सखाप भएको छ। बुधबार लगातार सात घण्टाको आगलागीमा एक सय ५० घरगोठ जलेका छन्। त्यस्तै, पाँच सय स्थानीय विस्थापित भएका छन्।

मटिहानीका मेयर हरिप्रसाद मण्डलका अनुसार बस्तीमा अधिकांश फुस र जस्तापाताले छाएका घर छन्, तीमध्ये सबैजसो जलेका छन्। पक्की घरमध्ये तीन-चारवटामा मात्रै क्षति भएको छ। तर, प्रहरीले भने ९२ घर जलेर नष्ट भएको विवरण संकलन गरेको छ।

'दिनभरको आगलागीले घरभित्रका सबै सरसामान जलेका छन्। कतिपय पशुचौपाया पनि मरे,' मेयर मण्डलले भने, '१२ वटा दमकलको प्रयोग गरेर आगो निभाइएको

» पृष्ठ ९ मा क्रमशः

आगलागीले सखाप बनेको मटिहानी नगरपालिका- ६ स्थित जरलहवा बस्ती।

खेत र सडकमा पीडित

आगलागीले बस्ती नै सखाप भएपछि पीडित खेत र सडकमा पुगेका छन्। मटिहानी नगरपालिकाले त्रिपाल, चिउरा, दालमोठ र चिनीको जोहो गरेको मेयर हरिप्रसाद मण्डलले बताए। आगलागी भएको क्षेत्रमा नगरपालिकाको कार्यसमितिको आपत्कालीन बैठकले आगलागीपीडित परिवारलाई तत्काल पाँच हजारका दरले राहत उपलब्ध गराउने निर्णय पनि गरेको छ। 'पीडितको खान, बस्न र पुनर्स्थापनाको प्रबन्ध गर्न सबैसमक्ष अपिल गर्दछौं,' मेयर मण्डलले भने।

मटिहानी उद्योग वाणिज्य संघले पनि पीडितलाई खाना र बस्नका लागि सहयोग गर्न टोली नै खटाएको छ। नेपाल रेडक्रस सोसाइटीले बाल्टिन र मगसहित राहत सामग्री घटनास्थल पुऱ्याएको छ। महोत्तरीका प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले बिहीबार विपत् व्यवस्थापन समितिको बैठक डाकिएको र आवश्यक निर्णय गरेर राहत उपलब्ध गराइने बताए। मधेश प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री सरोज यादवले आगलागीपीडितलाई राहतका लागि प्रदेश सरकारले पहल गर्ने बताए। 'क्षतिको विवरण प्राप्त हुनासाथ प्याकेजमै राहत उपलब्ध गराउँछौं,' उनले भने।

भर्ना शुल्क लिने विद्यालय र स्टेसनरी सामान किन्न बाध्य पार्नेमाथि महानगरको अनुगमन

एसियन पब्लिक, चैतन्य, पाठशाला, सेन्ट जेभियर्स स्कुललगायतलाई भर्ना शुल्क नलिन र स्टेसनरी किन्न बाध्य नपार्न निर्देशन

शिवहरि घिमिरे/नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाले हरेक वर्ष भर्ना शुल्क लिने, आफ्नै स्टेसनरीमा कपी-किताब किन्न बाध्य पार्ने र महँगो शुल्क लिने विद्यालयमाथि अनुगमन सुरु गरेको छ। संस्थागत (निजी) विद्यालयहरूले मनलाग्दी शुल्क उठाउने गरेको र विद्यालय हाताभित्रै रहेको स्टेसनरीबाट कपी-किताब किन्न बाध्य बनाउने गरेको गुनासो आएपछि महानगरले आइतबारदेखि अनुगमनलाई तीव्रता दिएको हो।

अनुगमनका क्रममा एसियन पब्लिक स्कुल, चैतन्य स्कुल, पाठशाला स्कुल, सेन्ट जेभियर्स स्कुललगायतलाई हरेक वर्ष भर्ना शुल्क नलिन र स्टेसनरी किन्न बाध्य नपार्न निर्देशन दिएको छ। यी विद्यालयले हाताभित्रका स्टेसनरीबाट कपी-किताब किनाउने गरेको गुनासो आएको महानगरले जनाएको छ। महानगरका शिक्षा विभागका शिक्षा अधिकृत इन्द्रप्रसाद दाहालले संस्थागत विद्यालयहरूले मनपरी शुल्क उठाउन र अभिभावकलाई बाध्य पार्न नहुने बताए। 'संस्थागत विद्यालयमा अनुगमन गरिरहेका छौं, कतिपयले गलत गरेको पनि भेटायौं,' उनले भने, 'हरेक वर्ष भर्ना शुल्क लिएको, नेपाली नामाकरण नगरेको, स्टेसनरी सामान किन्न बाध्य पारेकोलगायत गुनासो आएमा कारबाही गर्छौं।' उनका अनुसार भर्ना सुरु हुने वेला धेरै अभिभावक ठगिने अवस्था आएकाले महानगरले निजी विद्यालयमा विशेष अनुगमन गर्दै आएको छ। अनुगमनका क्रममा कतिपय विद्यालयले विद्यालयको लोगो भएको कापी किन्न बाध्य पारेको पनि फेला परेको छ। यसअघि गत शुक्रबार महानगरले पत्राचार गर्दै भर्ना शुल्क नलिन निजी विद्यालयलाई निर्देशन दिएको थियो। भर्ना गर्दा अधिकांश निजी विद्यालयले भर्ना शुल्कको सट्टा 'एन्युअल फी' शीर्षक राखेर शुल्क उठाउने गरेको अभिभावकको गुनासो छ। महानगरभित्र पाँच सय १२ संस्थागत विद्यालय छन्। यी विद्यालयमध्ये अधिकांशले वर्षैपिच्छे भर्ना शुल्क असुल्ने गरेको अभिभावकहरूबाट गुनासो आउने गरेको छ।

● **इन्द्रप्रसाद दाहाल**, शिक्षा अधिकृत, काठमाडौं महानगरपालिका

संस्थागत विद्यालयमा अनुगमन गरिरहेका छौं, कतिपयले गलत गरेको पनि भेट्टायौं। हरेक वर्ष भर्ना शुल्क लिएको, नेपाली नामाकरण नगरेको, स्टेसनरी सामान किन्न बाध्य पारेकोलगायत गुनासो आएमा कारबाही गर्छौं।

महानगरपालिका शिक्षा विभागका कार्यवाहक प्रमुख सरस्वती पोखरेलले निजी विद्यालयले एकपटक भर्ना गर्दा शुल्क लिन पाउने, तर वर्षैपिच्छे शुल्क लिन नपाउने जानकारी दिइन्। उनले विद्यार्थी कक्षा चढ्दै जाँदा हरेक वर्ष भर्ना शुल्क उठाउने गरेको पाइए कारबाही गरिने बताइन्। 'हरेक वर्ष भर्ना शुल्क वा भर्ना शुल्कको ठाउँमा अन्य शुल्क राखेर उठाउन पाइँदैन,' उनले भनिन्, 'यदि कुनै विद्यालयले भर्ना शुल्कका नाममा रकम लिएको फेला परे महानगरले सम्बन्धित विद्यालयबाट उक्त रकम असुल गरी अभिभावकलाई फिर्ता गर्नेछ ।' तर महानगरपालिकाले हालसम्म कुनै पनि निजी विद्यालयलाई कारबाही भने गरेको ैन। भर्ना शुल्क लिने र स्टेसनरी सामान किन्न बाध्य पारेमा जानकारी गराउन महानगरले अनुरोध समेत गरेको छ।

अटिजमसम्बन्धी विद्यालय खोल्दै

काठमाडौं महानगरपालिकाले अटिजम भएका बालबालिकालाई लक्षित गर्दै यससम्बन्धी विद्यालय खोल्ने तयारी गरेको छ। गत आइतबार महानगरका मेयर बालेन्द्र साहको संयोजकत्वमा बसेको महानगरको शिक्षा समिति बैठकले महानगरकै लगानीमा अटिजमसम्बन्धी विद्यालय खोल्ने निर्णय गरेको हो।

विद्यालय सञ्चालनका लागि अध्ययन गर्न सहरी योजना आयोगका सदस्य शैलेन्द्र झाको संयोजकत्वमा अध्ययन समिति गठन गरेको छ। समितिले विद्यालय खोल्ने क्षेत्र, पाठ्यसामग्री, लगानीलगायत विवरण समेटिएको प्रतिवेदन १५ दिनभित्र पेस गर्नेछ। सम्भवतः एक वर्षभित्र विद्यालय सञ्चालनमा ल्याउने गरी काम गरिने महानगरका प्रवक्ता नवीन मानन्धरले जानकारी दिए। उनका अनुसार सबै उमेर समूहका गरी महानगरभित्र करिब दुई सयजना अटिजम अर्थात् स्नायु विकाससम्बन्धी समस्या भएका व्यक्ति छन्। महानगरले सबै उमेर समूहका व्यक्तिहरूलाई सो विद्यालयमा पठनपाठन गराउनेछ।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोनः ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी २१ दिने सूचना

सूचना प्रकाशित मिति : २०८१/०१/१३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८१/०२/०२ गते कार्यालय समय भित्र

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय कुमारीपाटी, ललितपुरबाट तपसिलको कर्जा शीर्षक अर्न्तगत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दे-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दे-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि २१ (**एक्काइस**) **दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ। तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनाने समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण	जमानीकर्ताको विवरण
ऋणीः अर्जुन कुमार श्रेष्ठ बाबुको नामः घन श्याम श्रेष्ठ बाजेको नामः बुद्धिलाल श्रेष्ठ ठेगानाः धापाखेल-१, ललितपुर ना.प्र.नंः २८-०१-०६६-०३११६ जारी मिति : २०६६/०५/०५ जारी गर्ने कार्यालय : जि.प्र.का. ललितपुर **कर्जा शीर्षक : सरल आवधिक कर्जा** **शाखा कार्यालय : कुमारीपाटी, ललितपुर**	**क) नामः घनश्याम श्रेष्ठ** बाबुको नामः बुद्धिलाल श्रेष्ठ बाजेको नामः शिवदास श्रेष्ठ ठेगानाः धापाखेल-१, ललितपुर ना.प्र.नंः ११८२/०३३/३४, जारी मितिः २०३३/१२/३० जारी गर्ने कार्यालय : जि.का., ललितपुर **ख) नामः विकम कुमार श्रेष्ठ** बाबुको नामः घन श्याम श्रेष्ठ बाजेको नामः बुद्धिलाल श्रेष्ठ ठेगानाः धापाखेल-१, ललितपुर ना.प्र.नंः २८१-०१९/४९३१४, जारी मितिः २०६३/११/२१ जारी गर्ने कार्यालयः जि.प्र.का., ललितपुर **ग) नामः विजय बहादुर शाक्य** बाबुको नामः प्रेम बहादुर शाक्य बाजेको नामः भैरवमान शाक्य ठेगानाः ललितपुर-९, ललितपुर ना.प्र.नंः ८११, जारी मितिः २०३८/०६/१६ जारी गर्ने कार्यालय : जि.प्र.का, ललितपुर
सुरक्षणमा रहेको धितोको विवरणः श्री मालपोत कार्यालय लगनखेल, ललितपुरमा श्री घनश्याम श्रेष्ठको नाममा दर्ता कायम रहेको जिल्ला ललितपुर, धापाखेल-१क स्थीत कि.नं. ४२०२ र ४२०४ को क्षेत्रफल क्रमशः ५५.६४ वर्ग मि. र ४७.६९ वर्ग मि. को घर/जग्गा तथा सो ले चर्चेका सम्पूर्ण लिगलगापात समेत।	

शर्तहरु :

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको खाता नं. ०४५-९३०७४०१०५०१०१ को "SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैंया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको खाता नम्बर ०४५-९२०६५०१०७०५०१ को "SADBL– Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र शाखा कार्यालय कुमारीपाटी, ललितपुरमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुन्नो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन। उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन।
९. बोलपत्र सदर वा सुरक्षणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

प्रकाशित मितिः २०८१/०१/१३

यस बैंकको शाखा कार्यालय भैरहवा, रुपन्देहीबाट तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधावापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ताभुक्तान गर्नु हुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकमअसुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सुचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचनामार्फत् जानकारी गराईन्छ।

तपसिल

शाखा कार्यालय भैरहवा (साविक तिनाउ विकास बैंक लि.मर्ज भई साविक तिनाउ मिसन डेभलपमेन्ट बैंक लि.)

१.ऋणीको नाम र ठेगाना

फौज्दार चौधरीको नाती, चिन्तामणि चौधरीको छोरा,अनिता चौधरीको पति, नवलपरासी जिल्ला, सरावल गा.वि.स वडा नं. ०१ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं.१२ बस्ने **नरेश प्रसाद चौधरी** (ना.प्र.नं. ५९६३०, मिति २०५८/०५/२५, श्री जि.प्र.का. नवलपरासी)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. चिन्तामणि चौधरीको बुहारी, बाबुराम चौधरीको छोरी, नरेश प्रसाद चौधरीको पत्नी, रुपन्देही जिल्ला, मधवलिया गा.वि.स वडा नं. ०८ स्थाई ठेगाना भई हाल ऐ ऐ जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १२ बस्ने **अनिता चौधरी** (ना.प्र.नं. १८४३७, मिति २०५७/१२/२७, जि.प्र.का.रुपन्देही)
२. प्रयागराज दुङ्गागानाको नाती,मायानाथ दुङ्गागानाको छोरा, सुलोचना अधिकारी दुङ्गागानाको पति, नवलपरासी जिल्ला, परासी आर्दश गा.वि.स.-८ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं.०७ बस्ने **नवराज दुङ्गागाना** (ना.प्र.नं. ८८९१, मिति २०४८/०५/१४, जि.प्र.का.नवलपरासी)
३. मायानाथ दुङ्गागानाको बुहारी, राम प्रसाद अधिकारीको छोरी, नवराज दुङ्गागानाको पत्नी, नवलपरासी जिल्ला, रामग्राम न.पा.वडा नं. ०५ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला,सिद्धार्थनगर न.पा. वडा नं. ०७ बस्ने **सुलोचना अधिकारी दुङ्गागाना** (ना.प्र.नं. १६४६/०४४, मिति २०५३/१०/२०, प्रथम प्रतिलिपि २०७३/१०/०७, जि.प्र.का.नवलपरासी)

२. ऋणीको नाम र ठेगाना

चिन्तामणि चौधरीको बुहारी, बाबुराम चौधरीको छोरी, नरेश प्रसाद चौधरीको पत्नी, रुपन्देही जिल्ला, मधवलिया गा.वि.स वडा नं. ०८ स्थाई ठेगाना भई हाल ऐ ऐ जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १२ बस्ने अनिता चौधरी (ना.प्र.नं. १८४३७, मिति २०५७/१२/२७, जि.प्र.का.रुपन्देही)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. फौज्दार चौधरीको नाती, चिन्तामणि चौधरीको छोरा,अनिता चौधरीको पति, नवलपरासी जिल्ला, सरावल गा.वि.स वडा नं. ०१ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं.१२ बस्ने **नरेश प्रसाद चौधरी** (ना.प्र.नं. ५९६३०, मिति २०५८/०५/२५, जि.प्र.का. नवलपरासी)
२. प्रयागराज दुङ्गागानाको नाती, मायानाथ दुङ्गागानाको छोरा, सुलोचना अधिकारी दुङ्गागानाको पति, नवलपरासी जिल्ला, परासी आर्दश गा.वि.स.-८ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं.०७ बस्ने **नवराज दुङ्गागाना** (ना.प्र.नं. ८८९१, मिति २०४८/०५/१४, जि.प्र.का.नवलपरासी)
३. मायानाथ दुङ्गागानाको बुहारी, राम प्रसाद अधिकारीको छोरी, नवराज दुङ्गागानाको पत्नी, नवलपरासी जिल्ला, रामग्राम न.पा.वडा नं. ०८ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ०७ बस्ने **सुलोचना अधिकारी दुङ्गागाना** (ना.प्र.नं. १६४६/०४४, मिति २०५३/१०/२०, प्रथम प्रतिलिपि २०७३/१०/०७, जि.प्र.का.नवलपरासी)

३. ऋणीको नाम र ठेगाना

नाम : **अफजल ट्रेडिङ्ग**
रजिष्टर्ड ठेगाना : केरवानी गा.वि.स-१ (हाल देवदह न.पा. १), रुपन्देही
रजिष्ट्रेशन नं. : ४१२५३/०७४ (नेपाल सरकार, वाणिज्य मन्त्रालय,वाणिज्य विभाग,वाणिज्य कार्यालय, रुपन्देही)
रजिष्ट्रेशन मिति : २०७४/०९/१३
पान नं. : ६०७३१३५२१

फर्मको प्रोप्राईटरको नाम र ठेगाना

लैस फकीरको नाती, मोलहु फकीरको छोरा,फातमा नैयर जहाँको पति, रुपन्देही जिल्ला,केरवानी गा.वि.स वडा नं. ०१ स्थाई ठेगानाभई हाल ऐ ऐ जिल्ला, देवदह न.पा. वडा नं.०१ बस्ने **गुलाम अली फकीर** (ना.प्र.नं. ३७३००२/३८९, मिति २०६३/११/१४, जि.प्र.का. रुपन्देही)

जमानीकर्ताको नाम र ठेगाना

लैस फकीरको नाती, मोलहु फकीरको छोरा,रुपन्देही जिल्ला, केरवानी गा.वि.स वडा नं. ०१ स्थाई ठेगानाभई हाल ऐ ऐ जिल्ला, देवदह न.पा. वडा नं.०१ बस्ने **जुनाव अलि फकीर** (ना.प्र.नं. १६०२३, मिति २०६०/०२/२१, जि.प्र.का. रुपन्देही)

४.ऋणीको नाम र ठेगाना

लैस फकीरको नाती, मोलहु फकीरको छोरा, फातमा नैयर जहाँको पति, रुपन्देही जिल्ला,केरवानी गा.वि.स वडा नं. ०१ स्थाई ठेगाना भई हाल ऐ ऐ जिल्ला, देवदह न.पा. वडा नं.०१ बस्ने **गुलाम अली फकीर** (ना.प्र.नं. ३७३००२/३८९, मिति २०६३/११/१४, जि.प्र.का.रुपन्देही)

जमानीकर्ताको नाम र ठेगाना

लैस फकीरको नाती, मोलहु फकीरको छोरा,रुपन्देही जिल्ला, केरवानी गा.वि.स वडा नं. ०१ स्थाई ठेगाना भई हाल ऐ ऐ जिल्ला, देवदह न.पा. वडा नं.०१ बस्ने **जुनाव अलि फकीर** (ना.प्र.नं. १६०२३, मिति २०६०/०२/२१, जि.प्र.का.रुपन्देही)

Citizens Bank

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

२७ विद्यालयलाई कक्षा र विषय थप गर्न अनुमति

नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाले २७ वटा सामुदायिक विद्यालयलाई कक्षा-विषय थप गर्न अनुमति दिने निर्णय गरेको छ। शिक्षा समितिको बैठकले सम्बन्धित क्षेत्रका विद्यालय निरीक्षण, स्रोत शिक्षक र महानगरको सहरी योजना आयोगले गरेको स्थलगत अनुगमनका आधारमा कक्षा-विषय थप गर्न अनुमति दिने निर्णय भएको हो।

गत आइतबार महानगरका मेयर बालेन्द्र साहको संयोजकत्वमा शिक्षा समितिको बैठक बसी यस्तो निर्णय गरेको महानगरपालिकाका प्रवक्ता नवीन मानन्धरले जानकारी दिए। उनका अनुसार सबै मापदण्ड पुगेका विद्यालयलाई कक्षा र विषय थप गर्न दिने निर्णय गरिएको छ। बैठकले कोटेश्वर सरस्वती माध्यमिक विद्यालयमा यसअघिको विद्यालय व्यवस्थापन समिति कानुनसम्मत नदेखिएकाले पुनर्गठनका लागि पत्राचार गर्ने निर्णय पनि गरेको छ। यस्तै, वडा नम्बर ६ को अरुणिमा एजुकेसन फाउन्डेसनले तारकेश्वर नगरपालिका वडा नम्बर २ मा खरिद गरेको जग्गा अपायक भएकाले त्यसमा अध्ययन गरिने भएको छ। वडा नम्बर १६ मा रहेको तरुण माध्यमिक विद्यालयमा आविष्कार क्लब सञ्चालन व्यवस्था मिलाउन शिक्षा विभागलाई निर्देशन दिएको छ।

काठमाडौं महानगरपालिकाले सामुदायिक विद्यालयमा फोहोरलाई स्रोतमै घटाउने, उत्पादित फोहोरलाई विद्यालय परिसरमै व्यवस्थापन गर्ने प्रणाली कार्यान्वयनमा ल्याउने भएको छ। कामको थालनी गर्दै मंगलबारदेखि समूहगत अभिमुखीकरण थालेको छ। विद्यालयको, वातावरण र बालबालिका (बाबा) कार्यक्रमका फोकल शिक्षक, वातावरण वा विज्ञान विषय शिक्षकमध्ये एकजना, बाबा समूहका विद्यार्थी क्याप्टेन र सरसफाइ कर्मचारीलाई अभिमुखीकरणमा बोलाइएको छ।

विद्यालयको सफाइसँग सम्बन्ध राख्ने पदाधिकारी तथा व्यक्तिका बीचमा समान धारणा बनाउन शिक्षक, कर्मचारी र विद्यार्थीलाई एउटै समूहमा राखिएको हो। एक समूहमा २२ विद्यालयबाट ६६ जना रहनेछन्। एक समूहका लागि एक दिन कार्यक्रम हुनेछ। कक्षामा फोहोरमैलाको प्रकृति र वर्गीकरण, वातावरण प्रदूषण र विपत् व्यवस्थापनको सैद्धान्तिक कक्षा हुनेछ। कम्पोस्टिङको भने प्रयोगात्मक एवं प्रदर्शनमा आधारित कक्षा हुनेछ। विद्यालयपरिसरमा धेरै फोहोर उत्पादन हुने ठाउँ, फोहोरका स्रोत, स्रोतमा फोहोर घटाउने आचरण, फोहोर वर्गीकरण, जैविक र अजैविक फोहोर वर्गीकरणको सिद्धान्तका बारेमा बुझाउनु अभिमुखीकरण कार्यक्रमको उद्देश्य हो। महानगरपालिका वातावरण विभागका प्रमुख रविनमान श्रेष्ठका अनुसार चार कार्य दिनभित्र अभिमुखीकरणसँगै जैविक फोहोर व्यवस्थापन गर्ने प्रणाली पनि प्रदान गरिनेछ।

■ गहना खोज्ने जात्रा

काठमाडौंको हाँडीगाउँमा बुधबार आयोजित गहना खोज्ने जात्राका सहभागी। जात्राका क्रममा गहना पोखरीमा दुँडालदेवीको खटलाई पोखरीभित्र तीनपटक परिक्रमा गराइन्छ। खटलाई पोखरीभित्र परिक्रमा गराएर देवीको गहना खोजिने भएकाले यो जात्रालाई गहना खोज्ने जात्रा भनिएको हो। कथनअनुसार छोरी भाटभटेनीले आमा दुँडालदेवीलाई भेट्न जाँदा गोप्य सम्बन्ध रहेका पोडेसँग घुम्न हिँडेकी थिइन्। यसबाट रिसाएकी भाटभटेनी राति नै फर्किएकी थिइन्। यही क्रममा हराएको गहना प्रत्येक वर्ष यसरी नै खोज्ने गरिन्छ। **शब्द/तस्बिर : संजित परियार/नयाँ पत्रिका**

भाखा नाघेको कर्जा बुझाउनेबारे कृषि विकास बैंक लि.को २१ दिने सूचना

यस बैंकको तपसिलका कार्यालयहरूबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिएबमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनुपर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनुपर्ने अन्य रकमसमेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिंदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असुलउपर गरिने व्यहोरासमेत जानकारी गराउँदछौं। साथै तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूलाई बैंकबाट कर्जा लिन मञ्जुरीनामा दिने व्यक्तिहरूलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ।

सम्बन्धित कार्यालयको नाम : शाखा कार्यालय, धुलाबारी झापा।

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	पिता/पतिको नाम	बाजे/ससुराको नाम	उद्देश्य	साँवा रकम	२०८१/०१/०८ सम्मको व्याज तथा अन्य रकम	जम्मा तिर्नु पर्ने रकम	धितो मन्जुरीनामा/जमानत दिने
१.	गणेश प्रसाद आचार्य	मेचिनगर १, झापा	टंकप्रसाद आचार्य	हरि नारायण आचार्य	सरल कृषि कर्जा	१,६००,०००	१२६,७१९	१,७२६,७१९	१.यमुना आचार्य, मेचीनगर ०१ झापा २.मुना कार्की, मेचीनगर ०१ झापा
२.	सन्त कुमार राई	मेचीनगर ०३, झापा	धन ब. राई	गोस ब	सरल कृषि कर्जा	२,०००,०००	१५८,९७५	२,१५८,९७५	१.निकसन राई, मेचीनगर ०३ झापा

कृषि विकास बैंक लि.
प्रदेश कार्यालय बिराटनगर

लागुऔषध कारोबार गर्ने दुई फार्मेसीमा प्रहरीको छापा

काठमाडौं/ प्रहरीले लागुऔषध बिक्री गर्ने काठमाडौंका दुई फार्मेसीमा छापा मारेको छ। लागुऔषध नियन्त्रण ब्युरोबाट खटिएको प्रहरी टोलीले कागेश्वरी मनहरा नगरपालिका- ८ स्थित गोगो फार्मेसी र भक्तपुर मध्यपुरथिमि नगरपालिका-९ बोडेस्थित टिसा फार्मेसीमा छापा मारेको हो। कारोबारमा संलग्न सर्लाही बरहथवा नपा- ९ का २६ वर्षीय निरसकुमार महतो, भक्तपुर मध्यपुरथिमि नपा- ८ बोडेका ३३ वर्षीय राजु सिपाही र सर्लाही मलंगवा नपा-१० का २० वर्षीय सतेन्द्र यादवलाई प्रहरीले पक्राउ गरेको छ। फार्मेसीबाट प्रहरीले नियन्त्रित डिकोलिक, एन्टिकफ, टपेन्डोल, ट्रसिडोल, ट्रामाडोल, पन्डोल, ट्रपिन, ट्रम्निल र अप्टप नामको औषधि बरामद गरेको छ। घटनाको थप अनुसन्धान गर्न उनीहरूलाई ब्युरोले औषधि व्यवस्था विभागमा पेस गरेको छ।

२८ महिनामा एमालेका तीन लाख १० हजार सदस्य घटे

सदस्य घट्नुको कारणबारे महासचिवको प्रतिवेदन मौन, कुल मतदाताको ६ प्रतिशत पार्टी सदस्य बनाएर १० लाख ७८ हजार पुऱ्याउने कार्ययोजना

● **काशीनाथ अधिकारी**
एमाले संगठन विभाग प्रमुख

दशौँ महाधिवेशनमा पार्टी सदस्यको अभिलेख चुस्तदुरुस्त थिएन। नेकपा काल भएकाले विभाजनपछि कतिपय साथी नेकपा एसतिर, कतिपय माओवादीतिर भएकाहरू र निष्क्रिय रहेका सदस्यको समेत संख्या जोडिएकाले वास्तविक अभिलेखविनै महाधिवेशन सम्पन्न गर्नुपर्ने बाध्यता थियो। त्यसैले दशौँ महाधिवेशनपछि नयाँ शिराबाट सदस्यता नवीकरण गर्दै व्यवस्थित अभिलेख राख्ने प्रक्रिया अघि बढायौँ। अहिलेको आँकडा एकदम जीवन्त र योग्यतम सदस्यको हो।

शुरोजंग पाण्डे/नयाँ पत्रिका

२८ महिनाको अन्तरालमा एमालेका करिब तीन लाख १० हजार सदस्य घटेका छन्। ०७८ मंसिरमा चितवनमा सम्पन्न दशौँ महाधिवेशनमा आठ लाख ५६ हजार सदस्य यकिन गरेको एमालेले ८ र ९ वैशाखमा सम्पन्न राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् बैठकमा भने संगठित सदस्य संख्या पाँच लाख ४६ हजार ६ सय ९५ जना रहेको तथ्यांक पेस गरेको छ।

दशौँ महाधिवेशनलगत्तै व्यवस्थित अभिलेखका लागि सदस्यता नवीकरण अभियान चलाएको एमालेले राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् बैठकमा पेस गरेको प्रतिवेदनमा पछिल्लो सदस्य संख्या जानकारी गराएको हो। प्रतिवेदनअनुसार यसबीचमा तीन लाख नौ हजार तीन सय पाँच सदस्य घटेका छन्। दशौँ महाधिवेशनका वेला पार्टी विभाजनका कारण एकीकृत समाजवादी र माओवादीतिर गएका तथा निष्क्रिय रहेकाकोसमेत तथ्यांकलाई आधार मानेर सदस्यता यकिन गरिएकाले अहिले तथ्यांकमा धेरै फरक परेको एमालेको तर्क छ। तर, नेकपा विघटनपछि मात्रै एमालेले दशौँ महाधिवेशन गरेको थियो। दशौँ महाधिवेशनपछि सदस्य संख्या घट्नुका कारणका विषयमा महासचिव शंकर पोखरेलको सांगठनिक प्रतिवेदन भने मौन छ।

'यति वेला नवीकृत र नयाँ गरी पार्टी सदस्य संख्या पाँच लाख ४६ हजार ६ सय ९५ कायम भएको छ। ०८१ का लागि नवीकरणको प्रक्रिया सुरु भएकाले सदस्यता नवीकरण र विस्तार योजनालाई प्रभावकारी बनाउनका लागि विशेष परिपत्र जारी गरिएको छ। सोहीअनुसार अघि बढ्न सक्दा पार्टी सदस्यता व्यवस्थित हुने अपेक्षा गर्न सकिन्छ,' यसरी अहिलेको आँकडा उल्लेख गरेर महासचिव पोखरेलले नवीकरण र विस्तार योजना प्रभावकारी बनाउन परिपत्र जारी गरिएको विषय उल्लेख गरेका छन्।

महासचिवको प्रतिवेदनमा नवीकरण र सदस्यता विस्तारमा समस्या देखिएको विषय उठान गरिए पनि त्यति ठूलो संख्यामा नवीकरण नहुनुको कारण केही खुलाइएको छैन। 'सदस्यता नवीकरण र विस्तारमा कतिपय जिल्लामा समस्या देखिएका छन्। पार्टी सदस्यहरूले नवीकरण शुल्क बुझाइसकेको अवस्थामा पनि नवीकरणको विवरणमा नाम समावेश नभएकाजस्ता कमजोरी देखिएका छन्। कतिपय जिल्ला-पालिकाले नयाँ सदस्यता प्रदान गर्ने कुरामा ध्यान नदिएको पाइएको छ,' प्रतिवेदनमा छ।

स्थायी समिति सदस्य तथा संगठन विभाग प्रमुख काशीनाथ अधिकारीले भने दशौँ महाधिवेशनमा व्यवस्थित अभिलेख नभएकैले संख्या बढी देखिए पनि नवीकरण अभियानपछि अहिले सक्रिय, योग्यतम र गुणस्तरीय कार्यकर्तासहितको सदस्य संख्या यकिन भएको बताए। 'दशौँ महाधिवेशनमा पार्टी सदस्यको अभिलेख चुस्तदुरुस्त थिएन। नेकपा काल भएकाले विभाजनपछि कतिपय साथी नेकपा एसतिर, कतिपय माओवादीतिर भएकाहरू र निष्क्रिय रहेका सदस्यकोसमेत संख्या जोडिएकाले वास्तविक अभिलेखविनै महाधिवेशन सम्पन्न गर्नुपर्ने बाध्यता थियो,' उनले भने, 'त्यसैले दशौँ महाधिवेशनपछि नयाँ शिराबाट सदस्यता नवीकरण गर्दै व्यवस्थित अभिलेख राख्ने प्रक्रिया अघि बढायौँ। अहिलेको आँकडा एकदम जीवन्त र योग्यतम सदस्यको हो।'

अधिकारीका अनुसार ०८१ को पनि नवीकरण सुरु भएको छ। 'एघारौँ महाधिवेशनसम्म कम्तीमा १० लाख सदस्य पुऱ्याउने लक्ष्य निर्धारण गरेका छौँ। तर, गुणस्तरमा कुनै सम्झौता गर्दैनौँ,' उनले भने। एमालेले संगठित सदस्यहरूको विवरणलाई डिजिटलाइज्ड गर्दै अनलाइनबाटै नवीकरण र विस्तार गर्न सकिने गरी व्यवस्थापन गरेको छ। दशौँ महाधिवेशनका आठ लाख ५६ हजारको संख्या र अहिले नवीकृत पाँच लाख ४६ हजार ६ सय ९५ संख्याको आँकडा हेर्दा यसबीचमा एमालेका तीन लाख नौ हजार तीन सय पाँच सदस्यले नवीकरण गरेका छैनन्। त्यसमध्ये एमालेले पार्टी विभाजनपछि करिब २० प्रतिशत हाराहारी सदस्य नेकपा एसतिर लागेको अनुमान गर्दै आएको छ।

दशौँ महाधिवेशनको अव्यवस्थित अभिलेख र एमालेको अनुमानलाई आधार मान्ने हो भने करिब एक लाख ७१ हजार दुई सय सदस्य नेकपा एसतिर लागेका छन्। यसबाहेक एक लाख ३८ हजार एक सय पाँच सदस्यले नवीकरण गरेका छैनन्। यसरी नवीकरण नगर्नेहरूलाई एमालेले निष्क्रिय सदस्यका रूपमा चित्रित गरेको छ। तर, नेकपा एसतिर लागेकामध्ये थुप्रै सदस्य एमालेमा फर्किएको र फर्किने सिलसिला जारी रहेकाले ०८१ को नवीकरण अभियानमा संख्या बढ्दै जाने संगठन विभाग प्रमुख अधिकारीले दाबी गरे।

समग्रमा सदस्य घटे पनि नवीकरणबाट चलायमान, सक्रिय र गुणस्तरयुक्त कार्यकर्तापंक्तिको संख्या यकिन भएको एमालेको भनाइ छ। एमालेले सदस्यता नवीकरण र विस्तार अभियान जारी राख्ने भएको छ। कुल मतदाताको कम्तीमा ६ प्रतिशत पार्टी सदस्य बनाउने कार्ययोजना महाधिवेशन प्रतिनिधि परिषद् बैठकले पारित गरेको छ। 'आगामी कार्ययोजना : बलियो र निर्णायक राष्ट्रिय शक्ति निर्माण' प्रतिवेदनको शीर्षकमा छ, 'पार्टीलाई बलियो राष्ट्रिय शक्तिका रूपमा स्थापित गर्नका लागि जिल्ला र पालिका तहमा कुल मतदाताको ६ प्रतिशत र प्रत्येक वडामा न्यूनतम तीन प्रतिशत पार्टी सदस्यता पुग्ने गरी सदस्यता विस्तार योजना बनाउनुपर्दछ।' अहिले मतदाता संख्या एक करोड ७८ लाख ३८ हजार सात सय ९२ छ।

■ दुई लाख ७७ हजार कमिटीमा सक्रिय

महासचिव पोखरेलको प्रतिवेदनअनुसार पाँच लाख ४६ हजार ६ सय ९५ संगठित सदस्यमध्ये दुई लाख ७७ हजार चार सय संगठित सदस्य केन्द्रीय कमिटीदेखि वडा कमिटीसम्म संगठित छन्। तर, जनवर्गीय संगठनका पदाधिकारी, केन्द्र, प्रदेश र जिल्ला नेतृत्वमा संगठित पार्टी सदस्यबारे भने प्रतिवेदनमा उल्लेख छैन। प्रतिवेदनअनुसार आठ सय ६ जना केन्द्रीय कमिटी, केन्द्रीय आयोग र केन्द्रीय सल्लाहकार परिषद्मा आबद्ध छन्। त्यस्तै, प्रदेश कमिटीमा दुई हजार दुई सय ७०, जिल्ला कमिटीमा आठ हजार आठ सय ५०, पालिका कमिटीमा ५६ हजार सात सय ४१, वडा कमिटीमा दुई लाख नौ हजार ३३ जना संगठित छन्।

कुन प्रदेशमा कति मतदाता ? कति पार्टी सदस्य ?

प्रतिवेदनमा उल्लेख गरिएको तथ्यांकअनुसार अहिले कोशी प्रदेशमा ३३ लाख ९६ हजार आठ सय ६५ मतदाताको २ दशमलव ८१ प्रतिशत अर्थात् ९५ हजार चार सय ८१ जना मात्र पार्टी सदस्य रहेका छन्। त्यस्तै, मधेस प्रदेशमा ३३ लाख ८७ हजार आठ सय आठ मतदाताको २ दशमलव जिरो सात प्रतिशत अर्थात् ७० हजार ७० जना पार्टी सदस्य छन्। बागमती प्रदेशमा ३४ लाख ७१ हजार चार सय ९२ मतदाताको तीन दशमलव १५ प्रतिशत अर्थात् दुई लाख आठ हजार दुई सय ८९ पार्टी सदस्य छन्। गण्डकी प्रदेशमा १८ लाख ६ हजार पाँच सय ८५ मतदाताको तीन दशमलव ५२ प्रतिशत अर्थात् ६३ हजार पाँच सय ७३ जना पार्टी सदस्य छन्। लुम्बिनीमा ३२ लाख ४९ हजार ६ सय ३५ जना मतदाताको २ दशमलव ५५ प्रतिशत अर्थात् दुई लाख ९४ हजार नौ सय ७८ जना पार्टी सदस्य छन्। कर्णालीमा १० लाख आठ हजार चार सय तीन मतदाताको पाँच दशमलव १६ प्रतिशत अर्थात् ६० हजार पाँच सय चारजना पार्टी सदस्य छन्। सुदूरपश्चिम प्रदेशमा १६ लाख ५८ हजार चार मतदाताको तीन दशमलव २३ प्रतिशत अर्थात् ९९ हजार चार सय ८० जना पार्टी सदस्य छन्।

सुनील पौडेल जेल चलान

सम्पत्ति स्थानान्तरणको सम्भावना रहेको भन्दै थुनामै राख्ने आदेश

काठमाडौँ/ गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी भ्रष्टाचार मुद्दामा नेपाल टेलिकमका निलम्बित प्रबन्ध निर्देशक सुनील पौडेललाई विशेष अदालतले थुनामै राखी पुर्पक्ष गर्नुपर्ने आदेश गरेको छ। सम्पत्तिको स्थानान्तरण गर्न सक्ने सम्भावनाका कारण बुधबार विशेष अदालतका सदस्यहरू तेजनारायणसिंह राई, रामबहादुर थापा र रितेन्द्र थापाको इजलासले उनलाई थुनामा पठाएको हो। अदालतको आदेशसँगै पौडेल डिल्लीबजार कारागार चलान भएका छन्।

गत आइतबार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उनीविरुद्ध मुद्दा दायर गरेको थियो, जसको बुधबार थुनछेक आदेश भएको हो। 'यसमा प्रतिवादीले सम्पत्तिको अभौतिकीकरण र स्थानान्तरण गर्न सक्ने सम्भावना रहेका कारण थुनामै राखी पुर्पक्ष गर्नुपर्ने आदेश भएको छ,' विशेषका सूचना अधिकारी यज्ञराज रेग्मीले भने। यो मुद्दामा सुनीलका साथै उनका दाइ अनिल पौडेल पनि प्रतिवादी छन्। पौडेलसँग २३ करोड ७५ लाख अवैध सम्पत्ति रहेको अख्तियारको अभियोग छ। सिंगापुरको बैंकमा समेत लुकाएको सम्पत्ति फेला पारी आयोगले मुद्दा दायर गरेको थियो। उनी १० माघदेखि अख्तियारको हिरासतमा थिए। सुनील नेसनल पेमेन्ट गेटवे खरिद प्रकरणमा पनि दोषी ठहर भइसकेका छन्। तत्कालीन राष्ट्रिय सूचना प्रविधि केन्द्रका कार्यकारी निर्देशक तथा नेपाल टेलिकमका प्रबन्ध निर्देशक हुँदा अवैध सम्पत्ति आर्जन गरेको अख्तियारको अभियोग छ। विशेषले उनीमाथि गत शुक्रबार मात्र भ्रष्टाचारको कसुर कायम गर्दै सजाय निर्धारणको पेसी तोकेको हो। उनीमाथि २५ वैशाखमा सजाय निर्धारण हुनेछ।

१७ सय औषधिजन्य वनस्पतिको 'डाटाबेस' तयार

काठमाडौँ/ आयुर्वेदिक औषधिलाई वैज्ञानिक प्रणालीमा आबद्ध गराई विकास गर्न एक हजार सात सय ७७ वटा औषधिजन्य वनस्पतिको 'डाटाबेस' तयार भएको छ। बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले युवा प्रोत्साहन कोषमार्फत यस्तो डाटाबेस तयार गरेको हो। युवा वैज्ञानिक भुवन गुरुङको नेतृत्वमा फाइटोमेड नेपाल नामक परियोजनाअन्तर्गत यो काम सम्पन्न भएको हो।

नेपालमा जडीबुटीको नामकरण र परम्परागत उपयोगिताको अभिलेखीकरण भए पनि हलासम्म यसको औषधीय गुणको 'डाटाबेस' बन्न सकेको थिएन। तसर्थ, आयुर्वेदीय औषधि प्रणालीलाई वैज्ञानिक र तथ्यपरक ढंगले वैज्ञानिक प्रणालीमा आबद्ध गराई भविष्यमा जडीबुटी वा नेपाली वनस्पतिमा आधारित आयुर्वेदीय औषधि प्रणालीको नवप्रवर्तन र विकास गर्ने सोचले यो काम गरिएको प्रदेश सामाजिक मन्त्रालयका सचिव भीष्मकुमार भुसालले जानकारी दिए। एक हजार सात सय ७७ वनस्पतिको परम्परागत औषधीय उपयोगिता, जैविक रसायनको चरित्र र आयाको संरचनासहित ११ हजार दुई सय ४० वटा सक्रिय जैविक रसायनको 'डाटाबेस' तयार गरिएको गुरुङले जानकारी दिए।

विद्यार्थी अघिअघि, शिक्षक पछिपछि

विद्यार्थी प्रविधिमैत्री तथा शिक्षक पाठ्यक्रममुखी भइरहेको अवस्थामा हाम्रो शिक्षा 'डिजिटलाइज' हुन निकै ढिलो भइसक्यो

● डा. विद्यानाथ कोइराला

अग्रलेख

हिजोदेखि आजसम्म आइपुग्दा विद्यार्थीको पठनशैली परिवर्तन भएको हामीले बुझ्नै सकेनौँ। हिजोको चिन्तनले आज पुग्दैन। हिजो 'क्लास'लाई पढाउनेले आज 'मास'लाई पढाउनुपर्छ। तर, पठनपाठनको तरिका उस्तै छ। शिक्षकमा 'मोटिभेसन'को कमी हुँदा विद्यार्थीले ज्ञान कम पाए। हामीले सीपको प्रमाणपत्र दिन सकेनौँ। पढाइको प्रमाणपत्रसँगै विद्यार्थीले जानेको सीपबारे पनि उल्लेख गरिदिन सके सहज हुने थियो। प्रमाणपत्र एकातिर मात्रै हुनुपर्छ भन्ने छैन। दुईतिरै लेखौँ न। जानेको सीप यो छ भनेर पछाडिपट्टि लेखिदिँदा केही बिग्रन्न। तर, यो हिम्मत पनि हामीमा भएन।

हिजो हाम्रो शिक्षा वर्गीय थियो। राजकुलमा राजनीति पढ्ने, गुरुकुलमा ब्रह्मविद्या, आर्षकुलमा इतिहासविज्ञ बन्ने प्रणाली प्राचीन समयदेखि रहिआयो। त्यहाँ जान नसक्नेलाई पुराणबाट कथावाचन गरिदिने, कृषि र स्वास्थ्यका कुरा तल्लाघर-माथ्लाघरमा आदानप्रदान हुन्थ्यो। त्यसैले हामीमध्ये थोरैले पढ्यौँ, धेरैले सुन्यौँ। हाम्रो समाजमा ज्ञान बाँड्ने संस्कार बस्यो। उदाहरणका लागि, एउटा बिरामीले कुनै औषधि लिइरहेको छ भने उस्तै रोग लागेको अर्को बिरामी आउँदा उसले औषधि खाएपछि देखिएको सुधार, सकारात्मक-नकारात्मक सबै प्रभावबारे बुझाउन थाल्छ। अमेरिकी र युरोपेलीहरू यसरी अर्काको विषयमा हत्तपत्त बोल्दैनन्।

राजनीति, अर्थनीतिजस्ता हरेक विषय हाम्रोमा 'सेयर' हुन्छ। यो हाम्रो ताकत हो। आजको दिनमा 'सेयरिङ' कलालाई प्रवर्द्धन गर्न जरुरी छ, तर समयअनुसार परिमार्जित रूपमा उपयोग गर्न हामीले सकेनौँ। हिजो एउटा ज्ञानको विज्ञ, अर्को लडाइँको विज्ञ, अर्को सेवाको विज्ञ, अर्को उत्पादनको विज्ञ भन्ने थियो। आज हरेक मानिसले विविध क्षेत्रमा विज्ञता हासिल गर्नुपर्ने परिस्थिति छ। त्यसकारण पढाइ र गराइबीच अन्तर कम गराएर लैजान आवश्यक छ।

गुजारामुखी अवस्थाबाट हामी बजारमुखी भएका छौँ। तर, हाम्रो शैक्षिक प्रणाली यी परिवर्तनलाई आत्मसात् गरेर अघि बढेको छैन। हाम्रा प्राज्ञहरूले डाक्टर, इन्जिनियर उत्पादन गर्नसके मात्रै आफूलाई अब्बल ठान्ने अवस्था छ। सिकर्मी, डकर्मी, कुकलगायत व्यावसायिक जनशक्ति उत्पादन गरेकामा गर्व गर्न सक्ने हिम्मत उनीहरूसँग भएन।

हाम्रो पाठ्यक्रमले सबैलाई समेट्न सकेन। कसैले भन्ला, मलाई दिनभर बसेर पढ्न मन छैन वा म रोजगारीमा व्यस्त छु। मलाई दिनको एक घन्टा पढ्ने स्कुल चाहियो। तर, यस्तो व्यवस्था हाम्रोमा छैन। पश्चिमा शिक्षामा त्यो रहेछ, त्यहाँ प्रशस्तै 'पार्टटाइम कोर्स' छन्। विद्यार्थी घरमै बसेर पढ्न खोज्छ। हामीले अनलाइन कोर्स दिन सकेका छैनौँ। अहिले खुला विश्वविद्यालयले अनलाइन कोर्स गरिरहेका छन्। त्यसमा पनि केहीले अनलाइन कोर्सको 'भ्यालडिटी' हुँदैन भनिरहेका छन्। यो कसको र कहिलेको बुद्धि हो। यसमा पनि हामी चुकिरहेका छौँ।

अहिलेको युवाले खोजेको रोजगारी हो। त्यसका लागि प्रमाणपत्र मात्रै भएर हुँदैन, सीप पनि चाहिन्छ। कागज मात्रै बोकेर हुँदैन। शिक्षाले आशा जगाउन सक्नुपर्‍यो। सम्भावना देखाउनुपर्‍यो। विदेशमा विश्वविद्यालय र क्याम्पसले रोजगारीको सम्भावना देखाइदिन्छन्, अवसर दिन्छन्। हाम्रा क्याम्पसले रोजगारीको भाषा जानेनन्। सम्भावना र आशा दुवै जगाएनन्। हामीसँग मकैको खोस्टा जताततै छ। खोस्टाबाट ब्याग बन्छ भन्ने बुद्धि हामीले विद्यार्थीको मस्तिष्कमा हालेनौँ। मकैको ढोडभित्रको गुदीबाट गज्जबको माला बन्दो रहेछ। गाईवस्तुले खाएर बाँकी रहेको ढोडलाई मालामा उपयोग गर्न सके रोजगारी मिल्थ्यो। बजार पनि खोज्न सकिन्थ्यो। तर, हामीले यस्तो सीप सिकाउनै जानेनौँ।

राजनीतिक गल्ती : विश्वविद्यालय र शैक्षिक प्रतिष्ठानमा राजनीतिक नियुक्ति दिइयो। त्यहाँ विज्ञलाई उपेक्षा गरेर नातेदार र कार्यकर्तालाई भर्ती गरियो। यो राजनीतिज्ञले गरेको अपराध हो। ठूलो संख्याका शिक्षक विभिन्न दलसँग आबद्ध भएकाले शिक्षा क्षेत्रमा सुधार ल्याउन पार्टीबीच सहकार्य र समन्वय जरुरी छ। सबै पार्टीले पनि आफ्नो घोषणापत्रमा शैक्षिक नीतिबारे उल्लेख गरेका छन्। त्यसैलाई व्यवहारमा लागू गर्न सकिएको भए हुने थियो। आखिर शब्द फरक भए पनि सबै पार्टीको आशय योग्य विद्यार्थी उत्पादन गर्नौँ भन्ने नै हो। तर, व्यवहारमा लागू भएन। व्यवहार नियन्त्रित र संरक्षणवादी देखियो। अब्बल-कमजोर शिक्षक र शैक्षिक संस्थानलाई एउटै डालोमा राखेर हेरियो। स्वस्थ प्रतिस्पर्धा विकास गर्न सकिएन।

कुनै विद्यालयमा कांग्रेसले भन्दै आएको समाजवादी शिक्षा, कतै एमालेले भनेको जनमुखी शिक्षा तथा कतै माओवादीले भनेको जनवादी शिक्षा लागू गरौँ। ती विद्यालयबीच स्वस्थ प्रतिस्पर्धा गरौँ र एक-अर्कासँग सिक्ने गरी आपसी समन्वय गरौँ। राम्रोलाई राम्रो भनौँ, प्रोत्साहन दिऔँ। नराम्रो भए सुधारको प्रयत्न गरौँ। वा, सबै पार्टीका नेता बसेर कस्तो शिक्षा नीति लागू गर्ने भनेर सल्लाह गरौँ, राम्रा विषयलाई समेटेर अघि बढाऔँ भन्नेतर्फ दलहरूले सोच्दै सोचेनन्।

शिक्षकले राम्रो गरेर पुरस्कृत भइन्छ भन्ने होइन, दलको टीको पायो भने पुरस्कृत भइन्छ भन्ने बुझ्यो। नियमन गर्ने व्यवस्थापन समितिमा पनि दलकै मान्छे भयो। अभिभावक या निरीह भयो या त विकल्प पायो। निरीह बोल्नै नसक्ने भयो। विकल्प पाउनेले अर्को स्कुलमा, नभए निजीमा पढाउँछु भन्यो। प्रत्येक पालिकाले रोस्टर बनाएर गाउँपालिकामा कति शिक्षक छन् ? कुन विषयका को-को विज्ञ छन् ? अवकाश प्राप्त शिक्षक कति छन् भनेर जानकारी राख्ने र त्यहीअनुसार उनीहरूलाई उपयोग गर्ने योजना बनाउन सके पनि राम्रो हुने थियो। यसतर्फ पनि सोचिएन।

प्राज्ञिक गल्ती : प्राज्ञिक व्यक्तिबाट पनि गल्ती भएका छन्। हामी पाठ्यक्रम काम लागेन, प्रणाली काम लागेन भन्छौँ। आफू काम लागेन किन भन्दैनौँ ? विद्यार्थी बाहिर गयो भनेर कोकोहोलो गर्छौँ। तर, उनीहरूले सिकेको ज्ञान र सीपलाई उपयोग गर्न हामी चुकेका छौँ। सीपयुक्त जनशक्ति विदेश जानु नराम्रो होइन। उनीहरूबाट देशमा लगानी, सीप र ज्ञान सबै फिर्ता हुन सक्छ। बाहिर गएर फर्किएका मानिसले कृषिमा गरेका काम हेर्नुस्। उनीहरूले व्यावसायिक रूपमा निकै उन्नति गरेका छन्। तर, हामी खराब उदाहरणलाई मात्रै पेस गरेर 'ब्रेन ड्रेन'को कुरा गरिरहेका छौँ। यो सन् १९६०-७० को दशकको चिन्तन भयो। अहिले त 'ब्रेन रिगेन'को समय आयो।

अमेरिकामा गएको एउटा युवासँग हामीले त्यहाँको अर्थतन्त्र कसरी चल्दो रहेछ, यसबारे एउटा सेसन मेरो स्कुलमा लिंक गरिदेऊ भन्न सकेनौँ। अनलाइनमार्फत उनीहरूलाई लिंक गरेर सेसन चलाउँदा पनि एउटा ज्ञान आउँछ। राज्यले राम्रो नीति बनाउने हो भने उनीहरूलाई पैसा ल्याऊ, हामी विद्युत्मा लगानी गर्छौँ, हिमाली बेल्टमा केबुल कार बनाउन लगानी गर्छौँ, पहाडी बेल्टमा फुटसल बनाउँछौँ, मधेश सिँगार्छौँ लगायत विभिन्न परियोजना पेस गर्न सकिन्छ। यी परियोजना सफल गराएबापत २० प्रतिशत ब्याज दिन्छौँ भन्यो भने उनीहरू पनि लगानी गर्न तयार होलान्। तर, त्यो गर्ने बुद्धि हाम्रो नेतृत्वसँग कहिल्यै भएन।

> चीन, भारत, जापान, क्युबा, साउदी अरेबियालगायत देशका विज्ञले 'ब्रेन रिगेन'बारे बहस गरिरहेका वेला हामी भने 'ब्रेन ड्रेन'को उही थोत्रो बहसमै अल्झिइरहेका छौँ

बिदेसिएको श्रम, ज्ञान र सीप केही पनि हामीले उपयोगमा ल्याउन सकेनौँ। अहिले बा-आमा, छोराछोरी र देश सम्झेर बिदेसिएको जनशक्तिले भावनात्मक लगानी गरिरहेको मात्रै हो। देशमा राम्रो वातारण हुने हो भने उनीहरूले अझै धेरै गर्न सक्छन्। त्यो वातावरण हामीले बनाउन सकेनौँ।

चीन, भारत, जापान, क्युवा, साउदी अरेबियालगायत देशका विज्ञले 'ब्रेन रिगेन'बारे बहस गरिरहेका वेला हामी 'ब्रेन ड्रेन'को थोत्रो बहसमै अल्झिरहेका छौँ। उनीहरूले सरकारी लगानीमै युवा र विद्यार्थीलाई विदेश पठाइरहेका छन्। त्यसपछि त्यहाँबाट उनीहरूले सिकेर ल्याएको श्रम, सीप र ज्ञानलाई उपयोग गरिरहेका छन्। हाम्रोमा न त देशमा रोजगारी दिन सकेका छौँ, न बिदेसिएकाहरूको लगानी र श्रमलाई नै उपयोगमा ल्याउन सकेका छौँ। उपयुक्त कोर्स पनि नदिने, ब्रेन रिगेनको डिजाइन पनि नगर्ने, युवालाई आशावादी पनि नबनाउने। हामी यस्तो चंगुलमा फसिरहेका छौँ।

तालिम केन्द्रले मात्र पुग्दैन : जिरीस्थित टेक्निकल स्कुलको बिजोग छ। अछामको एक नगरपालिकाको नमुना प्राविधिक विद्यालयमा विद्यार्थी छैनन्। विद्यार्थी नहुनुको कारण त्यहाँ पढाइ हुने विषय विद्यार्थीले युट्युबबाटै सिक्नु हो। युट्युबबाटै छोटो समयमा सिक्न सकिने कोर्सका लागि उनीहरू किन विद्यालय धाऊन् त ? प्रविधिले उच्च छलाङ मारिसकेको अहिलेको समयमा तालिम केन्द्र खोलेर मात्रै पुग्दैन। हामीले व्यावसायिक शिक्षा चाहिन्छ भन्यौँ, तर विद्यार्थीले तेरो क्लासमा जान्नँ, मोबाइलबाटै सिक्छु भनिदियो।

हाम्रोमा शिक्षक र विद्यार्थीबीच ठूलो खाडल रह्यो। भर्खरै रुकुम पश्चिमको एक नगरपालिकामा मैले शिक्षकलाई सोधेँ- बत्तीमुनि उज्यालो हुन्छ कि अँध्यारो ? उनीहरूमध्ये अधिकांशले अँध्यारो भने। यही प्रश्न विद्यार्थीलाई सोध्दा उज्यालो भने। पुराना शिक्षकको जमानमा टुकी हुन्थ्यो, त्यसमुनि अँध्यारो हुन्थ्यो। अहिले बिजुली बत्ती छ, जसको तल उज्यालो हुन्छ। यस्तै ग्याप हाम्रा शिक्षक र विद्यार्थीबीच छ। त्यो ग्याप पूरा गर्न सक्ने अवस्था हाम्रा शिक्षकमा रहेन। उनीहरूले चाहेर मात्रै पनि भएन। नेतृत्वले पनि पर्याप्त ध्यान नै दिएन। शिक्षक छैन भनौँ भने पालिका-पालिकाले शिक्षक नियुक्त गरिरहेका छन्।

शिक्षकले सूचनाको विश्लेषण गर्न सके मात्रै पनि विद्यार्थीमा ज्ञानको रुचि बढ्छ। तिम्रो जीवन कहाँनेर पाठ्यपुस्तकसित जोडिएको छ, भोलि जिउने जीवन कहाँ छ भनेर शिक्षकले बुझाउन सक्नुपर्छ। तर, हाम्रो प्रणालीले त्यो गर्न सकेन। हामी उधारो कुरा गर्ने भएछौँ। विद्यार्थी तत्काल नगद खोज्ने भइसके। आजै पढ, आजै कमाऊ भन्न हामीले सकेनौँ। विद्यालय व्यवस्थापन समितिले शिक्षकलाई नियन्त्रण मात्रै गर्न खोज्यो। हाजिरमा धर्का लगाउने, नियमन गर्ने काममा जोड दियो। तर, उनीहरूलाई कसरी मोटिभेट गर्न सकिन्छ भन्नेबारे सोचेन। शिक्षकलाई अद्यावधिक गर्नुपर्नेतर्फ कसैको ध्यान गएन।

अहिले विद्यार्थी प्रविधिमैत्री, शिक्षक पाठ्यक्रममुखी छन्। हाम्रो शिक्षा डिजिटलाइज हुन ढिला भयो। सरकारले कुनै पोर्टल बनाएर राम्रा शिक्षकले गरेका उदाहरणीय कामलाई देखाइदिने हो भने अन्य शिक्षकले आफैँ त्यसबाट सिक्नेछन्। स्मार्टफोनको अहिलेको जमानामा उनीहरूको मोबाइलमा राम्रा अभ्यासको भिडियो मात्रै पठाइदिने हो भने पनि उनीहरूले सोच्न थाल्नेछन्। किनकि, शिक्षक बुद्धिजीवी हो। ऊसँग सोच्ने चेत हुन्छ, लगाम लगाउनुपर्ने घोडा होइन। तपाईंले कति वर्ष पढाउनुभयो ? विद्यार्थीमा परिवर्तन देखिएको छ वा उस्तै छन् भनेर प्रश्न मात्रै गरियो भने पनि उनीहरूले सोच्न थाल्नेछन्। हाम्रो चिन्तन र प्रयास त्यसतर्फ भएन। फलस्वरूपः शिक्षकहरू विद्यार्थीभन्दा कमजोर देखिए। अर्कोतर्फ उनीहरूलाई सेवा-सुविधाको कमी भयो। अवकाशपछि पनि उनीहरूको विज्ञतालाई उपयोगमा ल्याउन सकिन्थ्यो, तर सकेनौँ। यिनै कमी-कमजोरीले गर्दा हाम्रो शिक्षा पछि परिरहेको छ। तर, यो यथार्थलाई स्विकारेर यसलाई माथि उठाउनेबारे हाम्रो नेतृत्वले कहिल्यै सोचेन। यो नै अहिलेसम्मको गम्भीर चिन्ताको विषय हो।

---

३ प्रश्न

पुरातत्त्व विभागका प्रवक्ता **रामबहादुर कुँवर**लाई

सम्पदा पुनर्निर्माणमा किन ढिलाइ भइरहेको छ ?

सम्पदा पुनर्निर्माणमा ढिलाइ भइरहेको छैन, बरु छिटोचाहिँ भइरहेको छ। ०७२ को विनाशकारी भूकम्पका कारण हाम्रा ९२० सम्पदा क्षतिग्रस्त भएका थिए। नौ वर्षमा झन्डै सात सय ७० भन्दा बढी सम्पदाको पुनर्निर्माण सम्पन्न भइसकेको छ। यो सानो उपलब्धि होइन। अहिले नै पनि कतिपय सम्पदा निर्माणाधीन अवस्थामै छन्। त्यसैले, सम्पदा पुनर्निर्माण सुस्त होइन, द्रुत गतिमै अघि बढिरहेको छ। एउटा सामान्य घर निर्माण गर्न त एक-दुई वर्ष लाग्छ भने सम्पदा पुनर्निर्माण गर्दा धेरै पक्षमा ध्यान पुऱ्याउनुपर्ने र सानो गल्ती भएमा समाजदेखि सबैतिरबाट त्यसलाई नस्विकारिने भएकाले यसमा समय लाग्नु स्वाभाविक हो।

सम्पदा पुनर्निर्माणका क्रममा के-कस्ता चुनौती देखिए ?

सम्पदा पुनर्निर्माणको काम आफैँमा निकै चुनौतीपूर्ण नै हुन्छ। यसको व्यवस्थापनदेखि 'डकुमेन्टेसन'का काममा सूक्ष्म ध्यान पुऱ्याउनुपर्छ। धार्मिक, सांस्कृतिक पक्षमा ध्यान दिनुपर्छ। यसमा प्रयोग भएका कला, वास्तुकला दुरुस्त हुनुपर्छ। गुणस्तरीय काठ प्राप्त गर्न र सम्पदाका झ्याल, ढोका, स्तम्भ, टुँडाल आदिमा प्रयोग भएका बुट्टा, मूर्ति आदि तयार गर्न पनि लामै समय लाग्छ। गारोमा प्रयोग हुने इँटा तयार गर्न पनि समय लाग्छ।

अब कहिलेसम्ममा सम्पदा पुनर्निर्माणले पूर्णता पाइसक्ला ?

क्षतिग्रस्त नौ सय २० मध्ये सात सय ७० भन्दा बढीको पुनर्निर्माण सम्पन्न भइसकेको छ। बाँकीमध्ये पनि कतिपयको काम अन्तिम चरणमा पुगेको छ। त्यसैले, अबका दुई-तीन वर्षभित्र यसले पूर्णता पाइसक्छ। क्षतिग्रस्त दुई सय १५ गुम्बाको काम सक्न भने अलि बढी समय लाग्न सक्छ।

प्रेरक प्रसंग

नर्तकीलाई स्वर्ग

कुनै एउटा सहरमा एकजना साधु बस्थे। उनी दिनभर आश्रममा आएका भक्तजनलाई उपदेश दिने गर्थे। सोही सहरमा एक नर्तकी पनि बस्थिन्। उनी मानिसका अगाडि नाचेर उनीहरूलाई खुसी पार्ने काम गर्थिन्।

एक दिन अचानक सहरनजिकको नदीमा भीषण बाढी आयो। बाढीमा परेर धेरैले ज्यान गुमाए। साधु र नर्तकीको पनि मृत्यु भयो। मृत्युपछि दुवै एकसाथ यमलोक पुगे। त्यहाँ उनीहरूको कर्म र त्यसका पछाडि लुकेको भावनाका आधारमा उनीहरूलाई स्वर्ग या नर्क पठाइने घोषणा गरियो। साधु आफूले स्वर्ग जान पाउनेमा विश्वस्त थिए। नर्तकीको मनमा भने यस्तो कुनै भावना थिएन। उनी केवल घोषणाको प्रतीक्षा गरिरहेकी थिइन्।

एकैछिनमा साधुलाई नर्क र नर्तकीलाई स्वर्ग पठाउने घोषणा भयो। घोषणा सुन्नासाथ साधुले रिसाउँदै यमराजसित प्रश्न गरे- यो कस्तो न्याय हो महाराज ? मैले जीवनभर मानिसहरूलाई असल कर्मका लागि उपदेश दिइरहँ तैपनि मलाई नर्क पठाइँदै छ। तर, यस नर्तकीले जीवनभर मानिसलाई खुसी पार्न उनीहरूका अगाडि नाचिरही। उसलाई चाहिँ स्वर्ग पठाइँदै छ। यस्तो अन्याय किन ? यमराजले शान्त भावमा उत्तर दिए- हे साधु, यी नर्तकी आफ्नो पेट भर्नका लागि नाच्थिन्, तर नाच्दा जहिल्यै उनको मनमा आफूले आफ्नो कला ईश्वरलाई समर्पित गरिरहेको भाव हुने गर्थ्यो। जब कि तिमी उपदेश दिँदै गर्दा पनि यही सोच्ने गर्थ्यौ, मैले पनि ती नर्तकीको नाच हेर्न पाए हुन्थ्यो नि !

यमराजले अगाडि भने- हे साधु, तिमीले मानिसको कर्मभन्दा पनि कर्म गर्नुको पछाडि लुकेको भावनाको बढ्ता महत्त्व हुन्छ भन्ने ईश्वरको सन्देशलाई जीवनमा बुझ्ने प्रयत्न नै गरेनौ जस्तो छ। त्यसैले तिमीलाई नर्क र यी नर्तकीलाई स्वर्ग दिनु बिल्कुलै न्यायसंगत छ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

ओली प्रतिवेदनको तरंग

एमाले अध्यक्ष केपी शर्मा ओलीले गत शनिबार आफ्नो पार्टी फोरममा प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनले राजनीतिक वृत्तमा ठूलै तरंग पैदा गरेको छ। त्यो तरंग पार्टीभित्रै मात्र सीमित रहन्छ कि त्यसले सरकारको भविष्यमै उथलपुथल ल्याउँछ ? त्यो हेर्न भने केही दिन कुर्नैपर्छ। तैपनि, ओलीको प्रतिवेदन र उनलाई काउन्टर दिन एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालले दिएको वक्तव्यबाजी हेर्दा अहिलेको गठबन्धन एक सय दिन पनि नटिक्ने हो कि जस्तो देखिन्छ। नेपाल र ओलीको तुस बढ्दै गएमा धेरैजसो प्रदेश सरकार भत्किने र त्यसले केन्द्रको सरकारलाई पनि प्रत्यक्ष असर पुऱ्याउने निश्चित छ।

● **गोपाल देवकोटा**, गोकर्णेश्वर-८, जोरपाटी
gopaldevkota@gmail.com

सम्पदा पुनर्निर्माण छिटो गर

विनाशकारी भूकम्प गएको आठ वर्ष बितिसक्दा पनि देशभर ध्वस्त भएका ३४९ सम्पदा पुनर्निर्माण पर्खिरहेका रहेछन्। तर, राज्यको ध्यान ती सम्पदा पुनर्निर्माणतिर गएकै देखिन्न। यस्तो अवस्था देखिनु साँच्चै दुःखको विषय हो। देशको इतिहास, धर्म, संस्कृति र समाज चिनाउने त्यस्ता सम्पदाहरूको पुनर्निर्माण समयमै हुन नसक्दा नयाँ पुस्ताले ती सम्पदा देख्नसम्म नपाउने अवस्था सिर्जना भएको छ। त्यसैले, यस्ता अमूल्य सम्पदा पुनर्निर्माणबारे राज्यको ध्यान अविलम्ब जाओस्।

● **अमृता मगर**
सिनामंगल, काठमाडौं

विस्थापितका घर किन बनेनन् ?

१२ वैशाख २०७२ मा गएको विनाशकारी भूकम्पबाट भत्केका सर्वसाधारणका ९२ हजार घर अझै बन्न नसकेका समाचार पढ्दा दुःख लाग्यो। भूकम्प गएको आठ वर्षसम्म पनि पीडितका घर बन्न नसक्नु पक्कै पनि दुःखकै विषय हो। विस्थापितका घर पुनर्निर्माणका नाममा राज्यले पौने चार खर्ब खर्चिसकेको भए पनि अझै ९२ हजारका घर किन बनेनन् ? के ती पीडित राज्यको दायित्वभित्र पर्दैनन् हो ? नत्र तिनका घर किन बनेनन् त ?

● **गौरव पाखिन**
इमाडोल, ललितपुर

गृहमन्त्रीको अपरिपक्व टिप्पणी

नेपालीमा चर्चित उखान छ, 'एउटा मात्र अवगुणले पनि सयौँ गुणलाई ओझेलमा पार्न सक्छ।' अहिले सहकारीको रकम अपचलनसम्बन्धी बहुचर्चित विषयमा वर्तमान गृहमन्त्रीको समेत नाम जोडिएको सन्दर्भमा सहकारीका वचतकर्ताको हिनामिना भएको रकम राज्यकोषबाट शोधभर्ना दिने भनी उनले दिएको एउटा स्पष्टीकरणले निकै चर्चा पाएको छ। यस्तो अव्यावहारिक र असान्दर्भिक कुराले गृहमन्त्रीका रूपमा उनले सम्पादन गरेका केही राम्रा कामलाई समेत ओझेलमा पार्ने निश्चित छ। किनभने एकातिर सहकारीका सदस्यले आफ्नो गाँस काटेर जम्मा गरेको रकम संस्थाका केही टाठाबाठा सञ्चालक, पदाधिकारी र सदस्यले समेत आफ्नो व्यक्तिगत हित तथा निजी व्यवसाय प्रवर्द्धनका लागि अपचलन गरेको देखिन्छ। यस्तो अवस्थामा फेरि जनताले आफ्नो पसिना काढेर आर्जेको रकममा कट्टा गरेर बुझाएको राज्यकोषमा जम्मा भएको कर रकमबाटै हिनामिना गरिएको रकम शोधभर्ना गर्दै जाने हो भने रकम अपचलन गर्नेको मनोबल झनै वृद्धि भई दण्डहीनताले प्रश्रय पाउने निश्चित छ। त्यसैले, राज्यको जिम्मेवार एवं उच्च पदमा आसीन व्यक्तित्वले विवेक पुऱ्याएर बोल्दा सम्बन्धित व्यक्तिको लोकप्रियतामा ह्रास आउने थिएन कि ?

● **माधव पुडासैनी**, जोरपाटी, काठमाडौं
mpudasaini71@gmail.com

सकसमा उपभोक्ता, संकटमा अधिकार

सरकारी अनुगमनले मूल्य, गुणस्तर र नापतौलमा नेपाली उपभोक्ता दिनरातै ठगिइरहेको विषयलाई सम्बोधन गर्न सकेको छैन

● माधव तिमिल्सिना

नेपालको संविधान, २०७२ को धारा ४४ मा उपभोक्ताको मौलिक हकसम्बन्धी व्यवस्था गरिएको छ। गुणस्तरीय वस्तु र सेवाको उपभोग गर्ने र त्यसबाट कुनै प्रकारको क्षति भएमा क्षतिपूर्ति प्राप्त गर्ने व्यवस्था छ। तर, मौलिक हक कार्यान्वयनका लागि राज्यस्तरबाट जे-जे गर्नुपर्ने हो, त्यस कार्यका लागि भने सरकारी निकाय लगभग मौन छ। सरकारले संविधानको व्यवस्थाबमोजिम उपभोक्ता संरक्षण ऐन २०७५ जारी गर्नुबाहेक अन्य कार्यको सुरुवातसम्म पनि गर्न सकेको छैन। वस्तु र सेवा क्षेत्रमा ढुक्क भएर आमउपभोक्ताले उपभोग गर्ने वातावरण सिर्जना गर्नुपर्ने राज्यको प्रमुख दायित्व भए पनि उपभोक्ताले बजारमा उपलब्ध वस्तु तथा सेवाको निर्धक्क उपभोग गर्ने वातावरण सिर्जना हुन सकेको छैन। राज्यको प्रमुख प्राथमिकतामा उपभोक्ता अधिकार पर्न नसक्नु विडम्बना हो।

आमउपभोक्ता अखाद्य, गुणस्तरहीन सामग्रीको उपभोग गर्न बाध्य छन्। देशको स्वास्थ्य र शिक्षा क्षेत्र नागरिकमैत्री छैन। सञ्चार, यातायात, विद्युत्, खानेपानी, ढल निकास, सडक आदि क्षेत्रको दुरवस्था कहालीलाग्दो छ। आमउपभोक्तासित प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा जोडिने कुनै पनि क्षेत्रमा सन्तोषजनक काम हुन सकेको छैन। अनुगमन र नियमन पनि सीमित क्षेत्रहरू दाल, चामल, तेल, गेडागुडीलगायत खाद्यान्नमा मात्र सतही हिसाबले हुने गरेका छन्। सरकारी अनुगमनले मूल्य, गुणस्तर र नापतौलमा नेपाली उपभोक्ता दिनरातै ठगिइरहेको विषयलाई सम्बोधन गर्न सकेको छैन। मूल्य नियमन गर्ने दह्रिलो संयन्त्र रहेको छैन भने गुणस्तर मापनका लागि खडा गरिएका विभागमा समयानुकूल जनशक्ति थप नहुनु, आवश्यक स्रोत-साधनको व्यवस्था नहुनु, आत्याधुनिक प्रविधिमार्फत परीक्षण नहुनु, सहज र सरलीकृत प्रयोगशालाको अभाव हुनु तथा भएका केही प्रयोगशाला परीक्षणमा नागरिकको सहज पहुँच नहुनु जस्ता विकराल समस्या यथावत् छन्। संघ, प्रदेश र स्थानीय तहमा रहेका स्वच्छ बजार कायम गर्ने नियमनकारी निकायबीच आपसी समन्वय र सहकार्य हुन सकेको छैन। नागरिकको जिउज्यान स्वास्थ्यसँग जोडिएका गम्भीर विषय प्राथमिकतामा परेकै छैनन्।

> संघ, प्रदेश र स्थानीय तहमा रहेका स्वच्छ बजार कायम गर्ने नियमनकारी निकायबीच आपसी समन्वय र सहकार्य हुन सकेको छैन। नागरिकको जिउज्यान र स्वास्थ्यसँग जोडिएका गम्भीर विषय प्राथमिकतामा परेकै छैनन्।

अबोध बालक, वृद्धवृद्धा र अशक्त नागरिकले बढी मात्रामा प्रयोग गर्नुपर्ने दूध, पानी, तरकारी, फलफूल, माछामासुलगायत वस्तुको 'प्योकजिङ' गर्नुपर्ने व्यवस्था भए पनि यस्ता वस्तुको गुणस्तरबारे आमउपभोक्तामा रहेको शंका निवारण गर्न राज्य पूर्ण रूपमा चुकेको छ। विश्वव्यापी स्वच्छ र प्रतिस्पर्धी बजारको मान्यताविपरीत भइरहेको क्रियाकलाप नियन्त्रण गर्न विभिन्न मापदण्ड, नीति-नियम, ऐन, कानुनको समयसापेक्ष परिवर्तन गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने भए पनि सरकारमा तदरुकता देखिएको छैन।

बजारमा विधिको शासन स्थापित गरी वस्तु तथा सेवाको मूल्य र गुणस्तरबारे व्यावसायिक सचेतना र उपभोक्ता शिक्षा प्रदान गर्न सरकारी निकायले जुन हिसाबले जिम्मेवारी बोध गर्नुपर्ने हो, त्यसो हुन सकेको छैन। बजारको मागअनुसार आपूर्ति गर्न स्वदेशी उत्पादन र आयातको विवरण झल्कने वैज्ञानिक अभिलेख राख्न सकिएको छैन। संविधानमा व्यवस्था गरिएको मौलिक हकको सफल कार्यान्वयन गर्ने हो भने बजार अनुगमन, नियमन, अध्ययन र सहज आपूर्ति व्यवस्था गरिनुका साथै अन्तर्राष्ट्रिय मूल्य-मान्यता आत्मसात् गर्ने नीति कार्यान्वयन हुनुपर्छ। त्यस्तै मूल्य नियमन, विश्लेषण र निर्धारण गर्ने, नमुना संकलन र परीक्षण गर्ने व्यवस्था कडाइसाथ पालना हुनुपर्छ। उपभोक्ता संरक्षण ऐन, २०७५ पुनर्लेखन गरी वस्तु सेवा क्षेत्रमा छरिएका कानुनको छाता कानुन निर्माण गर्न आवश्यक छ। दण्ड र पुरस्कार दुवैलाई राज्यले सँगसँगै लैजान सक्नुपर्छ। नेपालमा मात्र बिक्री गर्ने भनी आयात गरिएका तर स्पष्टसँग लेबल नखुलेका खाद्यवस्तुलाई सरकारले पूर्ण रूपमा आयात प्रतिबन्ध गर्नुपर्छ। उपभोक्ताको मौलिक हक संरक्षण गर्न गुनासो सुनुवाइ र व्यवस्थापन गर्ने गरी सरकारले शक्तिशाली उपभोक्ता आयोग गठन गरे मात्र सकसमा परेका उपभोक्तामाथि न्याय भई अधिकारको संरक्षणसमेत हुनेछ।

(तिमिल्सिना उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष हुन्)

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

अमेरिकाको दुवै सदनबाट पारित भयो ६१ अर्ब डलरको युक्रेन सहायता प्याकेज

शनिबार अमेरिकी संसद्को तल्लो सदन 'हाउस अफ रिप्रिजेन्टिभ'ले पारित गरेको युक्रेनका लागि ६१ अर्ब अमेरिकी डलरको सहायताको प्याकेजलाई माथिल्लो सदन सिनेटले पनि अनुमोदन गरेको छ। यस विशाल आर्थिक सहायता प्याकजले युक्रेनलाई रुसविरुद्ध जारी युद्धमा महत्त्वपूर्ण सहयोग गर्ने विश्लेषण गरिँदै छ। त्यो कसरी सम्भव हुनेछ भन्नेबारे यहाँ चर्चा गरिएको छ।

रुसले युक्रेनमा आक्रमण सुरु गरेपछि युक्रेनलाई सबैभन्दा ठूलो आर्थिक सहयोग अमेरिकाले गरिरहेको छ। रुसको आक्रमणपछि युक्रेनले पाएको सबै प्रकारको सहयोगको तथ्यांक राख्दै आएको जर्मन अुसन्धान संस्था 'किइल इन्स्टिच्युट फर द वर्ल्ड इकोनोमी'का अनुसार अमेरिकाले युक्रेन युद्ध सुरु हुनुभन्दा एक महिनाअघि अर्थात् सन् २०२२ जनवरी २४ देखि यो वर्ष जनवरी १५ सम्म युक्रेनलाई ७४.३ अर्ब अमेरिकी डलरको आर्थिक सहयोग गरेको छ। यो रकम मानवीय, वित्तीय र सैन्य गरी विभिन्न शीर्षकमा छुट्याइएको भए पनि यसको ठूलो हिस्सा सैन्य प्रयोजनमा खर्च हुनेछ। कुल अमेरिकी सहायता प्रतिबद्धताको ६२ प्रतिशत अर्थात् ४६.३ अर्ब डलर सैन्य प्रयोजनमा खर्च गरिएको किइल इन्स्टिच्युटको तथ्यांकले देखाउँछ।

अमेरिकाभित्र युक्रेन युद्धप्रति समर्थन घट्न थालेपछि र रिपब्लिकन पार्टीभित्र युक्रेनलाई सहयोग दिन हुँदैन भन्ने धारणा बलियो हुँदै जान थालेपछि अमेरिकी सहयोग प्रभावित हुन थाल्यो। अघिल्लो वर्ष(सन् २०२३)को अन्त्यदेखि भने अमेरिकी सैन्य सहायता लगभग ठप्प भएको थियो। आफ्नो सबैभन्दा ठूलो दाता मुलुकबाट सहयोग रोकिएपछि युक्रेनले रुसविरुद्ध आक्रमण गर्ने त परको कुरा रुसबाट हुने निरन्तरको बमबारी रोक्नसमेत संघर्ष गर्नुपर्ने स्थिति आयो। युक्रेनी सेनासँग रुसी फौजलाई रोक्न हतियार नभएकै कारण फेब्रुअरीमा दोनबास क्षेत्रमा अवस्थित अभ्दिभ्का सहरबाट पछि हट्न बाध्य भएको थियो। अहिले 'चासिभ यार' नामक सहरमा पनि युक्रेन पछि हट्न दबाब खेपिरहेको छ। रुसी सेना कम्तीमा पनि पाँच-एकको अनुपातमा किभविरुद्ध हाबी भएकाले युक्रेनी फौज रुसी फौजलाई अघि बढ्नबाट रोक्न अक्षम हुँदै गएको छ।

अभाव यति चर्को बनेको छ कि केही युक्रेनी सैनिक अगाडि बढिरहेका रुसी फौजलाई तर्साउन धुवाँ मात्र निकाल्ने नक्कली गोलाबारुद प्रयोग गर्न बाध्य भएका छन्। सक्कली गोलाबारुद बाँकी नरहेकाले यस्तो रणनीति अपनाउन बाध्य भएको उनीहरूको भनाइ छ। त्यस्तै युक्रेनलाई क्षेप्यास्त्र प्रतिरक्षाको पनि ठूलो अभाव भएको छ। यसले रुसी क्षेप्यास्त्रले विनाअवरोध सजिलै युक्रेनी ऊर्जा पूर्वाधार ध्वस्त पारिरहेका छन्। रुसले मार्चमा खार्किभ क्षेत्रमा दुईवटा र अप्रिलको सुरुमै किभको दक्षिणी भागको ऊर्जा केन्द्र नष्ट गऱ्यो। १३ लाख जनसंख्या भएको खार्किभ सहरमा अहिले २४ घन्टामा केही घन्टा मात्रै बिजुली उपलब्ध गराइन्छ। हालको बिजुली प्रणालीले अर्को शरद ऋतु र जाडो धान्न नसक्ने चिन्ता बढिरहेको छ।

सहायताअन्तर्गतका हतियार युद्धमैदानमा दुई साताभित्र पुग्ने

अमेरिकी रक्षा मन्त्रालय पेन्टागनका अधिकारीले शुक्रबार सहायता प्याकेज स्वीकृत भएपछि टिप्पणी गर्ने क्रममा केही दिनमै प्रारम्भिक प्याकेज पठाउने तयारी गरिरहेको बताए। यसका लागि आफूहरूले तल्लो सदनबाट अनुमोदन भएको अनुदान प्याकेज माथिल्लो सदन(सिनेट)बाट अनुमोदन भएर राष्ट्रपति जो बाइडेनको हस्ताक्षरको पर्खाइमा रहेको तिनले बताए। अब माथिल्लो सदनमा पनि मतदान भएर पारित भए पछि राष्ट्रपतिको हस्ताक्षर मात्र बाँकी छ। सिनेटमा सहायता प्याकेज समर्थन गर्ने डेमोक्रेटिकको बहुमत रहेकाले तल्लो सदनमा जस्तो ठूलो वहस नभई पारित भयो। पेन्टागनको प्रारम्भिक प्याकेजमा सम्भवतः हातहतियार र वायु प्रतिरक्षा रहने अनुमान छ। यो युरोपमा राखिएका अमेरिकी हतियार भण्डारणबाट निकासा गरिनेछ, जसलाई युक्रेन पुऱ्याउन एक वा दुई हप्ता लाग्नेछ। हतियार युक्रेन पुगेपछि तीन असर देखिन केही समय लाग्ने विज्ञहरू बताउँछन्। उता युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले अमेरिकी हतियार युक्रेन भित्रिनुअघि रुसले आक्रमण तीव्र पार्न सक्ने चेतावनी दिएका छन्।

अमेरिकी सहायताले रुस-युक्रेन युद्धमा कस्तो प्रभाव पार्न सक्छ ?

युक्रेनलाई पश्चिमी सहायता बढिरहेको सन्दर्भमा रुसले पनि आफ्नो रक्षा खर्च बढाउँदै लगेको छ। केही अनुमानअनुसार रुसको रक्षा बजेट कुल गार्हस्थ उत्पादनको ७.५ प्रतिशतसम्म पुगेको छ। त्यस्तै उसले युद्ध मैदानमा नवीनता शैलीको प्रयोग पनि बढाएको छ। मस्कोले युद्धको अग्रमोर्चा कमजोर बनाउन कच्चा तर घातक ग्लाइड बमको प्रयोग बढाएको छ। लामो दूरीबाट प्रहार गरिने यी बमलाई निस्तेज बनाउन किभले संघर्ष गर्नुपरिरहेको छ। त्यस्तै, युक्रेनी सिपाहीका अनुसार रुसले ठूलो संख्यामा ड्रोन प्रयोग गर्न थालेको छ।

रुसलाई युद्ध मैदानमा जनशक्तिको उच्च संख्याको लाभ छ, जसलाई उसले भारी हतियार दिएर युद्धमैदानमा पठाइरहेको छ। हालसम्मको पश्चिमी सहयोगबाट युक्रेनले सन् २०२४ भित्र रुससँग गुमाएको भूमि फिर्ता ल्याउन सक्ने सम्भावना नरहेको विज्ञहरूको विश्लेषण छ। 'अमेरिकी सहायता प्याकेजले यो वर्षभरि युक्रेनी सैन्य स्थितिलाई स्थिर बनाउन र सन् २०२५ मा युद्ध अभियान सञ्चालनको तयारी सुरु गर्न मात्र मद्दत गर्न सक्छ,' रुसी सैन्य थिंक ट्यांकका म्याथ्यु सेभिलले भने। युरोपमा तैनाथ पूर्वअमेरिकी सैन्य कमान्डर बेन होडज पनि यस कुरामा सहमति जनाउँछन्। उनका अनुसार दुवै पक्षले यो वर्षलाई अर्को वर्ष निर्णायक प्रहार गर्न सक्षम हुने गरी स्रोत निर्माण गर्न प्रयोग गरिरहेकोजस्तो देखिन्छ।

- द गार्जियनबाट

विधेयकले टिकटकमाथि पनि प्रतिबन्ध लगाउँदै छ

मंगलबार अमेरिकी सिनेटले अनुमोदन गरेको ९५ अर्ब डलरको विदेशी सहायता प्याकेजमा टिकटकको स्वामित्वको विषय पनि समेटिएको छ । लोकप्रिय सामाजिक सञ्जाल एप टिकटकलाई उसको चिनियाँ अभिभावक कम्पनी बाइटडान्सबाट अलग गर्नुपर्ने अन्यथा अमेरिकी बजारबाट बन्द गर्नुपर्ने विधेयकमा व्यवस्था छ।

युक्रेन, इजरायल र ताइवानलाई सैन्य सहायता दिन ल्याइएको यो विधेयक यसअघि नै तल्लो सदनबाट पारित भएको थियो। अब यो प्रमाणीकरणका लागि जो बाइडेनको डेस्कमा पुगेको छ। अमेरिका र अन्य पश्चिमी अधिकारीले युवामाझ टिकटकको लोकप्रियताप्रति चिन्ता व्यक्त गर्दै यसले बेइजिङलाई डाटा प्रदान गर्ने र प्रयोगकर्तामाथि जासुसी गर्ने आरोप लगाउँदै आएका छन्।

अमेरिकामा टिकटकका १७ करोड प्रयोगकर्ता छन्। आलोचकहरूले टिकटकको माउ कम्पनी बेइजिङको अधीनमा रहेको र यो गलत प्रचारको माध्यम भएको बताएका छन्। चीन र बाइटडान्सले भने ती आरोप खण्डन गर्दै आएका छन्। कुनै विदेशी कम्पनीलाई अमेरिकी बजारमा सञ्चालन हुनबाट रोक लगाउने दुर्लभ कदम चाल्न सक्ने उक्त विधेयक प्रतिनिधिसभाबाट पारित भएको तीन दिनपछि सिनेटबाट पारित भएको छ।

विधेयकको पक्षमा ७९ र विपक्षमा १८ सिनेटर उभिएका थिए। राष्ट्रपति बाइडेनले छिटै यस विधेयकमा हस्ताक्षर गर्ने बताएका छन्। टिकटकले भने अमेरिकी कानुन विधायकहरूले १७ करोड अमेरिकीको स्वतन्त्र अभिव्यक्तिलाई कुल्चिने प्रयास गरेको गुनासो गरेका छन्। टिकटक प्रतिबन्धले यसमार्फत व्यवसाय गर्दै आएका ७० लाख व्यवसायी प्रभावित हुनेछन्। अमेरिकी अर्थतन्त्रमा वार्षिक २४ अर्ब डलरको योगदान गर्ने प्लेटफर्म बन्द गर्ने प्रयास 'दुर्भाग्यपूर्ण' भएको कम्पनीले टिप्पणी गरेको छ।

इतिहासमा आज

अप्रिल २५

सन् १९९० : डिस्कभरी नामक स्पेस सटलले चर्चित हबल टेलिस्कोपलाई अन्तरिक्षमा लगेर राख्यो। हालसम्म सञ्चालनमा रहेको यस विशाल दूरदर्शक यन्त्रले ब्रह्माण्डसम्बन्धी धेरै नयाँ खोजमा सघाएको छ।

सन् १७१९ : डेनियल डेफोद्वारा लिखित अंग्रेजी भाषाको पहिलो उपन्यास मानिने 'रबिनसन क्रुसो' प्रकाशित।

सन् १७९२ : क्याउड जोसेफ रोगेटले पछि गएर फ्रान्सको राष्ट्रिय गान बनेको 'ला मार्सलेइज' कम्पोज गरे।

सन् १९५३ : डिएनएको आकारबारे फ्रान्सिस क्रिक र जेम्स वाट्सनको आविष्कार 'नेचर' म्यागजिनमा प्रकाशित भयो।

सन् १९५४ : बेल ल्याब्सले सिलिकनबाट बनेको पहिलो सौर्य ब्याट्री सार्वजनिक गऱ्यो। यो ब्याट्री ६ प्रतिशत प्रभावकारी थियो।

सन् २००५ : बुल्गेरिया र रोमानियाले युरोपेली संघको सदस्यता लिनेसम्बन्धी सम्झौतामा हस्ताक्षर गरे।

सन् २००७ : सोभियत संघको विघटनपछिको रुसी महासंघका पहिलो राष्ट्रपति बोरिस यल्तसिनको राजकीय सम्मानका साथ अन्त्येष्टि सम्पन्न।

सन् २०२२ : ट्विटर आफैँले सो सामाजिक सञ्जाल कम्पनी अर्बपति इलोन मस्कलाई ४४ अर्ब अमेरिकी डलरमा बिक्री गर्ने सहमति भएको सार्वजनिक गऱ्यो।

घुस लिएको आरोपमा रुसी उपरक्षामन्त्री पक्राउ



मस्को/ रुसी उपरक्षामन्त्री तैमुर इभानोभ बुधबार भ्रष्टाचार मुद्दामा पक्राउ परेका छन्। रक्षामन्त्री सेर्गेई सोइगुका लामो समयदेखिका सहयात्री रहेका इभानोभको अचानकको गिरफ्तारीले धेरैलाई आश्चर्यचकित बनाएको छ। युक्रेनविरुद्ध जारी सैन्य अभियानबीच सेनामा खर्च बढिरहेका वेला यो कदम चालिएको छ। ४८ वर्षीय इभानोभले देशको सशस्त्र बललाई आवश्यक सामग्री खरिद-बिक्रीको रेखदेख गर्दै आएका थिए। यसअघि नै रुसका दिवंगत विपक्षी नेता एलेक्सी नाभाल्नीको समूहले गरेको अनुसन्धानले इभानोभले भ्रष्टाचार गरेको देखाएको थियो।

'रुसी महासंघका उपरक्षामन्त्रीलाई पूर्पक्षका लागि थुनामा राखिएको छ,' मस्को अदालतको सञ्चार सेवाद्वारा सामाजिक सञ्जालमा जारी विज्ञप्तिमा भनिएको छ। आरोपअनुरूप ठूलो परिमाणमा घुस लिएको अभियोग प्रमाणित भएमा उनलाई १५ वर्षको जेल सजाय हुन सक्ने बताइएको छ। केही स्वतन्त्र रुसी सञ्चारमाध्यमले इभानोभ र उनको परिवारले रक्षा मन्त्रालयका केही सम्झौताबाट गैरकानुनी लाभ लिएर अकुत सम्पत्ति आर्जन गरेको आरोप लगाएका छन्। सन् २०२२ को डिसेम्बरमा नाभाल्नीको समूहले इभानोभकी श्रीमती स्वेतलाना मनिओविचबाट चुहेका हजारौँ इमेल अध्ययन गर्दा मनिओविचले फ्रान्समा विलासी कार, गहना, लुगाफाटा, पार्टी खरिद गर्न लाखौँ युरो खर्च गरेको देखिएको बताएको थियो। तीमध्ये केही रकम रक्षा मन्त्रालयका ठेकेदारलगायत तेस्रो पक्षमार्फत हुने गरेको उनीहरूको आरोप छ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

आन्तरिक राजस्व कार्यालय लहानको

अत्यन्त जरुरी सूचना

सूचना प्रकाशन मितिः २०८१/०१/१३ गते

निम्न लिखित करदाताहरूको छानबिन तथा अनुसन्धानको लागि छनौट भएकोमा करदातालाई पत्राचार एवं सम्पर्क गर्दा सम्पर्क स्थापित हुन नसकेको एवं कागजात पेस हुन नआएको कारण तपसिलमा उल्लिखित आर्थिक वर्षहरूको आय विवरण तथा मूल्य अभिवृद्धि कर विवरणको छानबिन तथा अनुसन्धान कार्यमा बाधा पर्न गएको हुँदा म्याद भित्र उक्त आर्थिक वर्षहरूको सम्पूर्ण खाता, खरिद गरिएका पार्टीहरूको लेजर, क्यासबुक तथा भुक्तानीको विवरण, बिल बीजक लगायतका कागजात यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेस गर्नुहुन आयकर ऐन, २०५८ (सं.सं.) को दफा ८३(१)(क) तथा मूल्य अभिवृद्धि कर ऐन २०५२ (सं.सं.)को दफा २३(ग) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यो सूचनामा तोकिएको म्याद भित्र कागजात सहित उपस्थित नभएमा आयकर ऐन, २०५८ (संशोधन सहित) र मूल्य अभिवृद्धि कर ऐन, २०५२ (संशोधन सहित) बमोजिम कर निर्धारण भई जाने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

क्र.सं.	स्थायी लेखा नम्बर	करदाताको नाम	फर्मको ठेगाना	प्रो./सं.को नाम ठेगाना	आर्थिक वर्ष
१	६०२३३६२५१	महांलक्ष्मी सप्लायर्स	ट्राफिक चोक लहान-१ सिरहा	भागवत प्रसाद रिजाल	२०७१/०७२
२	३००१३४९८४	मिथला कन्सट्रक्सन	राजदेवी टोल राजविराज-२ सप्तरी	हलधर प्रसाद देव	२०७२/०७३

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

आन्तरिक राजस्व कार्यालय बुटवल

सफाइको सबुत पेस गर्नेबारे आन्तरिक राजस्व कार्यालय बुटवलको सूचना

(सूचना प्रकाशन मितिः २०८१/०१/१३)

यस कार्यालयको कार्यक्षेत्रअन्तर्गतका तपसिलबमोजिमका करदाताको देहायको आय वर्षको कारोबारको सम्बन्धमा छानबिन गर्नुपर्ने देखिएकोमा विभिन्न माध्यममबाट सम्पर्क स्थापित हुन नसकेकाले प्रस्तुत फर्मका प्रोप्राइटर/सञ्चालक/साझेदार स्वयम् वा निजको अख्तियारप्राप्त व्यक्तिलाई उक्त आय वर्षको कारोबारसँग सम्बन्धित सम्पूर्ण कागजातसहित यस कार्यालयमा उपस्थित हुन १५ (पन्ध्र) दिनको म्याद दिई मिति २०८०/१२/०६ मा नयाँ पत्रिका राष्ट्रिय दैनिकमा सार्वजनिक सूचना प्रकाशन गरिएकोमा तोकिएको म्यादभित्र निजहरुले कारोबारसँग सम्बन्धित कुनै कागजात पेस नगरेकाले उपलब्ध वित्तीय विवरण, आय विवरण लगायत कार्यालयमा प्राप्त सूचना तथा तथ्याङ्कका आधारमा तपसिलका आय वर्षमा तपसिलबमोजिमको कर निर्धारण हुने देखिएको हुँदा आयकर ऐन, २०५८ को दफा १०१ र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० बमोजिम कर निर्धारण गरी सोबमोजिम आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिमको संशोधित कर निर्धारणको सूचना र मू.अ.कर नियमावली, २०५३ को नियम २९(१) को प्रारम्भिक कर निर्धारणको आदेश जारी गरिएको छ। अतः उल्लिखित कर निर्धारण नगर्नु पर्ने कुनै आधार र कारण भएमा यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र सफाइको सबुत पेस गर्नुहुन आयकर ऐन, २०५८ को दफा १०१(६) र मू.अ.कर नियमावली, २०५३ को नियम २९(२) बमोजिम जानकारी गराइन्छ। उल्लिखित म्यादभित्र प्रमाण तथा कागजात पेस नगरेमा नियमानुसार कर निर्धारण हुने बेहोरा समेत जानकारी गराइन्छ।

क्र. सं.	करदाताको नाम	जिम्मेवार व्यक्ति	आय वर्ष	आय कर तर्फ		मू.अ.करतर्फ
				संशोधित करयोग्य आय (रु.)	दाखिला गर्नुपर्ने आयकर रकम (शुल्क र ब्याज समेत) रु.	दाखिला गर्नुपर्ने मू.अ.कर रकम (जरिवाना, थप दस्तुर र ब्याज समेत) रु.
१	जयदुर्गा स्क्रेप सप्लायर्स (स्थायी लेखा नं. ६०३३४६१९६) बुटवल-९, कालिकानगर, रुपन्देही	दिप नारायण शाहको नाति, मोतिलाल गुप्ताको छोरा, मोतिहारी, भारत ठेगाना भएका सन्तोष कुमार गुप्ता	२०७३/०७४	२८,०७,६६१.३५	१९,१९,४७०.९९	११,४०,०११.००
२	सारदा सप्लायर्स (स्थायी लेखा नं. ६०७७४४१५२) तिलोत्तमा-३, रुपन्देही	राम बहादुर बि.क.को नाति, पदम बहादुर बि.क.को छोरा, बेनीघाट-७, धादिङ ठेगाना भएका विजय बि.क.	२०७५/०७६	१,९९,०५,४४५.००	१,८८,४४,८०१.१८	७९,७५,२५९.००
३	नव लुम्बिनी सप्लायर्स (स्थायी लेखा नं. ६०१२९१९५९) बुटवल-५, विकाश पथ, रुपन्देही	गोपी मियांको नाति, सफिउल्ला मियांको छोरा, बल्कोट-८, अर्घाखाँची ठेगाना भएका रहिम मियां	२०७३/०७४	२२,९२,७९५.४२	१३,७९,९०५.००	८,२०,४७२.००

बागमती प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय

पूर्वाधार विकास कार्यालय

काभ्रेपलाञ्चोक

वोलपत्र स्विकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति : २०८१/०१/१३)

यस कार्यालयबाट मिति २०८०/१२/०७ को PPMO को E– Procurement Portal मा प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार रित पुर्वक म्याद भित्र www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेखित आयोजना, वोलपत्रदाताको बोलपत्र न्युनतम मुल्यांकित र सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि मुल्यांकन समितिबाट सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) तथा ITB 39.1 बमोजिम निजले पेश गरेको वोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

S. N.	Name of Road	Lowest &Responsive Bidder	Bid Price (WithVAT & PS) NRs.	Contract ID
1	Upgrading of Goldung Saduko Mukh Dolakhola Hudai Chyamryangbesi Mul Sadak, Bethanchok- 2, Kavrepalanchok	M/S Bhugdeu Mahakal Nirman Sewa, Bethanchowk-06,Kavre	1,412,944.70	IDO KAVRE/W/NCB/ 56/080/081

कार्यालय प्रमुख

एन आई सी एशिया बैंक म्युचुअल फण्ड

अन्तर्गत सञ्चालित

एन आई सी एशिया ग्रोथ फण्ड २

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डबाट २०८०/०६/१२ मा योजना संचालन अनुमति प्राप्त २०८०/०८/२५ देखि २०८७/०८/२४ सम्म अवधि भएको ७ वर्षे योजना

२०८० चैत्र मसान्तको खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य	गत मासिक मसान्त सम्पत्ति मूल्य
	सूचिकृत धितोपत्रमा लगानी		
१	शेयर	३२८,६८९,८३८	३३९,२१२,८९०
२	ऋणपत्र	-	-
	सुचिकृत नभएको धितोपत्रमा लगानी		
१	शेयर	१६,८९४,२९८	१९,४०६,१६७
२	ऋणपत्र	-	-
३	मुद्दती निक्षेप	१२५,०००,०००	१२५,०००,०००
	कूल लगानी (क)	**४७०,५८४,१३६**	**४८३,६१५,०५८**
	चालु सम्पत्ति		
१	बैंक मौज्दात	४१६,९५५,०१४	४१३,८७४,२८३
२	अन्य सम्पत्ति	२,०५८,२८९	४,७५१,९७०
	जम्मा (ख)	**४१५,०१३,३०३**	**४१८,६२६,२५३**
	चालु दायित्व		
१	चालु दायित्व	२,६१९,८१०	१,२८७,०६४
२	भुक्तानी दिनुपर्ने शुल्क	१३६,७३७	१२०,५९७
	जम्मा (ग)	**२,७५६,५४७**	**१,४०७,६६१**
	कूल सम्पत्ति (क+ख-ग)	**८८६,८४०,८५१**	**९००,८३७,६५०**
१	योजना व्यवस्थापक शुल्क	१,०९३,३६५	१,०७३,६०१
२	डिपोजीटरी शुल्क	१४५,७८२	१४३,१४७
३	कोष सुपरीवेक्षक शुल्क	७२,८९१	७१,५७३
	खुद सम्पत्ति	**८८५,५२८,८५३**	**८९५,५४५,३२५**
	जम्मा जारी इकाई संख्या	९०,५००,०००	९०,५००,०००
	प्रति इकाई खुद सम्पत्ति मूल्य	**९.७८**	**९.९४**

२०८० चैत्र मसान्तको आय व्यय विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य	गत मासिक मसान्त सम्पत्ति मूल्य
	आम्दानी		
१	प्राप्त भइसकेको आम्दानी/(नोक्सान)	७,५०४,९३०	४,४१४,६८९
२	प्राप्त भइनसकेको आम्दानी/(नोक्सान)	(१८,६२२,०७९)	(३,६४९,५८९)
	जम्मा आम्दानी	**(११,११७,१४९)**	**७६५,१००**
	खर्च		
१	सूचना तथा प्रकाशन खर्च	४६,०१२	३६,५२०
२	बैंक शुल्क	११०	९५
३	योजना व्यवस्थापन शुल्क	४,५७२,८३०	३,४४२,४४४
४	डिपोजीटरी शुल्क	६०९,७११	४५८,९९३
५	कोष सुपरीवेक्षक शुल्क	३०४,८५५	२२९,४९६
६	योजना लेखा परीक्षण शुल्क	६४,५७१	४८,४२९
७	पूर्व सञ्चालन खर्च	२,७२२,००८	१,९६५,८९५
८	सफ्टवेयर खर्च	३३,९००	३३,९००
	जम्मा खर्च	**८,३५३,४९८**	**६,२१५,७७१**
	कुल नाफा/(नोक्सान)	**(१४,४७१,१४७)**	**(५,४५०,६७१)**

नोटः १. सूचिकृत तथा सूचिकृत नभएको शेयर तथा डिबेन्चर गरी योजनाले २०० चैत्र मसान्तसम्म गरेको लगानीको परल मूल्य (धितोपत्र दलाल कमिशन, कारोबार शुल्क समेत) रु.३६४,२९८,६०८.५३ रहेको छ।
२. सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ का अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मुल्यांकन नीति बमोजिम योजनाको लगानी मुल्यांकन गरिएको छ।
३. योजनाको प्रति इकाई खुद सम्पत्ति मुल्य साप्ताहिक रुपमा योजना व्यवस्थापकको वेबसाइटः www.nicasiacapital.com मार्फत सार्वजनिक गरिएको छ।
४. अपरिष्कृत वित्तीय विवरणमा पेश भएका विवरण नियमन निकायले निर्देशन गरेको खण्डमा निर्देशन गरिए बमाजिम परिवर्तन हुन सक्नेछ।

सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

क्र.सं.	धितोपत्र	संख्या	जम्मा मूल्य (रु.)
	क) वाणिज्य बैंक		
१	एनएमबि बैंक लिमिटेड	२३,४९७	४,१६१,३१९
२	ग्लोबल आइएमई बैंक लिमिटेड	२७,८९३	५,०७६,५२६
३	प्राइम कमर्सियल बैंक लिमिटेड	४०,४९६	७,६९४,२४०
४	सानिमा बैंक लिमिटेड	३०,४९९	७,२५५,७१२
५	प्रभु बैंक लिमिटेड	३५,९९६	५,१११,४३२
६	नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड	३३,६०१	५,२४८,४७६
	ख) विकास बैंक		
१	गरिमा विकास बैंक लिमिटेड	४१,०६२	१५,१९२,९४०
२	मुक्तिनाथ विकास बैंक लिमिटेड	३४,५१३	११,८३७,९५९
३	शाइन रेसुन्ग डेभलपमेण्ट बैंक लिमिटेड	३५,०००	१२,९१५,०००
४	लुम्बिनी विकास बैंक लिमिटेड	१५,०८०	५,७१५,३२०
	ग) हाइड्रोपावर कम्पनी		
१	सानिमा माई हाइड्रोपावर लिमिटेड	१०,०००	३,४००,०००
	घ) लघुवित्त		
१	छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड	१६,४४५	१३,७२९,९३१
२	साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड	११,२०८	९,२०१,७६८
३	फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड	१६,१२५	९,९६६,८६३
	ङ) जीवन विमा कम्पनी		
१	नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	२४,०८६	१३,६५६,७६२
२	सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	२२,१६६	१०,००७,९४९
३	आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	११,९९७	६,६०३,१४९
४	हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड	२५,०००	९,८८७,५००
५	रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड	१०,८००	४,६९३,६८०
६	सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	१४,९९१	८,९५१,१२६
७	एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	३०,५००	१७,०८९,१५०
८	सुर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	२,०००	९८६,०००
	च) निर्जीवन विमा कम्पनी		
१	नेको इन्सुरेन्स लिमिटेड	१८,५९१	१५,२२६,०२९
२	सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड	२४,९९७	१८,७४७,७५०
३	नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड	२१,२१३	१७,६९१,६४२
४	एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड	१८,५९०	१४,२५८,५३०
५	सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेड	१५,०००	८,०९५,५००
६	प्रभु इन्स्योरेन्स लिमिटेड	१०,४३६	८,२९६,६२०
७	हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड	५,१००	३,०१४,१००
८	आईजीइ प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेड	१२,०००	६,४४५,२००
	छ) म्युचुअल फण्ड		
१	कुमारी सबल योजना	३,०००,०००	३०,०००,०००
	ज) उत्पादन तथा प्रशोधन		
१	सर्वोत्तम सिमेन्ट लिमिटेड	२,३८८	२,०२२,६३६
	झ) अन्य		
१	नेपाल दूरसञ्चार कम्पनी लिमिटेड	१९,७९५	१६,५०९,०३०
	जम्मा	**३,६६१,०६५**	**३२८,६८५,८३८**

कोष प्रवर्द्धकः
NIC ASIA
एन आई सी एशिया बैंक लि.
एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालयः ट्रेड टावर, थापाथली, काठमाडौं वडा नं. ११
फोन नं. ९७७-०१-५१११७७७/७८/८८, फ्याक्सः ९७७-०१-५१११९८०
टोल फ्री नं : ९६५०-०१-७७७७१

योजना व्यवस्थापक/डिपोजिटरीः
NIC ASIA CAPITAL
एन आई सी एशिया क्यापिटल लिमिटेड
पाँचौं तल्ला, ट्रेड टावर नेपाल, थापाथली -११, काठमाडौं
फोनः ९७७-१-५७८५९४४, फ्याक्सः ९७७-१-५७८३४५८
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com

विवाह भोज खाएर फर्किएका वलीको कुटपिटबाट मृत्यु

सल्यान/ कुमाख गाउँपालिका- ६ वडागाउँका २१ वर्षीय विकास वलीको कुटपिटबाट मृत्यु भएको छ। कुमाख गाउँपालिका- ५ कौछेको एक घरमा विवाह भोज खाई फर्कने क्रममा दुई समूहबीच विवाद बढ्दै जाँदा कुटाकुट भएको थियो। कुटपिटबाट घाइते भएका वलीको मिसन अस्पताल रुकुम पश्चिमको चौरजहारीमा सामान्य उपचारपछि थप उपचारका लागि नेपालगन्ज लैजाने क्रममा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सल्यानका प्रहरी प्रमुख नवीन कार्कीले जानकारी दिए।

कुटपिटबाट वडागाउँका १८ वर्षीय सुशील केसी र २८ वर्षीय मदन केसी घाइते भएको प्रहरीको भनाइ छ। घाइतेमध्ये मदन भने डिस्चार्ज भइसकेका छन्। सुशीलको मिसन अस्पताल चौरजहारीमा उपचार भइरहेको छ। कुटपिट गर्ने अन्दाजी २० वर्षीय मानसिंह कुमाई, १९ वर्षीय हेमन्त थापालगायत ६-७ जना फरार रहेको प्रहरीले जनाएको छ।

कांग्रेस सांसद गुरुङको निलम्बन फुकुवा

काठमाडौं/ संघीय संसद् सचिवालयले कांग्रेस सांसद टेकबहादुर गुरुङको निलम्बन फुकुवा गरेको छ। मनाडबाट निर्वाचित प्रतिनिधिसभा सदस्य गुरुङ भ्रष्टाचार मुद्दा लागेर ८ पुस ०७९ देखि स्वतः निलम्बनमा थिए। फैसलाको पूर्ण पाठ आएपछि पुनरावलोकनमा जानेबारे निर्णय लिइने संसद् सचिवालयले जनाएको छ।

सर्वोच्चले १६ चैत ०८० मा गुरुङलाई निलम्बन गर्ने निर्णय त्रुटिपूर्ण रहेको ठहर गर्दै उत्प्रेषणको आदेशले बदर गरेको थियो। अदालतको आदेश प्राप्त गरेपछि संसद् सचिवालयले बुधबार सूचना प्रकाशित गरेर उनको निलम्बन फुकुवा गरेको महासचिव पद्मप्रसाद पाण्डेयले जानकारी दिए। 'निलम्बन उत्प्रेषणको आदेशले बदर गरिदिएको आदेशसहितको जानकारी वैशाख १० मा प्राप्त भयो। सोहीबमोजिम आदेश कार्यान्वयन गरिएको जानकारीका लागि सूचना प्रकाशित गरेका हौं,' उनले भने।

टेकबहादुर गुरुङ

भ्रष्टाचारसम्बन्धी मुद्दा विचाराधीन रहेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पत्र पठाएपछि संसद् सचिवालयले ८ पुस ०७९ बाट लागू हुने गरी गुरुङलाई १२ पुसमा निलम्बन गरेको थियो। भ्रष्टाचार निवारण ऐन दफा ३३ मा 'राष्ट्रसेवक वा सार्वजनिक पदधारण गरेको अन्य व्यक्तिविरुद्ध भ्रष्टाचार मुद्दा दायर भई किनारा नलागेसम्म स्वतः निलम्बनमा रहने' व्यवस्था कार्यान्वयन गर्न अख्तियारले पठाएको पत्रका आधारमा संसद् सचिवालयले निलम्बन गरेपछि सांसद गुरुङ रिट लिएर सर्वोच्च पुगेका थिए।

कामना सेवा विकास बैक लि. Kamana Sewa Bikas Bank Ltd.

केन्द्रीय कार्यालयः
ज्ञानेश्वर-३०, काठमाडौं ।
फोन नं.: +९७७-०१-५९७००३०
टोल फ्रि नं.: १६६००-११-३०००
Email: customercare@kamanasewabank.com
Web: www.kamanasewabank.com

कर्जा चुक्ता भुक्तानी गर्न आउने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/०१/१३

तपसिलमा उल्लिखित तपाईं ऋणीहरुले यस विकास बैंकको विभिन्न शाखा कार्यालयबाट विभिन्न कर्जा शीर्षक अर्न्तगत कर्जा लिनु भई बैंक र तहाँहरुबीच भएको सहमति अनुसार तोकिएको तालिका बमोजिम कर्जाको साँवा, ब्याज, हर्जाना, तथा अन्य दै-दस्तुर आदि नियमित रुपमा बुझाउनु पर्नेमा नतिरी नबुझाई लामो समय देखि बक्यौता राखी बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले, बैंकले कर्जा चुक्ता भुक्तानीको लागि ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताहरुलाई पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी तथा ताकेता गर्दा समेत कर्जा बुझाउने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बस्नु भएकोले तपाईं तपसिलमा उल्लिखित ऋणी, एवं व्यक्तिगत धनजमानी दिनेका नाममा कर्जा चुक्ता भुक्तानी गर्न आउने/लगाउने बारेको यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकमा सम्पर्क राखी आफूले लिए खाएको कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज, हर्जाना तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहोला। साथै, धितो जमानी तथा व्यक्तिगत जमानीकर्ताले समेत कर्जा चुक्ता भुक्तान गर्न लगाउनु हुन यसै सूचनाद्वारा सूचित गरिन्छ। अन्यथा धितो सुरक्षण बापत तपाईले यस बैंकको नाममा लेखी/लेखाई दिएको सम्पत्ति (घर/जग्गा) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनमा आउने निर्देशन, परिपत्रहरु, बैंकको कर्जा असुली नीति, तथा अन्य सम्बद्ध ऐन, कानूनले दिएको अधिकार प्रयोग गरी धितोमा रहेको सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै उपयुक्त व्यवस्था गरी बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ। कथंकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा नकरा ठहरी वा अन्य कुनै कारणले लिलाम हुन नसकेमा वा लिलाम बिक्री हुँदा समेत यस बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा तपाईंहरुले कर्जा लिंदाका बखत यस बैंकलाई गरिदिएको लिखत अनुसार तपाईंहरुको घरघरानाको अन्य चलअचल सम्पत्तिबाट असुलउपर गर्नको लागि आवश्यक कानूनी कारबाही अघि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ। साथै, तपसिलमा उल्लिखित ऋणीहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकबाट लिएको कर्जाको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा नेपाल राष्ट्र बैंकको कर्जा सूचना तथा कालोसूची सम्बन्धी व्यवस्था तथा निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा नाम समावेश गर्नको लागि तिनपुस्ते विवरण सहित सिफारिस गरी पठाईने व्यहोरा समेत सम्बन्धित ऋणी, धितो/धनजमानतकर्ता तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल

क्र.सं	ऋणीहरुको विवरण	धितो/धनजमानीकर्ताहरुको विवरण
१.	**नारायण हरि तिवारी** **ना.प्र.नं.: १२००२७** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कास्की बाबु : देवराज तिवारी बाजे : पुर्ण देव तिवारी ठेगाना : कास्की जिल्ला, लेखनाथ -११, हाल पोखरा -०४ **शाखा कार्यालय : न्यूरोड पोखरा** **कर्जा शीर्षक : प्रोफेसनल आवधिक कर्जा**	**अप्सरा पौडेल तिवारी** **ना.प्र.नं.: ८१७३२, स्याङ्जा** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कास्की पति : नारायण हरि तिवारी ससुरा : देवराज तिवारी ठेगाना : कास्की जिल्ला, पोखरा लेखनाथ म.न.पा वडा नं ३१, हाल पोखरा -०४ **रेशम गौतम** **ना.प्र.नं.: ४६-०१-७०-०५९३६** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कास्की बाबु : नन्दलाल गौतम बाजे : बालकृष्ण गौतम ठेगाना : कास्की जिल्ला, माछापुछ्रे गा.पा वडा नं ०६, हाल पोखरा -०६
२.	**कृष एण्ड ऋषि कृषि फर्म** **प्रा.फ.दर्ता.नं.: ४६/०७७/०७८** ठेगाना : रामनगर ४ ङ कित्ता नं २३८, हाल सुनवल न.पा वडा नं १३ नवलपरासी जारी गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (व.सु.प) नेपाल स्थायी लेखा नं : ६१३४२६६४६ **प्रोप्राइटर/धनजमानीकर्ता : अन्तीमा यादव** **ना.प्र.नं.: ३६-०१-७२-०५७७०** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी पति : राजकुमार यादव ससुरा : राधे अहिर ठेगाना : नवलपरासी जिल्ला, रामनगर गा.वि.स वडा नं ०४, हाल सुनवल न.पा वडा नं १३ **शाखा कार्यालय : भैरहवा** **कर्जा शीर्षक : साना व्यापार कर्जा (आवधिक तथा अधिविकर्ष) फर्मको नाममा तथा अन्तीमा यादवको नाममा सरल अधिविकर्ष तथा ओडी कार्ड समेत**	**राजकुमार यादव** **ना.प्र.नं.: ३९२५४** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी बाबु : राधे अहिर बाजे : चीरकुट अहिर ठेगाना : नवलपरासी जिल्ला, रामनगर गा.वि.स वडा नं ०४, हाल सुनवल न.पा वडा नं १३ **चन्द्रावत अहिर** **ना.प्र.नं.: ४५८२** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी पति : राधे अहिर ससुरा : चिरकुट ठेगाना : नवलपरासी जिल्ला, रामनगर गा.वि.स वडा नं ०४, हाल सुनवल न.पा वडा नं १३ **राधे अहिर** **ना.प्र.नं.: ८८१३** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी बाबु : चिरकुट अहिर बाजे : दिरपाल अहीर ठेगाना : नवलपरासी जिल्ला, रामनगर गा.वि.स वडा नं ०४, हाल सुनवल न.पा वडा नं १३
३.	**अनु एण्ड अंकु कृषि फर्म** **प्रा.फ.दर्ता.नं.: ३९९/०७९/०८०** ठेगाना : सुनवल न.पा वडा नं १३, नवलपरासी जारी गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (व.सु.प) नेपाल स्थायी लेखा नं : ६१९५६७५०७ **प्रोप्राइटर/धनजमानीकर्ता : राजकुमार यादव** **ना.प्र.नं.: ३९२५४** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी बाबु : राधे अहिर बाजे : चीरकुट अहिर ठेगाना : नवलपरासी जिल्ला, रामनगर गा.वि.स वडा नं ०४, हाल सुनवल न.पा वडा नं १३ **शाखा कार्यालय : भैरहवा** **कर्जा शीर्षक : सजिलो व्यावसाय कर्जा (आवधिक)**	**अन्तीमा यादव** **ना.प्र.नं.: ३६-०१-७२-०५७७०** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी पति : राजकुमार यादव ससुरा : राधे अहिर ठेगाना : नवलपरासी जिल्ला, रामनगर गा.वि.स वडा नं ०४, हाल सुनवल न.पा वडा नं १३ **चन्द्रावत अहिर** **ना.प्र.नं.: ४५८२** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी पति : राधे अहिर ससुरा : चिरकुट अहिर ठेगाना : नवलपरासी जिल्ला, रामनगर गा.वि.स वडा नं ०४, हाल सुनवल न.पा वडा नं १३ **राधे अहिर** **ना.प्र.नं.: ८८१३** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी बाबु : चिरकुट अहिर बाजे : दिरपाल अहीर ठेगाना : नवलपरासी जिल्ला, रामनगर गा.वि.स वडा नं ०४, हाल सुनवल न.पा वडा नं १३
४.	**दिपक थपलिया** **ना.प्र.नं.: १५३०४४/५३** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सिराहा बाबु : ललित बहादुर थपलिया बाजे : हेमवहादुर थपलिया ठेगाना : सिराहा जिल्ला, लालपुर -०५, हाल गोलबजार न.पा वडा नं ०२ **शाखा कार्यालय : गोलबजार** **कर्जा शीर्षक : सजिलो लघु कर्जा (आवधिक)** **धनजमानीकर्ताको विवरण** **ललित बहादुर थपोलिया** **ना.प्र.नं.: १६०-५३१६१९९७** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सिरहा बाबु : हेमवहादुर थपलिया बाजे : लाल बहादुर थपलिया ठेगाना : सिराहा जिल्ला, लालपुर गा.वि.स वडा नं ०५, हाल गोलबजार न.पा वडा नं ०२	**अम्वीका थपलिया** **ना.प्र.नं.: १५३०४४/४९** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सिराहा पति : दिपक थपलिया ससुरा : ललित बहादुर थपोलिया ठेगाना : सिराहा जिल्ला, लालपुर -०५, हाल गोलबजार न.पा वडा नं ०२ **नीरा कुमारी थपलिया** **ना.प्र.नं.: १५३०४४/५१** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सिराहा बाबु : ललित बहादुर थपोलिया बाजे : हेमवहादुर थपलिया ठेगाना : सिराहा जिल्ला, लालपुर -०५, हाल गोलबजार न.पा वडा नं ०२ **सुशीला थपलिया** **ना.प्र.नं.: ४४** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सिराहा पति : ललित बहादुर थपोलिया ससुरा : हेमवहादुर थपलिया ठेगाना : सिराहा जिल्ला, लालपुर -०५, हाल गोलबजार न.पा वडा नं ०२
५.	**गुरुङ मोटर साईकल वर्कसप** **उ/प्रा.फ.दर्ता.नं.: २२७५/०७८/०७९** ठेगाना : हुस्सेकोट -०३, नवलपरासी (व.सु.पू) जारी गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (व.सु.पू) गण्डकी प्रदेश स्थायी लेखा नं : ६१२०८८३६२ **प्रोप्राइटर/धनजमानीकर्ता : सञ्जु गुरुङ** **ना.प्र.नं.: ३६२०२४/६४९** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी पति : धन बहादुर गुरुङ ससुरा : कृष्ण वहादुर गुरुङ ठेगाना : नवलपरासी जिल्ला, देउराली -०४, हाल हुस्सेकोट -०३ **शाखा कार्यालय : डण्डा** **कर्जा शीर्षक : सरल व्यापार अधिविकर्ष कर्जा फर्मको नाममा तथा सञ्जु गुरुङको व्यक्तिगत नाममा व्यक्तिगत इक्विटी कर्जा समेत**	**धन बहादुर गुरुङ** **ना.प्र.नं.: ३६-२-०२४/८१** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी बाबु : कृष्ण वहादुर गुरुङ बाजे : भोवे ठेगाना : नवलपरासी जिल्ला, देउराली -०४, हाल हुस्सेकोट -०३

नोट : यस बैंकबाट कर्जा लिई तोकिएको तालिका बमोजिम साँवा ब्याज नियमित रुपमा नबुझाई भाखा नघाई बस्नु भएका अन्य ग्राहकहरुलाई समेत नियमित रुपमा किस्ता बुझाउनको लागि यसै सूचनाद्वारा जानकारी गराईन्छ। अन्यथा ऋणी, धितो तथा व्यक्तिगत धनजमानतकर्ताको तिनपुस्ते विवरण सहित राष्ट्रिय स्तरका पत्रिकामा यसै बमोजिमको सूचना प्रकाशन गरिने व्यहोरा सूचित गरिन्छ।

एन आई सी एशिया बैंक म्युचुअल फण्ड

अन्तर्गत सञ्चालित

एन आई सी एशिया फ्लेक्सी क्याप फण्ड

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डबाट २०७५/०१/२५ मा योजना संचालन अनुमति प्राप्त २०७५/०२/३१ देखि २०८६/०२/३० सम्म अवधि भएको ७ वर्षे योजना

२०८० चैत्र मसान्तको खुद सम्पत्ति मुल्य सम्बन्धी विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य (रु.)	गत मासिक मसान्त सम्पत्ति मूल्य (रु.)
	सूचिकृत धितोपत्रमा लगानी		
१	शेयर	७२७,६८५,६२५	७५१,६७५,६२२
२	ऋणपत्र	१५,०००,०००	१५,०००,०००
	सूचिकृत नभएको धितोपत्रमा लगानी		
१	शेयर	३,५९९,५९६	१०,२५९,१९४
२	ऋणपत्र	-	-
३	मुद्दती निक्षेप	१५३,०००,०००	१५३,०००,०००
	कूल लगानी (क)	**८४५,२८५,२२१**	**५२५,९३४,८१६**
	चालु सम्पत्ति		
१	बैंक मौज्दात	१९५,३३६,४०८	१९०,८६५,४८६
२	अन्य सम्पत्ति	१,२२५,९७६	४,१३२,३३५
	जम्मा (ख)	**१५६,५६२,३८४**	**१५४,९५७,८२१**
	चालु दायित्व		
१	चालु दायित्व	३,२६१,८७९	१,६०६,७४१
२	भुक्तानी दिनुपर्ने शुल्क	४,५५०,९८१	४,५७५,४४७
	जम्मा (ग)	**७,८१२,८६०**	**६,१८२,१८८**
	कूल सम्पत्ति (क+ख-ग)	**१,०८८,०३४,७४५**	**१,११८,७५०,४४५**
१	योजना व्यवस्थापक शुल्क	१,३४१,४१३	१,३७९,२८१
२	डिपोजीटरी शुल्क	१७८,८५५	१८३,९०४
३	कोष सुपरीवेक्षक शुल्क	८९,४२८	९१,९५२
	खुद सम्पत्ति	**१,०८६,४२५,०४५**	**१,११७,०५५,३१२**
	जम्मा जारी इकाई संख्या	**१०२,०००,०००**	**१०२,०००,०००**
	प्रति इकाई खुद सम्पत्ति मूल्य	**१०.६५**	**१०.५५**

२०८० चैत्र मसान्तको आय व्यय विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य (रु.)	गत मासिक मसान्त सम्पत्ति मूल्य (रु.)
	आम्दानी		
१	प्राप्त भइसकेको आम्दानी/(नोक्सान)	३५,०२१,७५०	३०,५०३,१६२
२	प्राप्त भइनसकेको आम्दानी/(नोक्सान)	४,६७०,०९७	३८,२२६,०५१
	जम्मा आम्दानी	**३५,६५१,८४७**	**६८,७२५,२१३**
	खर्च		
१	सूचना तथा प्रकाशन खर्च	११८,८५६	१०६,२००
२	बैंक शुल्क	१,१७५	१,१३०
३	स्टक एक्सचेञ्ज वार्षिक शुल्क	५०,०००	५०,०००
४	योजना व्यवस्थापन शुल्क	१२,०६०,००७	१०,७१८,५९५
५	डिपोजीटरी शुल्क	१,६०८,००१	१,४२९,१४६
६	कोष सुपरीवेक्षक शुल्क	८०४,०००	७१४,५७३
७	योजना लेखापरीक्षण शुल्क	८१,५००	७१,०००
८	सिडिएससि वार्षिक शुल्क	१७०,०००	१७०,०००
९	बुक बिल्डिङ शुल्क	५,०००	५,०००
१०	सफट्वेयर खर्च	१०१,७००	१०१,७००
	जम्मा खर्च	**१५,०००,२४०**	**१३,३६७,३४४**
	कुल नाफा/(नोक्सान)	**२४,६५१,६०७**	**५५,३६१,८६५**

नोटः
१. सूचिकृत तथा सूचिकृत नभएको शेयर तथा डिबेन्चर गरी योजनाले २०८० चैत्र मसान्तसम्म गरेको लगानीको परलमुल्य (धितोपत्र दलाल कमिशन, कारोबार शुल्क समेत रु.७४२,८११,७३०.६५ रहेकोछ।
२. सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मूल्यांकन नीति बमोजिम योजनाको लगानी मुल्यांकन गरिएको छ।
३. योजनाको प्रति इकाई खुद सम्पत्ति मूल्य साप्ताहिक रुपमा योजना व्यवस्थापकको वेबसाइट www.nicasiacapital.com मार्फत सार्वजनिक गरिएको छ।
४. अपरिष्कृत वित्तीय विवरणमा पेश भएका विवरण नियमन निकायले निर्देशन गरेको खण्डमा निर्देशन गरिए बमोजिम परिवर्तन हुन सक्नेछ।

सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

क्र.सं.	धितोपत्र	संख्या	जम्मा मूल्य (रु.)
	क) वाणिज्य बैंक		
१	एनएमबि बैंक लिमिटेड	९३,३२२	१६,५२७,३२६
२	सानिमा बैंक लिमिटेड	९४,४८२	२२,४७७,२६८
३	नेपाल बैंक लिमिटेड	७३,२२१	१५,५५९,४६३
४	स्टान्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड	१८,९९८	९,९७२,०५०
५	प्रभु बैंक लिमिटेड	९४,२७५	१३,३८७,०५०
६	एभरेष्ट बैंक लिमिटेड	४१,९५४	२१,१८६,७७०
७	प्राइम कमर्सियल बैंक लिमिटेड	९५,०४५	१८,०५८,५५०
८	माछापुच्छ्रे बैंक लिमिटेड	७८,३७९	१३,७२४,१६३
९	नबिल बैंक लिमिटेड	३७,६९१	१६,५०८,६५८
१०	लक्ष्मी सनराइज बैंक लिमिटेड	७८,४५४	११,९४०,६९९
११	कृषि विकास बैंक लिमिटेड	७४,३८४	१६,८८५,१६८
	ख) विकास बैंक		
१	महालक्ष्मी विकास बैंक लिमिटेड	७४,४५६	२४,११६,२९८
२	मुक्तिनाथ विकास बैंक लिमिटेड	७७,४४५	२६,५६३,६३५
३	गरिमा विकास बैंक लिमिटेड	७३,५८७	२७,२२७,११०
४	शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड	७४,९९४	२७,६७२,७८६
	ग) जीवन विमा कम्पनी		
१	एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	६८,०७१	३८,१४०,१८१
२	नेशनल लाईफ इन्स्योरेन्स लिमिटेड	५९,०६५	३३,४८९,८५५
३	आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	८,८१२	४,८५०,१२५
४	रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड	११,७८४	५,१२१,३२६
५	सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	८,१२४	४,८५०,८४०
६	सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	९,९९७	४,५१३,६४६
	घ) निर्जीवन विमा कम्पनी		
१	एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड	१५,०३९	११,५३४,९१३
२	नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड	२६,३७४	२१,९९५,९१६
३	आइजीआई फेडेन्सियल इन्स्योरेन्स लिमिटेड	२५,१६६	१३,५१६,६५९
४	सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड	१४,९९६	११,२४७,०००
५	सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड	१५,२८१	१०,१००,७४१
	ङ) हाइड्रोपावर कम्पनी		
१	चिलिमे जलविद्युत कम्पनी लिमिटेड	६९,७०९	३१,६४७,८८६
२	बुटवल पावर कम्पनी लिमिटेड	६१,४३४	१८,३०७,३३२
३	पिपुल्स पावर लिमिटेड	२	१,२५२
४	सान्जेन जलविद्युत कम्पनी लिमिटेड	१५,४५०	४,२८१,११५
५	सानिमा माई हाइड्रोपावर कम्पनी लिमिटेड	३३,८४८	११,५०८,३२०
६	रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड	२२,०००	६,०७२,०००
७	भगवती हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड	७२६	४३९,२३०
८	माण्डु हाइड्रोपावर लिमिटेड	१,२२०	९३९,४००
९	मिड सोलु हाइड्रोपावर कम्पनी लिमिटेड	६३३	३८९,९२८
१०	माथिल्लो मैलुङ खोला जलविद्युत लिमिटेड	१,२६८	५१९,८८०
११	भिजन लुम्बिनी उर्जा कम्पनी लिमिटेड	१,४९८	७५९,४८६
१२	चिरख्वा हाइड्रोपावर लिमिटेड	६२८	३३९,८११
	च) म्युचुअल फण्ड		
१	ग्लोबल आइएमई ब्यालेन्सड फण्ड - १	५००,०००	४,३५०,०००
२	एनएमबि सुलभ इन्भेष्टमेण्ट फण्ड २	३००,०००	२,८२९,०००
३	सानिमा ग्रोथ फण्ड	१,५००,०००	१३,२३०,०००
४	आरबिबि म्युचुअल फण्ड २	५००,०००	४,१०५,०००
५	सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ स्कीम-३	१,०००,०००	८,६४०,०००
६	सिटिजन्स सुपर ३० म्युचुअल फण्ड	१,५००,०००	१३,०२०,०००
७	सनराइज फोकस्ड इक्विटी फण्ड	१,५००,०००	११,८५०,०००
८	नबिल फ्लेक्सी क्याप फण्ड	२५०,०००	२,५०२,५००
९	प्रभु स्मार्ट फण्ड	१,०००,०००	९,०००,०००
१०	एनआईबिएल ग्रोथ फण्ड	२,०००,०००	१६,०००,०००
	छ) लघुवित्त वित्तीय संस्था		
१	साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड	३६,७४०	३०,१६३,५४०
२	निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड	३२,०५४	२०,९९५,३७०
३	छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड	१९,९१५	१६,६२७,०३४
४	आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड	२२,७२०	१३,७०२,४३२
५	फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड	३,२१३	१,९८५,९५५
६	बिपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेड	७१	८१,०४७
७	आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड	१५०	२८९,६५०
	ज) इन्भेष्टमेन्ट		
१	हाथवे इन्भेष्टमेन्ट नेपाल लिमिटेड	२,७२२	२,३४९,०८६
२	नागरिक लगानी कोष	७,५४२	१५,८७५,९१०
	झ) उत्पादन तथा प्रशोधन		
१	सोनापुर मिनरल्स एण्ड आयल लिमिटेड	१२,८७२	५,८७९,९३०
२	सर्वोत्तम सिमेन्ट लिमिटेड	२,२४६	१,९०२,३६२
	ञ) अन्य		
१	मुक्तिनाथ कृषि कम्पनी लिमिटेड	१,०९५	१,०१६,१६०
२	नेपाल वेयर हाउजिङ्ग कम्पनी लिमिटेड	१,०७६	८०७,०००
३	हिमालयन रि इन्स्योरेन्स लिमिटेड	२३,१२३	१४,१०९,६५५
	जम्मा	**११,७६७,३५१**	**७२७,६८५,६२५**

कोष प्रवर्द्धकः
NIC ASIA
एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालयः ट्रेड टावर, थापाथली, काठमाडौं वडा नं. ११
फोन नं. ९७७-०१-५१११५७७/४८८८, फ्याक्सः ९७७-०१-५१११५८०
टोल फ्री नं : १६५०-०१-००००१

योजना व्यवस्थापक/डिपोजिटरीः
NIC ASIA CAPITAL
एन आई सी एशिया क्यापिटल लिमिटेड
चौथो तल्ला, ट्रेड टावर नेक्षाल, थापाथली, काठमाडौं
फोनः ९७७-१-५७०५९९४, फ्याक्सः ९७७-१-५७०६३५८
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com

NIBL MUTUAL FUND

एनआईबिएल म्युचुअल फण्ड

अन्तर्गत सञ्चालित

एनआईबिएल सहभागिता फण्ड

(नेपाल धितोपत्र बोर्डबाट २०७६/०१/०९ मा योजना संचालन अनुमति प्राप्त)

२०८० चैत्र मसान्तको अपरिष्कृत वित्तीय विवरण

खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

		२०८० चैत्र मसान्त रकम (रु.)	२०८० फाल्गुन मसान्त रकम (रु.)
	धितोपत्रमा लगानी		
क्र.सं.	विवरण	मूल्य (रु.)	मूल्य (रु.)
१	सूचीकृत शेयर	१,७४३,३७१,७०२	१,७२०,१४५,२५५
२	बैंक मुद्दती निक्षेप	४१२,०००,०००	४१२,०००,०००
३	ऋणपत्र/बन्ड	१६३,९२६,४१८	१६३,९२६,४१८
४	सार्वजनिक निष्काशन/हकप्रद शेयर/बोनस शेयर/अन्य सूचीकृत नभएको	३१३,७७५,०००	३३५,९२०,४०८
	जम्मा	**२,६३३,०७३,१२०**	**२,६३१,४५२,०८१**
	चालु सम्पत्ति		
क्र.सं.	विवरण	मूल्य (रु.)	मूल्य (रु.)
१	बैंक मौज्दात	७७१,६८७,४८९	६८४,४९७,२३६
२	अन्य सम्पत्ति	२२,०६६,४५८	१८,५६६,६७७
	जम्मा	**७४३,७५३,४४७**	**७०३,०६३,४१३**
	चालु दायित्व		
क्र.सं.	विवरण	मूल्य (रु.)	मूल्य (रु.)
१	अन्य दायित्व	३८२,६७७,४४६	२४३,४१६,१५७
	जम्मा	**३८२,६७७,४४६**	**२४३,४१६,१५७**
	खुद सम्पत्ति (ग्रस)	**३,०४४,१४५,६२१**	**३,०५१,६३५,८३७**
	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	१०,८७७,४२६	७,२२२,५७०
	कोष सुपरिवेक्षक शुल्क	९००,२०१	५९७,७३०
	खुद सम्पत्ति	**३,०३२,३७१,५५४**	**३,०८३,८१५,५३७**
	जम्मा इकाई	२९९,

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार १३ वैशाख ०८१

सगरमाथाको लोबुचेमा पौने पाँच करोड लागतमा 'पोर्टर हाउस' बन्दै

निम्सदाइ फाउन्डेसनको चार करोड २५ लाख र खुम्बु पासाङ ल्हामु गाउँपालिकाको ५० लाख सहयोगमा खुम्बियुल्हा मध्यवर्ती क्षेत्र उपभोक्ता समितिले निर्माण गर्ने पोर्टर हाउसको आज शिलान्यास

नवीन अर्याल/नयाँ पत्रिका

सगरमाथा बेसक्याम्पतर्फ पर्यटकको भारी बोकेर हिँड्ने भरिया (पोर्टर)का लागि लोबुचेमा 'पोर्टर हाउस' बन्ने भएको छ। पौने पाँच करोड खर्चिएर निर्माण गर्न लागिएको पोर्टर हाउसको बिहीबार बिहान शिलान्यास गरिँदै छ।

शिलान्यासँगै बिहीबारदेखि नै पोर्टर हाउस निर्माण सुरु हुने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत जगतप्रसाद भुसालले बताए। 'पहिलो चरणको कामका लागि हामीले खुम्बियुल्हा मध्यवर्ती क्षेत्र उपभोक्ता समितिसँग सम्झौता गरिसकेका छौँ, दोस्रो चरणको कामका लागि निम्सदाइ फाउन्डेसनले सहयोग गर्नेछ' उनले भने, 'शिलान्यास कार्यक्रममा सहभागी हुन गाउँपालिका प्रमुख मिङमा छिरी शेर्पा, निम्सदाइ फाउन्डेसनका प्रतिनिधिलगायत लोबुचे पुगिसक्नु भएको छ।'

लोबुचेमा भरियाका लागि सुविधायुक्त वासस्थान बनाउन लागेको खुम्बियुल्हा मध्यवर्ती क्षेत्र उपभोक्ता समितिका अध्यक्ष छेपाल दोर्जी शेर्पाले बताए। पोर्टर हाउस बनाउन कीर्तिमानी पर्वतारोही निर्मल पुर्जा 'निम्सदाइ'ले चार करोड २५ लाख सहयोग गर्ने उनले बताए। यस्तै, खुम्बु पासाङ ल्हामु गाउँपालिकाले ५० लाख बजेट विनियोजन गरेको छ।

निम्सदाइ फाउन्डेसनसँग पनि बिहीबार नै सहयोग सम्झौता हुने खुम्बियुल्हा उपभोक्ता समितिका अध्यक्ष शेर्पाले बताए। 'अरू ठाउँमा निजी लगानीमै पोर्टर हाउस सञ्चालनमा छन्,' उनले भने, 'तर, लोबुचेमा भरियाले पाइरहेको दुःख देखेर आवास बनाउन कस्सिएका हौँ।'

२१ सय ७३ वर्गफिट क्षेत्रफलमा बन्ने दुईतले भवनमा एकैपटक ८० जनासम्म भरियालाई लजिस्टिक सेवा दिन सकिन्छ। भवनमा दुईवटा बाथरुम, पाँचवटा ट्वाइलेट, एउटा ट्रिटमेन्ट रुम, किचन, डाइनिङ, वेटिङ रुमलगायत सुविधा रहने बताइएको छ। पोर्टर हाउस चार महिनामा निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको शेर्पाले बताए। उनका अनुसार भरियाले आधा सस्तोमा सेवा प्राप्त गर्न सक्छन्।

'भरिया भनेका पर्वतीय पर्यटनको ब्याकबोन हुन्, उनीहरूविना ट्रेकिङ र आरोहण सम्भव छैन, उनीहरूलाई सहयोग गर्नुपर्छ,' निम्सदाइले भने, 'यो काम सरकारले नै गर्नुपर्ने थियो। तर, ट्रेकिङ र आरोहण सुरु भएको यतिका वर्षसम्म पनि उनीहरूका लागि काम गरिएन, म लक्की रहेछु, सहयोग गर्न सकेँ।'

चार हजार नौ सय मिटर उचाइमा रहेको लोबुचे सगरमाथा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्छ। त्यहाँ सञ्चालित एक दर्जनजति होटेल सिजनमा पर्यटकलाई नै अपुग हुने गर्छन्। सिजनमा आरोही, पदयात्री, गाइड, भरिया, भान्से, सहयोगी गरी दैनिक हजारभन्दा बढी सगरमाथा बेसक्याम्पतर्फ लागिरहेका हुन्छन्। पर्यटकहरू फाक्दिङ, नाम्चे, तेङबोचे, डिङबोचे, लोबुचे, गोरकसेप वास बस्दै बेसक्याम्प पुग्छन्। सगरमाथासहित ल्होत्से र नुप्त्से हिमाल आरोहण गर्न जाने आरोही पनि लोबुचेमा वास बस्नुपर्छ।

'लोबुचेमा निजी जग्गा नहुँदा पोर्टर हाउस सञ्चालनमा छैनन्, अहिले भरिया लोबुचेमा भारी बिसाएर वास बस्न डिङबोचे र फेरिचे झर्नुपर्ने बाध्यता छ,' शेर्पाले भने, 'अर्को दिन बिहानै लोबुचे पुगेर भारी बोकी गोरकसेप लाग्नुपर्छ।' लोबुचेबाट डिङबोचे वा फेरिचे झर्न तीन घन्टा लाग्छ। लोबुचेभन्दा माथिल्लो स्टेसन गोरकसेपमा भने होटेलले नै पोर्टर सेन्टर चलाइरहेका छन्।

'गाउँपालिकाले दिने ५० लाख बजेटबाट साइट सम्याउने, ढुंगा फुटाउने, सोइलिङ गर्नेलगायतका कामहरू सुरु गरिहाल्छौँ,' शेर्पाले भने, 'शरद सिजनमा लोबुचेमा भरियाहरूले आरामसाथ वास बस्न पाउनेछन्।' लोबुचेमा सिमेन्ट, रड, काठजस्ता निर्माण सामग्री हेलिकोप्टर, याक, खच्चड वा भरियाले बोक्नुपर्छ। निर्माण सामग्री ढुवानीमा मात्रै प्रतिकेजी साढे तीन सय रुपैयाँसम्म खर्च लाग्ने उनको भनाइ छ।

टुरिजम बोर्ड, टान र एनएमएको बेवास्ता

खुम्बिला मध्यवर्ती क्षेत्र उपभोक्ता समितिले लोबुचेमा पोर्टर हाउस बनाउन नेपाल टुरिजम बोर्ड, ट्रेकिङ एजेन्टस एसोसियसन अफ नेपाल (टान), नेपाल माउन्टेनियरिङ एसोसिएसन (एनएमए) पुगेर सहयोग माग गरिएको थियो। तर, आफ्नो प्रपोजलमाथि कहीँ-कतैबाट सुनुवाइ नभएको अध्यक्ष शेर्पाको भनाइ छ।

टिप्सको आशामा भारी बोक्छन् भरिया

नेपालको ट्रेकिङ क्षेत्रमा अस्वस्थ प्रतिस्पर्धा छ। विदेशीलाई महँगो मूल्यमा बिक्री गर्नुपर्ने प्याकेज सस्तोमा बिक्री गर्न प्रतिस्पर्धा हुन्छ। सस्तो प्याकेज बिक्री गर्नेबित्तिकै ट्रेकिङ कम्पनीले पोर्टर, गाइड, भान्से, सहयोगीलाई ज्यालामा कडाइ गर्छन्। कम्पनीले भरियालाई दैनिक १६-१७ सय ज्यालामा काममा लगाउँछन्। 'मै हुँ भन्ने कम्पनीले दुई हजार रुपैयाँसम्म दिने हुन्,' शेर्पाले भने, जब कि, सरकारले भरियाको दैनिक ज्याला २५ सय तोकेको छ।'

खुम्बु क्षेत्रमा दुई छाक खानाकै पाँच सय रुपैयाँ पर्छ। खाजामा तीय सय खर्च हुन्छ। यस्तै, एक कप चियाको डेढ सयका दरले दुई-तीन कप खायो भने चार-पाँच सय रुपैयाँ खर्च हुन्छ। त्यो हिसाबले एउटा पोर्टरको दैनिक खर्च नै १७-१८ सय रुपैयाँ पुग्छ। 'ट्रेकिङ अफिसले दिने ज्याला सबै खान-बस्नमै सकिन्छ' शेर्पाले भने, 'उनीहरूले पर्यटकले टिप्स देला कि भन्ने आशामा मात्र भारी बोक्छन्, टिप्स नपाए रित्तै फर्किनुपर्छ।'

खुम्बु पासाङ ल्हामु गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत जगतप्रसाद भुसाल भन्छन्– २१ सय ७३ वर्गफिट क्षेत्रफलमा बन्ने दुईतले भवनमा एकैपटक ८० जनासम्म भरियालाई लजिस्टिक सेवा दिन सकिन्छ। भवनमा दुईवटा बाथरुम, पाँचवटा ट्वाइलेट, एउटा ट्रिटमेन्ट रुम, किचन, डाइनिङ, वेटिङ रुमलगायत सुविधा रहनेछन्।

कीर्तिमानी आरोही निर्मल पुर्जा 'निम्सदाइ' भन्छन्– पोर्टर पर्वतीय पर्यटनको ब्याकबोन हुन्। उनीहरूको सहयोगविना ट्रेकिङ र पर्वतारोहण पर्यटन सम्भव छैन। सरकारले नै पहिल्यै पोर्टर हाउस सञ्चालन गरिसकेको हुनुपर्थ्यो। हुन त सबैको एउटै सोच हुँदैन। रिसोर्सेस पनि हुँदैन। म लक्की रहेछु। सहयोग गर्न सकेँ।

खुम्बियुल्हा मध्यवर्ती क्षेत्र उपभोक्ता समितिका अध्यक्ष छेपालदोर्जी शेर्पा भन्छन्– अरू ठाउँमा निजी लगानीमै पोर्टर हाउस सञ्चालनमा छन्, तर, लोबुचेमा भरियाले पाइरहेको दुःख देखेर आवास बनाउन कस्सिएका हौँ।'

अनुदान बक्यौता नपाएपछि रोकियो कृषि बिमाको दाबी भुक्तानी

मिलन विश्वकर्मा/नयाँ पत्रिका

सरकारले पूर्ण रूपमा अनुदानको बक्यौता रकम नदिएपछि बिमा कम्पनीहरूले कृषि तथा पशुपक्षी बिमाको दाबी भुक्तानी रोक्ने निर्णय गरेका छन्। कम्पनीहरूले १ चैतबाट यस्तो बिमाको कारोबार (पोलिसी बिक्री) रोकिसकेका छन्। सरकारले पूरा बक्यौता नदिएपछि कम्पनीले बुधबारदेखि यस्तो बिमाको दाबी भुक्तानी पनि रोक्ने निर्णय गरेका हुन्।

कृषि तथा पशुपक्षी बिमाको अनुदानबापत सरकारले बिमा कम्पनीलाई दुई अर्ब अनिवार्य रूपमा दिनुपर्नेछ। यो गत आव ०७९/८० माघयताको बक्यौता हो। सरकारले त्यो बक्यौता नदिएसम्म दाबी भुक्तानी दिन नसकिने कम्पनीले बताएका छन्। अन्य बिमाको दाबी भुक्तानी भने नियमित रूपमा अघि बढ्ने कम्पनीहरूको भनाइ छ।

नेपाल बिमक संघले बुधबार एक विज्ञप्ति जारी गर्दै तत्काल अनुदानको बक्यौता उपलब्ध गराउन माग गरेको छ। 'एकातर्फ अनुदान प्राप्त नहुने र अर्कोतर्फ दाबीको भुक्तानी तत्काल गर्नुपर्ने परिस्थितिका कारण कम्पनीको नगद प्रवाहमा समस्या भएको छ,' संघको विज्ञप्तिमा भनिएको छ, 'तसर्थ, संघको १० वैशाखको पूर्ण बैठकको निर्णयअनुसार सरकारले भुक्तानी गर्नुपर्ने अनुदान रकम यथाशीघ्र उपलब्ध गराउन अनुरोध गर्छौँ। अन्यथा नगद प्रवाहको अभावमा बिमकहरूलाई दाबी भुक्तानी गर्न असहज हुनेछ। यसबाट कृषि बिमा गर्ने बिमित तथा दाबीकर्तामा पर्न जाने असरप्रति क्षमाप्रार्थी छौँ।'

नेपाल बिमक संघका अध्यक्ष चंकी क्षेत्रीले अनुदानको रकम प्राप्त नभएसम्म दाबी भुक्तानी गर्न नसकिने बताए। 'बिमा कम्पनीहरूलाई दाबी-भुक्तानी गर्न नगद प्रवाहको समस्या भयो। अब सरकारले बक्यौता नदिएसम्म कृषि तथा पशुपक्षी बिमाको दाबी भुक्तानी गर्न सक्ने अवस्था छैन,' उनले भने।

कृषि बिमाअन्तर्गत झन्डै साढे दुई अर्ब रुपैयाँ अनुदान बक्यौता छ। पटक-पटक ताकेता गर्दा पनि उक्त रकम नआएपछि गत चैत १ गतेबाट अनुदानमा आधारित कृषि तथा पशुपक्षी बिमाको पोलिसी बिक्री बन्द गरिएको छ। किसानले शतप्रतिशत शुल्क तिरेमा भने बिमा हुनेछ। त्यसपछि सरकारले गत चैत तेस्रो साता ४६ करोड ४१ रुपैयाँ भुक्तानी गरेको थियो। साथै, यस्तो बिमाको कारोबार खुलाउन अनुरोध पनि गरेको थियो। तर, बिमा कम्पनीले सबै रकम पाउनुपर्ने माग गर्दै आएका छन्।

> कृषि तथा पशुपक्षी बिमाको अनुदानबापत सरकारले बिमा कम्पनीलाई दुई अर्ब अनिवार्य रूपमा दिनुपर्नेछ। यो गत आव ०७९/८० माघयताको बक्यौता हो।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयकी प्रवक्ता सबनम सिवाकोटी अर्यालले बिमा कम्पनीलाई भुक्तानी दिन अर्थ मन्त्रालयमा रकमान्तरको प्रस्ताव पठाएको बताइन्। 'यस्तो बिमामा अनुदान दिन चालू आवमा ६० करोड रुपैयाँ मात्रै बजेट थियो, त्योबराबरको भुक्तानी भएको थियो। त्यसअन्तर्गत गत चैतमा ४६ करोड रुपैयाँ हाराहारीमा भुक्तानी गरेर कम्पनीहरूलाई कारोबार खुलाउन भनेको पनि थियौँ,' उनले भनिन्, 'थप भुक्तानी दिन यो शीर्षकमा बजेट छैन। त्यसैले रकमान्तरका लागि अर्थ मन्त्रालयमा पत्र पठाएका छौँ। त्यो स्वीकृत भएमा कम्पनीलाई थप भुक्तानी गर्छौँ।'

कृषि र पशुपक्षी बिमाको शुल्कमा सरकारले ८० प्रतिशत अनुदान दिनुपर्ने व्यवस्था छ। सोहीअनुसार कम्पनी किसानबाट २० प्रतिशत मात्रै शुल्क ल्याएर यस्तो बिमा गर्दै आएका छन्। तर, सरकारले गत आव ०७९/८० को माघयताकै अनुदान दिन बाँकी छ। आफूहरूले उधारोमा यस्तो बिमा गरिरहेको कम्पनी बताउँछन्।

अनुदान रकम नपाएपछि यसअघि पनि कम्पनीले गत ७ जेठदेखि ६ असारसम्म कारोबार स्थगित गरेका थिए। त्यसवेला झन्डै तीन अर्ब बक्यौता थियो। सरकारले गत असारभित्रै बक्यौता भुक्तानी गर्ने प्रतिबद्धता गरेपछि कम्पनीले ७ असारबाट कारोबार सुचारु गरेका थिए। तर, सरकारले भनेको अवधिमा पूरा बक्यौता भुक्तानी नदिएको र पटक-पटक ताकेता गर्दा पैसा नआएको कम्पनी बताउँछन्।

नेपालमा ०६९ देखि कृषि बिमा व्यवसाय सुरु भएको थियो। सरकारले त्यसवेलादेखि नै यस्तो बिमामा अनुदान दिँदै आएको छ। तर, त्यसबापतको रकम १ वर्षपछि मात्रै आउने गरेको संघको भनाइ छ। तर, कम्पनीहरूले दाबी भुक्तानी भने दिँदै आएका थिए। अब त्यो सम्भव नभएको बिमा कम्पनीहरूको भनाइ छ।

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit
ग्लोबल रेमिट

नेपाल-कतार संयुक्त वाणिज्य परिषद् स्थापना

काठमाडौं/ नेपाल र कतारका निजी क्षेत्र सम्मिलित नेपाल कतार संयुक्त वाणिज्य परिषद् स्थापना भएको छ। नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल र कतार चेम्बरका अध्यक्ष सेख खलिफा विन जसिम अल थानीले नेतृत्व गर्ने परिषद् स्थापनाका लागि बुधबार दुवै चेम्बरबीच सम्झौता भएको हो।

कतारका राजा मिर सेख तमिम विन हमाद अल थानी र नेपालका प्रधानमन्त्री पुष्प कमल दाहालको उपस्थितिमा महासंघ अध्यक्ष ढकाल र कतार चेम्बर अध्यक्ष सेख खलिफा बिन जसिम अल थानीले उक्त सम्झौतामा हस्ताक्षर गरेका हुन्। परिषद्ले व्यापार विस्तार, लगानी प्रवर्द्धन, प्रविधि हस्तान्तरण, पर्यटन प्रवर्द्धनका क्षेत्रमा काम गर्नेछ।

तीव्र आर्थिक वृद्धि भइरहेको खाडी मुलुक कतारसँग संवादका लागि परिषद् स्थायी संयन्त्र बनेको छ। संयुक्त वाणिज्य परिषद्को उद्देश्य कतार र नेपालका निजी क्षेत्रबीच सहकार्य र समझदारी बढाउनु भएको महासंघले जनाएको छ।

नेपालीहरूको कामको गन्तव्यका रूपमा चिनिँदै आएको कतारको लगानी आकर्षित गर्न र व्यापार विस्तार गर्न परिषद्ले प्रभावकारी भूमिका खेल्नेछ। खाडी मुलुकमा कृषिजन्य उत्पादन, पानी, जडीबुटी, मसला र मसलाजन्य वस्तुलगायतको अत्यधिक माग छ। तीव्र आर्थिक विस्तारका कारण कतार लगानी गन्तव्यका रूपमा रहेको हुँदा नेपालमा लगानी आकर्षित गर्न परिषद्ले प्रभावकारी भूमिका निर्वाह गर्नेछ। यसैगरी, पर्यटन प्रवर्द्धनका क्षेत्रमा पनि परिषद्ले काम गर्नेछ।

परिषद् स्थापनापछि दुई चेम्बरबीचको सहकार्य थप प्रगाढ भएको र यसले लगानी र व्यापार विस्तारमा सहयोग पुग्ने दुवै अध्यक्षले धारणा राखेका छन्।

हार्दिक बधाई तथा शुभकामना !

नेपालको सर्वोच्च लेखापरीक्षण संस्था
महालेखापरीक्षकको कार्यालयमा महालेखापरीक्षक जस्तो
गरिमामय पदमा नियुक्त हुनुभएकोमा सुन्दरहरैंचा
नगरपालिका वडा नं. ९ निवासी
माननीय तोयम रायालाई
हार्दिक बधाई तथा सफल कार्यकालको निम्ति
हार्दिक शुभकामना व्यक्त गर्दछु ।

केदारप्रसाद गुरागाईं
नगर प्रमुख
सुन्दरहरैंचा नगरपालिका
विराटचोक, मोरङ

NMB MUTUAL FUND
एनएमबि म्युचुअल फण्ड
NMB Sulav Investment Fund II

एनएमबि म्युचुअल फण्ड
अन्तर्गत संचालित एनएमबि सुलभ इन्भेष्टमेन्ट फण्ड-२
धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली,२०६७ बमोजिम
नेपाल धितोपत्र बोर्डबाट २०७९/०४/०५ मा योजना संचालन अनुमति प्राप्त
योजनाको निर्धारित समयावधि समाप्ती मिति २०८९/०५/१४

२०८० चैत्र मसान्तको खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

खुद सम्पत्ति मूल्य सम्बन्धि विवरण		चैत्र मसान्त २०८० (रु)	फाल्गुन मसान्त २०८० (रु)
क. धितोपत्र तथा अन्य लगानी			
१	सूचीकृत शेयर	१,०८५,६८९,०७०.७०	१,०९७,५९८,६५९.९०
२	ऋणपत्र/बोण्ड	९८,८३०,७५६.६२	९४,००७,५१३.७०
३	सार्वजनिक निष्काशन/हकप्रद शेयर/बोनस शेयर	१०,०७७,७३९.८०	१९,९८५,३१५.००
४	मुद्दती निक्षेप	८०,०००,०००.००	४०,०००,०००.००
	जम्मा	१,२७४,५९७,५६७.१२	१,२५१,५९१,४८८.६०
ख. चालु सम्पत्ति			
१	बैंक मौज्दात	९२,२७०,०४७.५१	१५०,८७७,२७८.९४
२	अन्य सम्पत्ति	९०२,२२२.४९	६,३०२,२८७.३८
	जम्मा	९३,१७२,२७०.००	१५७,१७९,५६६.३२
ग. चालु दायित्व			
१	अन्य दायित्व	१६७,६३७.२०	७,२२२,४०५.६४
	जम्मा	१६७,६३७.२०	७,२२२,४०५.६४
कूल सम्पत्ति घ=(क+ख-ग)		१,३६७,६०२,१९९.९२	१,४०१,५४८,६४९.२८
भुक्तानी हुन बाँकी सेवा शुल्क (ङ)			
योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क		५,६४३,६१७.९०	३,७४१,२९३.५१
कोष सुपरीवेक्षक शुल्क		३३१,९७७.५१	२२०,०७६.०८
खुद सम्पत्ति (घ-ङ)		१,३६१,६२६,६०४.५१	१,३९७,५८७,२७९.६९
जम्मा इकाई		१२२,१००,०००.००	१२२,१००,०००.००
प्रति इकाई खुद सम्पत्ति मूल्य		११.१५	११.४५

आय व्यय विवरण

क्र.स.	विवरण	चैत्र मसान्त २०८० (रु)	फाल्गुन मसान्त २०८० (रु)
१	प्राप्त भइ सकेको ब्याज, लाभांश तथा अन्य आम्दानी	२४,७९६,१०९.७७	२२,६००,५७६.६१
२	प्राप्त भइ नसकेको ब्याज तथा लाभांश आम्दानी	९०१,७०२.४९	२,०८९,८७९.००
३	प्राप्त भइ नसकेको आम्दानी/(नोक्सानी)	(८४,९५३,५१०.३३)	(३७,३४७,८१३.२१)
४	पूँजीगत आम्दानी/(नोक्सानी)	६४,१८५,८९०.३९	५१,५१९,४८८.७८
	जम्मा आम्दानी	४,९३०,१९२.३२	३८,८६२,१३१.१८
१	स्टक एक्सचेञ्ज सूचीकरण शुल्क	५०,०००.००	५०,०००.००
२	योजना व्यवस्थापक तथा डिपोजीटरी शुल्क	१६,८९५,६९७.२१	१४,९९३,३७२.८२
३	कोष सुपरीवेक्षण शुल्क	९९३,८६४.५६	८८१,९६३.१३
४	वार्षिक सिडिएस तथा सफ्टवेयर जडान/मर्मत शुल्क	१७०,०००.००	१७०,०००.००
५	अन्य खर्च	११०,६७६.००	९६,१६५.५०
	जम्मा खर्च	१८,२२०,२३७.७७	१६,१९१,५०१.४५
	कूल आय/(व्यय)	(१३,२९०,०४५.४५)	२२,६७०,६२९.७३

क्र.सं.	धितोपत्र	संख्या	सम्पत्तिको मूल्य (रु)
	वाणिज्य बैंक समूह		
१	माछापुच्छे बैंक लिमिटेड	१६३,७२५	२८,६६८,२४७.५०
२	एनआईसी एशिया बैंक लिमिटेड	१६८,५४९	६६,५७६,८५५.००
३	सानिमा बैंक लिमिटेड	१२४,२१२	२९,५५०,०३४.८०
४	सिद्धार्थ बैंक लिमिटेड	२०६,८०७	४६,३२४,७६८.००
			१७१,११९,९०५.३०
	विकास बैंक		
५	गरिमा विकास बैंक लिमिटेड	९०,५३५	३३,४९७,९५०.००
६	मितेरी डेभलपमेन्ट बैंक लिमिटेड	१४१,००८	६०,४५०,१२९.६०
७	मुक्तिनाथ विकास बैंक लिमिटेड	७९,९३४	२७,४१७,३६२.००
८	साँग्रिला डेभलपमेन्ट बैंक	१०७,१९५	३१,९४४,११०.००
			१५३,३०९,५५१.६०
	लघुवित्त वित्तीय संस्था		
९	आशा लघुवित्त वित्तीय संस्था लिमिटेड	४७,२७५	३४,७४७,१२५.००
१०	छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड	५२,०१०	४३,४२३,१४९.००
११	नेशनल माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड	२५,९००	२९,०८५,७००.००
१२	श्रृजनशील लघुवित्त वित्तीय संस्था लिमिटेड	३९४	४५२,३१२.००
१३	साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड	३७,४५१	३०,७४७,२७१.००
१४	स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेड	२१,६०१	२६,२४०,८९४.८०
			१६४,६९६,४५१.८०
	जीवन बीमा समूह		
१५	सिटिजन्स लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	११,७५४	५,३०६,९३१.००
१६	हिमालयन लाईफ इन्स्योरेन्स लिमिटेड	६५,८२४	२६,०३३,३९२.००
१७	आई एम ई लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	१०,५७०	५,८१७,७२८.००
१८	लाइफ इन्स्योरेन्स कर्पोरेसन (नेपाल) लिमिटेड	४८,६८५	६५,८२२,१२०.००
१९	नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	६८,९७१	३९,१०६,५५७.००
२०	नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	४८,०००	२८,६५६,०००.००
२१	सन नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	४,५५३	२,७१८,५९६.३०
२२	सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	५१,५५२	२३,१४६,८४८.००
२३	रिलायबल नेपाल लाईफ इन्स्योरेन्स लिमिटेड	११,८२७	५,१४०,०१४.२०
			२०१,७४८,१८६.५०
	उत्पादन र प्रशोधन उद्योग समूह		
२४	शिवम् सिमेन्ट लिमिटेड	५२,५५३	२६,९०७,१३६.००
२५	युनिलिभर नेपाल लिमिटेड	६४३	२६,००९,३५०.००
			५२,९१६,४८६.००
	हाइड्रो पावर समूह		
२६	चिरख्वा हाइड्रोपावर लिमिटेड	७२५	३९२,२९७.५०
२७	माथिल्लो मोलुङ जलविद्युत लिमिटेड	१,४६४	६००,२४०.००
२८	पाँचथर पावर कम्पनी लिमिटेड	१०८,६५२	२७,५९७,६०८.००
२९	रु रु जलविद्युत परियोजना लिमिटेड	१९,९३७	१२,६५९,९९५.००
३०	सानिमा माई हाइड्रोपावर लिमिटेड	१६१,९२८	५५,०५५,५२०.००
३१	भिजन लुम्बिनी उर्जा कम्पनी लिमिटेड	२,२०९	१,११९,९६३.००
			९७,४२५,६२३.५०
	अन्य		
३२	हिमालयन रिइन्स्योरेन्स लिमिटेड	३५,३५०	२१,५७०,५७०.००
३३	मुक्तिनाथ कृषि कम्पनी लिमिटेड	१,६६६	१,५४६,०४८.००
३४	नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेड	१,६३७	१,२२७,७५०.००
			२४,३४४,३६८.००
	निर्जीवन बीमा समूह		
३५	नेको इन्स्योरेन्स लिमिटेड	३६,५०६	२९,८९८,४१४.००
३६	नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड	२४,१०४	२०,१०२,७३६.००
३७	सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड	८४,२१८	५५,६६८,०९८.००
३८	सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड	११५,४४०	८६,५८०,०००.००
			१९२,२४९,२४८.००
	म्युचुअल फण्ड समूह		
३९	सिटिजन्स सुपर ३० म्युचुअल फण्ड	२५०,०००	२,१७०,०००.००
४०	हिमालयन ८०-२०	२७५,०००	२,४९७,०००.००
४१	कुमारी सबल योजना	५००,०००	४,९५५,०००.००
४२	एनआईबिएल ग्रोथ फण्ड	५००,०००	४,०००,०००.००
४३	एन आई सि एशिया ग्रोथ फण्ड २	५००,०००	३,९०५,०००.००
४४	प्रभु स्मार्ट फण्ड	४००,०००	३,६००,०००.००
४५	आरबिबि म्युचुअल फण्ड २	२५,०००	२०५,२५०.००
४६	सानिमा ग्रोथ फण्ड	२००,०००	१,७६४,०००.००
४७	सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ स्किम-३	३२५,०००	२,८०८,०००.००
४८	सनराइज फोकस्ड इक्विटी फण्ड	२५०,०००	१,९७५,०००.००
			२७,८७९,२५०.००
	कूल	५,४६०,३६४	१,०८५,६८९,०७०.७०
	म्युचुअल फण्ड समूह (खुलामुखी योजना)		
१	नबिल फ्लेक्सी क्याप फण्ड	२५०,०००	२,५०२,५००.००
	कूल		२,५०२,५००.००
	डिबेन्चर समूह		
१	बि.ओ.के. डिबेन्चर २०८६ "क"	३२,९१८	३५,१९९,२१७.४०
२	ग्लोबल आइएमई बैंक लिमिटेड डिबेन्चर २०८६/८७	२,५००	२,४६२,५००.००
३	ग्लोबल आइएमई बैंक लिमिटेड डिबेन्चर २०८४/८५	८,६२९	९,६०३,०४१.५२
४	११% केबिएल डिबेन्चर २०८९	९,२९३	९,८५८,०१४.४०
५	८.५% माछापुच्छे बैंक डिबेन्चर २०८७	३००	२७९,३००.००
६	१०.५% नेपाल इन्भेष्टमेन्ट डिबेन्चर २०८२	१,५००	१,५७५,०००.००
७	१०.% नेपाल इन्भेष्टमेन्ट डिबेन्चर २०८०	९,२६४	९,४४१,८६८.८०
८	९% नेपाल एसबिआई बैंक डिबेन्चर २०८९	१,०००	९५१,५००.००
९	९% एनआईसि एशिया डिबेन्चर २०८१/८२	१७,०००	१७,८६७,०००.००
१०	१०% प्रभु बैंक डिबेन्चर २०८४	९४५	९६०,२१४.५०
११	१०.३०% स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड	१०,०००	१०,६३३,१००.००
	कूल	९३,३४९	९८,८३०,७५६.६२

थप प्रकटीकरणहरु :

१ सूचिकृत तथा सूचिकृत नभएको शेयर तथा डिबेन्चर गरी २०८० चैत्र मसान्तसम्मको लागत मूल्यमा कूल लगानी (धितोपत्र दलाल कमिशन, सेबोन शुल्क, डि.पि शुल्क समेत) रु १,१४४,०३८,९११।५४ (अक्षरेपि एक अर्ब चौध करोड चालिस लाख अठतिस हजार नौ सय एघार रुपैयाँ तथा चवन्न पैसा मात्र।) रहेको छ।

२ योजनाको श्रावण २०८० देखि चैत्र २०८० सम्म धितोपत्र कारोबार गर्दाको लागत (धितोपत्र दलाल कमिशन, सेबोन शुल्क,डि.पि शुल्क) रु १,७९१,३३९।६६ (अक्षरेपी सत्र लाख एकान्नब्बे हजार तीन सय उनन्चालिस रुपैयाँ तथा छयसट्ठी पैसा मात्र।)रहेको छ।

३ हकप्रद शेयर र बोनस शेयरको हकमा शेयर दाखिल खारेज बन्द मितिको दिन गणना गरी प्राप्त हुने हकप्रद/बोनस शेयरलाई खुद सम्पत्तिमा समावेश गरिएको छ। सो हकप्रद/बोनस शेयरको मूल्याङ्कन प्रत्येक मसान्तमा कायम भएको अन्तिम मूल्यको आधारमा गरिएको छ।

४ सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ को दफा २२ को अधिनमा रही योजनाको लगानी मूल्याङ्कन गरिएको छ।

५ २०८० चैत्र मसान्तमा योजनाको सूचीकृत इक्विटी पोर्टफोलियोको (म्युचुअल फण्डमा गरिएको लगानी समावेश नगरिएको) मुल्य/आम्दानी अनुपात (PE Ratio) २८।७७ रहेको छ। जीवन बीमा कम्पनीहरुको हकमा पछिल्लो परिष्कृत वित्तीय विवरणको आधारमा र अन्य कम्पनीहरुको हकमा पछिल्लो चार त्रैमासको मुनाफाको आधारमा मुल्य/आम्दानी अनुपात गणना गरिएको छ।

६ ऋणात्मक आम्दानी भएका कम्पनीहरु समावेश नगरिएको सूचीकृत इक्विटी पोर्टफोलियोको (म्युचुअल फण्डमा गरिएको लगानी समावेश नगरिएको)मुल्य/आम्दानी अनुपात (PE Ratio) २५।५६ रहेको छ।

७ योजनाको लेखापरीक्षण शुल्क लेखापरीक्षक नियुक्ति भए पश्चात मात्र खुद सम्पति मूल्यमा समावेश गरिनेछ।

८ योजनाको साप्ताहिक खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण योजना व्यवस्थापकको वेव साईटमा हेर्न सकिनेछ।

९ योजना सम्बन्धि कुनै जिज्ञाशा वा गुनासो रहेमा हामीलाई ईमेल

Request for Proposals

Nabil Bank Ltd. invites sealed proposals from interested Insurance companies for insurance of gold & precious metals worth **NPR. 400 Million** held as collateral for gold loan purpose.

Details of the requirement:

1. The total number of branches which shall be included for the insurance:
   a) Suryabinakak Branch
   b) Kalimati 2 Branch
   c) Kumaripati 2 Branch
   d) Phidim Branch
   e) Chipledhunga Branch
   f) Butwal Chauraha Branch
   g) Nepalgunj Bhanubhakta Chowk Branch
   h) Dharan Bargachi Branch
   i) Koteshwor Branch
   j) Mangalbazar Branch
   k) Khichapokhari Branch
2. The number of branches may be increased in the future as per the bank's internal policy.
3. Bidders must submit following documents:
   a) PAN/VAT Certificate- Notarized Copy
   b) Firm/Company Registration (renewed)- Notarized Copy
   c) Audited Balance Sheet of Last Two years
   d) Copy of Tax clearance (updated)- Notarized Copy
   e) List of Prime Customers
   f) Company profile with brief introduction of promoters and key management team
   g) Self- declaration not being black listed or under any legal prosecution.
4. The hard copy of Proposal/ Bid document along with copy of other supporting documents must be submitted in a sealed envelope to **Nabil Bank Limited, Administration Department, Ghantaghar Building 4th floor, Kathmandu, Nepal,** not later than 4:00 PM, 9 May 2024 (27 Baishak, 2081). Bid documents received after this deadline shall not be accepted.
5. The bids shall be opened on 10 May, 2024 (28 Baishak, 2081) at **Nabil Bank Ltd. Ghantaghar Building, Kathmandu** in absence/ presence of the bidder's representative. Non- attendance of any or all of the bidder's representatives shall not hinder opening of the bids.
6. In case the last day of bid submission or bid opening date falls on a government holiday, then next working day shall be applicable for the same.
7. The Bank reserves the ultimate rights to accept/ reject any proposals and shall not be required to disclose any reason whatsœver and will not be compelled to accept the lowest bid.

NABIL BANK®

Nabil Bank Limited, Administration Department Ghantaghar, Kathmandu Contact No: - 01-5971871

GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL

कर्जा सुरक्षण बापतको धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५(पन्ध्र) दिने अत्यन्त जरूरी सूचना

प्रकाशित मितिः २०८१/०१/१३

यस गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)को प्रधान कार्यालयबाट तपाई ऋणीले तपसिलमा उल्लेखित अचल सम्पत्ति धितो सुरक्षण दिई कर्जा लिनु भएकोमा उक्त कर्जाको लिखत बमोजिम यस वित्तीय संस्थामा बुझाउनु पर्ने मासिक साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुर समेत नबुझाई ऋण कर्जा सम्बन्धी शर्त एवं बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा तपाईलाई पटक पटक लिखित मौखित तथा घर ठेगानामा समेत आई तरताकेता गर्दा समेत सो ऋण कर्जाको किस्ता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोमा सो सम्बन्धमा कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुरहरु समेत चुक्ता भुक्तान गर्न आउने सम्बन्धि ३५(पैंतिस) दिने सूचना प्रकाशित गर्दा समेत ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुरहरु समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरि बस्नु भएकोले कर्जा लिंदा धितो सुरक्षण स्वरुप लेखिदिएको तपसिल बमोजिमको धितो जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा लिलाम बिक्री गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको १५(पन्ध्र) दिन भित्र यस वित्तीय संस्थामा उपस्थित भई ऋणीले यस वित्तीय संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुरहरु नबुझाएमा प्रचलित अन्य ऐन कानून एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(१) को अधिकार प्रयोग गरी ऋण कर्जा लिंदा धितो सुरक्षण स्वरुप लेखिदिएको तपसिल बमोजिमको अचल सम्पत्ति गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुँदा उल्लेखित अचल सम्पत्ति लिलाममा खरिद गर्न ईच्छुक महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यस वित्तीय संस्थाको का.जि.का.म.न.पा. वडा नं. १ हात्तीसारस्थित प्रधान कार्यालयमा कार्यालय समय भित्र शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । साथै तपसिल बमोजिमको धितोबाट यस संस्थाको लेना रकम असुल उपर नभएमा ऋणी तथा व्यक्तिगत जमानी दिनेको घर घराना, चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिने तथा नेपाल राष्ट्र बैंकको निर्देशानुसार ऋणीलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समेत समावेश गरिने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

तपसिल

क्र.सं	ऋणीको विवरण	सुरक्षण बापत धितोको विवरण	व्यक्तिगत जमानीवाला
१.	नामः स्मार्क टेड्र एण्ड सप्लायर्स ठेगानाः काठमाडौं जिल्ला टोखा न.पा. वडा नं. ३, काठमाडौं । प्रोप्राईटरः रविन्द्र खड्का प्रा.फ.र.नं. ३-३५-३८७-१६०३६१/२०७८/७९ दर्ता मितिः २०७८/११/२० स्थायी लेखा नं.: १२४०५२१७६ स्थायी दर्ता मितिः २०७८/११/२० कर्जाः व्यापारिक	सिद्धि बहादुर के.सी.को नाति जित बहादुर के.सी.को छोरा काठमाडौं जिल्ला काभ्रेस्थली गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला तारकेश्वर न.पा. वडा नं. २ बस्ने राजेन्द्र कुमार के.सी.को नाममा मालपोत कार्यालय मनमैजुमा एकलौटी दर्ता श्रेस्ता कायम रहेको काठमाडौं जिल्ला काभ्रेस्थली गा.वि.स. वडा नं. ५, नक्सा सिट नं. ५ङ को कि.नं. ५६३ को क्षेत्रफल ०-९-०-० को जग्गा र सो जग्गाले चर्चेको तथा भविष्यमा चर्चने लिगलगापात समेत ।	१. नामः रविन्द्र खड्का ठेगानाः रामेछाप जिल्ला बेथान गा.वि.स. वडा नं. २ हाल काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. १० बाजेः मान बहादुर खड्का बाबुः छत्र बहादुर खड्का ना.प्र.नं.: २१-०१-६९-३५३०२ जारी मितिः २०६९/१०/०३ जि.प्र.का. रामेछाप २. नामः छत्र बहादुर खड्का ठेगानाः रामेछाप जिल्ला बेथान गा.वि.स. वडा नं. २ हाल का.जि. बुढानिलकण्ठ न.पा. वडा नं.१० बाजेः बखत बहादुर खड्का बाबुः मान बहादुर खड्का ना.प्र.नं.: २९२३ जारी मितिः २०४४/११/२८ जि.प्र.का. रामेछाप ३. नामः राजेन्द्र कुमार के.सी. ठेगानाः काठमाडौं जिल्ला काभ्रेस्थली गा.वि.स. वडा नं. ५ हाल काठमाडौं जिल्ला तारकेश्वर न.पा. वडा नं. २ बाजे : सिद्धि बहादुर के.सी. बाबु : जित बहादुर के.सी. ना.प्र.नं. ६३०१/८६००/३१६५० जारी मिति : २०३९/१०/२६ जि.प्र.का. काठमाडौं ४. नामः दुर्गा बरुवाल ठेगानाः काठमाडौं जिल्ला महाँकाल गा.वि.स. वडा नं. ७ हाल काठमाडौं जिल्ला तारकेश्वर न.पा. वडा नं. २ बाबुः फल बहादुर वरुवाल ससुराः जित बहादुर के.सी. पतिः राजेन्द्र कुमार के.सी. ना.प्र.नं.: ४/१२७१ जारी मितिः २०४४/१२/६ जि.प्र.का. काठमाडौं ५. नामः सविन के.सी. ठेगानाः काठमाडौं जिल्ला काभ्रेस्थली गा.वि.स. वडा नं. ५ हाल काठमाडौं जिल्ला तारकेश्वर न.पा. वडा नं. २ बाजेः जित बहादुर के.सी. बाबुः राजेन्द्र कुमार के.सी. ना.प्र.नं.: २७१०३३/४२३४१ जारी मितिः २०६६/०४/०४ जि.प्र.का. काठमाडौं

लिलामी बिक्री सम्बन्धी शर्तहरुः

- शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र प्राप्त भई सक्नु पर्नेछ । सो समय पछि प्राप्त भएका रीत नपुगी वा अमान्य शर्तहरु राखि पेश गरिएको बोलपत्रहरु मान्य हुने छैन । उल्लेखित समय भित्र प्राप्त भएका बोलपत्रहरु सूचना प्रकाशित भएको मितिले १६ औं दिनमा (सो दिनमा विदा परेमा त्यसको लगतै सरकारी कार्यालय खुल्ने दिनमा) यस वित्तीय संस्थाको प्रधान कार्यालय, हात्तीसारमा खोलिने छ ।
- उल्लेखित समय भित्र परेका बोलपत्रहरु कुनै कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस वित्तीय संस्थामा निहीत रहनेछ ।
- शिलबन्दी बोलपत्रमा प्रष्टरुपमा ईच्छुक खरिदकर्ताको नाम, ठेगाना, नागरिकताको फोटोकपी प्राकृतिक व्यक्तिको हकमा तिन पुस्ते विवरण एंव आफ्नो पहिचान खुल्ने कागजात संलग्न गरी आफुले सो अचल सम्पत्ति के कति मुल्यमा खरिद गर्ने हो सो मुल्य अंक र अक्षरमा स्पष्ट खुलाउनु पर्नेछ । बोलपत्र दाखिला गर्दा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुने रकम धरौटी स्वरुप यस कार्यालयमा रहेको खाता नं. १८०८००००००००००१००४ Margin Deposit Auction मा नगद वा यस वित्तीय संस्थाको नाममा खिचिएको Good For Payment चेक जम्मा गर्नु पर्नेछ । उक्त रकम बोलपत्र स्वीकृत नभएमा फिर्ता गरिनेछ । धरौटी रकम फिर्ता गरिंदा धरौटी रकमको ब्याज दिईने छैन ।
- प्राप्त बोलपत्रमा अधिकतम अंक कबोल गर्ने व्यक्तिको कबोल अंक यस वित्तीय संस्थालाई स्विकार्य भएमा सो अचल सम्पत्ति बिक्री गरिनेछ ।
- लिलाम बिक्री हुने अघिल्लो दिन सम्ममा ऋणीको तर्फबाट यस संस्थालाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा वित्तीय संस्थाले सो लिलाम बिक्री रद्द गर्न सक्नेछ ।
- स्वीकृत बोलपत्रवालाले वित्तीय संस्थाले तोकेको मितिमा धरौटी बाहेकको बाँकी रकम नगद जम्मा गरि सो अचल सम्पत्ति आफ्नो नाममा नामसारी गर्नु पर्नेछ । सो कार्य गर्दा हाल सम्मको बक्यौता तथा कानून बमोजिम लाग्ने नामसारी दस्तुर लगायत अन्य कर शुल्क आदि बोलपत्रवालाले नै व्यहोर्नु पर्नेछ । तोकिएको समय भित्र बाँकी रकम जम्मा नगरेमा धरौटी बापत जम्मा गरेको रकम जफत हुनेछ ।
- बोलपत्र बमोजिम बिक्री गरिने सम्पत्ति हेर्न निरिक्षण गर्न र सो बारे अन्य थप जानकारी चाहिएमा कार्यालय समय भित्र यस वित्तीय संस्थाको प्रधान कार्यालय, हात्तिसारमा सम्पर्क राख्न सक्नुहुनेछ ।
- बोलपत्र नपरेमा वा परेका बोलपत्र वित्तीय संस्थाले अस्वीकृत गरेमा वा लिलाम बिक्री गर्दा कसैले नसकारेमा उल्लेखित अचल सम्पत्तिको स्वामित्व आफ्नो अनुकुलमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(७) बमोजिम आफ्नो नाममा लिई सोझै बिक्री वितरण गर्न सक्ने व्यहोरा समेत सूचित गरिन्छ ।
- आवश्यक कागजातहरु लगायत उपरोक्त सम्बन्धमा अन्य विस्तृत विवरणका लागि यस वित्तीय संस्थाको प्रधान कार्यालय, हात्तीसारमा सम्पर्क राख्न सक्नु हुनेछ ।

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

केन्द्रिय कार्यालय
हात्तीसार, काठमाण्डौं, पो.ब.नं. ८८६७
फोनः ४५४४०३५, फ्याक्सः ४५४३४१४
इमेलः info@goodwill.net.np

शाखा कार्यालयहरु
डिल्लीबजार ४४२२२५० | इन्द्रचोक ५३२५५५४ | भक्तपुर ६६२००६७ | कुमारीपाटी ५४०८६५० | त्रिपुरेश्वर ५३३१५३३ | नयाँबजार ५५१७७३८ | ईटहरी, सुनसरी ०२५-५८७०५१ | वितामोड ०२३-५३०५४८ | नेपालगंज ०८१-५३२०५६
घोराही, दाङ्ग ईलाम ०८२-५६३३५० | फिदिम ०२४-५२१०६८ | बुटवल ०७१-५३७२८२ | बर्दिबास ०४४-५५०१०२ | धनगढी ०९१-४१७३५७ | नवलपुर ०४६-५७००६० | गैंडाकोट ०७८-५०१४११ | भैरहवा ०७१-५९०९६३

GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL

सुरु भयो हिमालयन हाइड्रो एक्स्पो

काठमाडौं/ चौथो संस्करणको 'हिमालयन हाइड्रो एक्स्पो, २०२४' सुरु भएको छ। स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) र एक्स्पो एन्ड इभेन्ट म्यानेजमेन्ट सर्भिसेज प्रालिको संयुक्त आयोजनाबाट बुधबारदेखि काठमाडौंको भृकुटीमण्डमा एक्स्पो सुरु भएको हो। एक्स्पो आगामी शुक्रबार हुनेछ। यद्यपि, एक्स्पोको औपचारिक उद्घाटन भने बिहीबार हुँदै छ। बिहीबार बिहान १० बजे राष्ट्रपति रामचन्द्र पौडेलले एक्स्पोको औपचारिक उद्घाटन गर्ने कार्यक्रम तय भएको छ।

एक्स्पोको पहिलो दिन विद्युतीय सवारी (इभी) च्याली गरिएको थियो। विद्युत्को खपत बढाउने सन्देशसहित गरिएको च्यालीको उद्घाटन ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्री शक्तिबहादुर बस्नेतले गरेका छन्। चौथो संस्करणको हिमालयन हाइड्रो एक्स्पोको सुरुवातअघि बिहान विद्युतीय सवारी प्रवर्द्धन र विद्युत् खपत बढाउने सन्देश दिंदै इभी च्याली आयोजना गरिएको इप्पान अध्यक्ष गणेश कार्कीले जानकारी दिए।

हाइड्रो एक्स्पोको सुरुवातअघि भएको च्याली कमलादीको स्काई वाक टावरबाट सुरु भई सिंहदरबार, बानेश्वर, सातदोबाटो, एकान्तकुना, पुल्चोक, त्रिपुरेश्वर, नारायणहिटी, हुँदै भृकुटीमण्डपमा गएर समापन भएको थियो। च्यालीमा ३ सयभन्दा बढी विद्युतीय सवारी सहभागी थिए। ऊर्जा मन्त्री बस्नेतले लगानी सम्मेलनको पूर्व सन्ध्यामा आयोजना गरेको हिमालयन हाइड्रो एक्स्पोले लगानी सम्मेलनलाई अझै सार्थक बनाउने विश्वास व्यक्त गरे। 'हाइड्रो एक्स्पो अघि सुरु भएको यो च्यालीले स्वदेशी बिजुली खपत बढाउन र विद्युतीय सवारी प्रर्वद्धनमा समेत सहयोगी सावित हुनेछ' उनले भने।

एक्स्पो व्यवस्थापक इभेन्ट सोलुसनका प्रबन्धक बिजयसागर प्रधानले विद्युतीय सवारी स्वदेशी बिजुली खपतका साथै वातावरणमैत्री रहेका कारण नेपालका लागि उपयुक्त रहेको बताए। एक्स्पोमा दिगो, समावेशी, हरित, पहुँचयोग्य र प्रतिफलयुक्त ऊर्जा विकासका विविध आयामसँगै ऊर्जासँग सम्बन्धित स्वदेशी र विदेशी लगानी, पुँजी संकलन र व्यवस्थापन, जनताको सहभागिता, आन्तरिक खपत र विद्युत् व्यापार, समृद्धि र सामाजिक विकास, नीति र राजनीतिको प्राथमिकतालगायतका विषयमा सातवटा प्राविधिक सत्र हुनेछ।

कार्यक्रममा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री भगवती चौधरीले ऊर्जा क्षेत्रमा महिला लगानीकर्तालाई प्रोत्साहन गर्नुपर्ने बताइन्। उद्योग वाणिज्य श्रम उपभोक्त समितिका सभापति अब्दुल खानले भने विद्युत्विना देशको विकास सम्भव नभएको बताए। यस्तै, उद्योग वाणिज्य महासंघका उपाध्यक्ष हेमराज ढकालले लगानीका लागि ऊर्जा क्षेत्र उपयुक्त भएको बताए। सम्मेलनमा विभिन्न स्वदेशी तथा विदेशी कम्पनीले जलविद्युत् परियोजनाको निर्माणसम्बन्धी आवश्यक सामग्री तथा सेवा प्रदर्शनी गरेका छन्।

यसैगरी, बैंक तथा वित्तीय संस्था र बिमा कम्पनी पनि रहेका छन्। एक्स्पोमा १२ भन्दा बढी देशका कम्पनीले १०० भन्दा धेरै स्टलमा आफ्नो वस्तु तथा सेवा प्रदर्शन गरेका छन्। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र लगानी बोर्ड नेपालको संरक्षकत्वमा आयोजना हुने हाइड्रो एक्स्पोको कन्ट्री पार्टनरमा भारतीय राजदूतावास रहेको छ।

नेपाल लाइफको 'केटाकेटी सुनौलो भविष्य बिमा योजना'

काठमाडौं/ नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले 'नेपाल लाइफ केटाकेटी सुनौलो भविष्य जीवन बिमा योजना' सार्वजनिक गरेको छ।

बालबालिकाका लागि स्थिर र समृद्ध भविष्य सुनिश्चित यो योजना ल्याएको कम्पनीले जनाएको छ। योजनामार्फत आमाबाबुले आफ्नो बच्चाको सुनौलो भविष्य, गुणस्तरीय शिक्षा सुरक्षित छ भनी सुनिश्चित गर्न सक्ने र शैक्षिक खर्चदेखि लिएर बलियो आर्थिक सुरक्षा यस बिमा योजनाले प्रदान गर्ने बताइएको छ। 'सुनिश्चित शिक्षा, सुरक्षित भविष्य' नाराका साथ सार्वजनिक गरिएको बिमा योजना बालबालिकासम्बन्धी सावधिक जीवन बिमा (मुनाफामा सरिक हुने) हो।

यसमा बिमित बालबालिकाको प्रवेश उमेर एक महिना (३० दिनपछि)देखि १७ वर्षसम्म रहने र प्रस्तावकको प्रवेश उमेर २१ वर्षदेखि ६५ वर्षसम्म रहने कम्पनीले जनाएको छ। साथै, न्यूनतम बिमाशुल्क भुक्तानी अवधि पाँच वर्षदेखि अधिकतम बिमाशुल्क भुक्तानी अवधि २५ वर्षसम्म हुनेछ।

चेम्बर अफ कमर्सका २४ समितिको नेतृत्व चयन

काठमाडौं/ नेपाल चेम्बर अफ कमर्सका विषयगत समितिको नेतृत्व चयन भएको छ। चेम्बरअन्तर्गतका २४ वटा विभागको सभापति चयन भएको हो। विपत् व्यवस्थापन परिषद्को सभापतिमा वरिष्ठ उपाध्यक्ष दीपक मल्होत्रा चयन भएका छन् भने महिला सभापतिमा उपाध्यक्ष उर्मिला श्रेष्ठ, रोजगारदाता परिषद्को सभापतिमा उपाध्यक्ष दीपक श्रेष्ठ चयन भएका हुन्।

यस्तै, उपाध्यक्षहरू सुरेन्द्रकुमार श्रेष्ठ वस्तुगत समन्वय परिषद्, नीलकण्ठ चौलागाईं संस्थागत समन्वय परिषद एवं सन्तोष कुमार पाण्डे जिल्ला समन्वय परिषद्को सभापति बन्नुभएको हो। मानार्थ उपाध्यक्ष अर्जुनप्रसाद शर्मा अन्तराष्ट्रिय प्रर्वद्धन समितिको सभापति चयन भएका छन्। उपभोक्ता हित आपूर्ति, स्थानीय निकाय, प्रशासन तथा स्थानीय प्रशासन, सुरक्षा समन्वयमा देवेन्द्रभक्त श्रेष्ठ, राजस्व समितिमा पर्शुराम दाहाल, अतिथि सत्कार, क्लब तथा मर्मत सम्भारमा राजारत्न तुलाधर, मेला समितिमा राष्ट्रभूषण चाकुबजी, कृषि जडिबुटी तथा बनजन्य समितिमा कृष्णमान श्रेष्ठ, उद्योग वाणिज्य समितिमा सभापतिमा भीमलाल पौडेललगायतका समिति चयन भएका छन्।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय, चावहिलको
सफाईको सबुत प्रमाण पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रकाशित मिति : २०८१/०१/१३

यस कार्यालय अन्तर्गतका तपसिलमा उल्लिखित करदाताहरु छानबिन तथा अनुसन्धान र पूर्ण कर परीक्षणका लागि छनौट भएकोमा करदाता दर्ता हुँदाको अवस्थामा उपलब्ध गराएको ठेगाना तथा अभिलेखमा उल्लिखित टेलिफोन/इमेल तथा हुलाक मार्फत पत्राचार वा सम्पर्क स्थापित गर्ने प्रयास गर्दा समेत सम्पर्क नभएकोले उल्लिखित आ.व. को कारोबारसँग सम्बन्धित सम्पूर्ण खाता, बही, बिल, भरपाई तथा बैंक स्टेटमेन्ट लगायत कारोबारसँग सम्बद्ध अन्य आवश्यक कागजातसहित कार्यालयमा उपस्थित हुनको लागि मिति २०८०/१२/०८ मा अन्नपूर्ण राष्ट्रिय दैनिकमा सूचना प्रकाशन गरिएकोमा तोकिएको म्याद भित्र प्रमाण कागजात पेश नगरेको तथा सम्पर्कमा नआएको हुँदा उपलब्ध वित्तीय विवरण, आय विवरण लगायतका कार्यालयमा उपलब्ध सूचनाको आधारमा तपसिलका आ.व.हरुको तपसिल बमोजिमको कर लाग्ने देखिएको हुँदा उल्लेखित कर निर्धारण गर्नु नपर्ने आधार र कारण भएमा यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र प्रमाण सहित पेश गर्नुहुन आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा १०१(६) तथा मू.अ.कर ऐन, २०५२(संशोधन सहित)को दफा २०(१) तथा मू.अ.कर नियमावली, २०५३ को नियम २९(१) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। उल्लिखित म्याद भित्र प्रमाण कागजात पेश नभएमा तपसिल बमोजिमको कर निर्धारण गरी सो रकममा कानून बमोजिम शुल्क, ब्याज तथा जरिबाना समेत गणना भई जाने बेहोरा समेत जानकारी गराइन्छ।

तपसिल

सि. नं	स्था. ले. नं.	करदाताको नाम	ठेगाना	प्रो./साझेदार/सञ्चालक/प्रमुखको नाम	आ.व.	आयकरतर्फ		मू.अ.कर रकम (ब्याज, जरिबाना, थप दस्तुर समेत) रु.
						कायम हुने संशोधित करयोग्य आय	दाखिला गर्नुपर्ने आयकर रकम (शुल्क, बयाज समेत) रु.	
१	६०७५०५९८०	बज्रपानी हार्डवेयर इन्टरप्राइजेज	कागेश्वरी मनोहरा ८, डांछी	सरीता लामा	२०७४।०७५	१७३३३६२८।००	१६१०७४६१।४७	७४९७५६२।००
२	६०६६४०६७५	बान्नीगढी ड्रिलिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि.	बुढानिलकण्ठ १२, दुर्गा मन्दिर	लोक बहादुर लुहार	२०७५।०७६	४४८४७९१।००	२६४८३२९।६७	१६१६९४५।००
३	६०२३४०३४६	रुद्रमती ट्रेड कन्सर्न	बुढानिलण्ठ ९, मण्डिखाटार	तिल कुमारी तिमल्सिना	२०७३।०७४ २०७४।०७५	३१०१७११।०० ५९१८२८२।००	२२१७८०६।८० ४९०७९९५।९३	१२८३७१२।०० २४०७२०२।००
४	६००४३९८३९	वर्ल्ड ट्राभल्स एण्ड इन्भेष्टमेन्ट प्रा.लि.	काठमाडौं ७, सिफल	पृथ्वी बहादुर शाह	२०७६।०७७	३५४७८१९।००	१८७२४०१।८१	दर्ता नभएको
५	६०३७६७९६२	कृष्ण कन्स्ट्रक्सन	काठमाडौं ५, नयाँबस्ती	दिप बहादुर के.सी.	२०७६।०७७	३६२४३६९९।२०	२६४६७५५८।४८	६३६९९४५।००
६	६०६५८९२२४	सावरिया होलसेल मार्ट प्रा.लि.	काठमाडौं ७, चावहिल	रंजीता सिंगानीया	२०७६।०७७	२८०६८०६९।०६	१४९३००२४।८९	५४०६९००।००

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय, भरतपुरको
सफाईको सबुद प्रमाण पेश गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना

सूचना प्रकाश (सूचना प्रकाशन मितिः २०८१।०१।१३)

यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत दर्ता रहेका तपसिलमा उल्लेखित करदाताहरूको देहाय बमोजिमका आ.व. हरूको कारोबारको छानविन तथा अनुसन्धान गरी आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिमको संशोधित कर निर्धारणको सूचना तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) बमोजिमको प्रारम्भिक कर निर्धारण आदेश जारी गरिएको छ। त्यसरी संशोधित कर निर्धारण हुनु नपर्ने तथा मू.अ.कर निर्धारण गर्नु नपर्ने कुनै कारण भए सफाईको सबुद प्रमाण यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्नुहुन आयकर ऐन, २०५८ को दफा ७९(३) तथा मू.अ.कर नियमावली, २०५३ को नियम ३१(३) को प्रयोजनको लागि सूचना प्रकाशित गरिएको छ। उपर्युक्त बमोजिमको समायावधिभित्र ठोस सबुद प्रमाण पेश नगरेमा आयकर ऐन, २०५८ को दफा १०२ अनुसार संशोधित कर निर्धारण र मू.अ.कर नियमावली, २०५३ को नियम २९(३) अनुसार अन्तिम कर निर्धारण आदेश जारी हुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

तपसिलः-

सि.नं.	करदाताको नाम	स्थायी लेखा नं.	ठेगाना	जिम्मेवार व्यक्ति	आ.व.
१.	नमोबुद्ध सप्लायर्स	६०७९०४९३४	भरतपुर म.न.पा.-०३, न्यूरोड	बुद्धिमाया गुरूङ्ग	२०७५/०७६
२.	समिक्षा स्टोर्स	६०७४७१६१६	भरतपुर म.न.पा.-०३, धर्मचोक	लेख बहादुर गुरूङ्ग	२०७४/०७५ र २०७५/०७६
३.	विवेक सप्लायर्स	६०७२६८२८७	भरतपुर म.न.पा.-०३, बेलचोक	विदुर कंडेल	२०७५/०७६
४.	वादल एण्ड प्रतिक सप्लायर्स	६०२८२३९६८	भरतपुर म.न.पा.-०३, कमलनगर	सुरेश प्रसाद साह कानू	२०७५/०७६
५.	न्यू शिव गंगा इम्पोरियम	३००२२८१४०	भरतपुर म.न.पा.-०१, पुल्चोक चितवन	नविन प्रसाद रौनियार	२०६८/०६९
६.	ऋचा ट्रेड कन्सर्न	३०४६०२४७८	भरतपुर म.न.पा.-०४, लंकु चितवन	मनोहर कार्की	२०७३/०७४
७.	सुवर्ण स्टोर्स	३००६४११२१	भरतपुर म.न.पा.-०१, मिलनरोड चितवन	राजेन्द्र बहादुर श्रेष्ठ	२०७१/०७२
८.	न्यू सोना इलेक्ट्रोनिक्स	६०२०५२१०८	भरतपुर म.न.पा.-०३, आनन्द मार्ग चितवन	राधिका वाग्ले	२०७१/०७२
९.	एन्जल सप्लायर्स	६०७९९३४५९	भरतपुर म.न.पा.-०३, न्यूरोड, चितवन	भारती श्रेष्ठ	२०७५/०७६
१०.	जय बजरङ्गवली स्क्रेप	६००३३६९२७	भरतपुर म.न.पा.-०४, बेलचोक, चितवन	मूना प्रसाद जैसेवाल	२०७१।०७२ र २०७३।०७४
११.	प्रिया सप्लायर्स	६०७९९३४४६	भरतपुर म.न.पा.-०४, धर्मचोक, चितवन	सोनिया गुरुङ्ग	२०७५/०७६
१२.	लक्ष्मी ट्रेडर्स एण्ड सप्लायर्स	६०२५२९३२७	भरतपुर म.न.पा.-०४, धर्मचोक, चितवन	सरोज कुमार गुप्ता	२०७५/०७६
१३.	प्रगति ट्रेडर्स	६०६१३७५५९	भरतपुर म.न.पा.-०५, धर्मचोक, चितवन	गुमानी साह	२०७३/०७४ र २०७४/०७५
१४.	निरज ट्रेडर्स एण्ड सप्लायर्स	६०३८२०१२६	भरतपुर म.न.पा.-०३, न्यूरोड, चितवन	श्रीराम ठाकुर	२०७३/०७४, २०७४/०७५ र २०७५/०७६
१५.	जयसवाल इन्टरप्राइजेज	३०३८९५९६९	भरतपुर म.न.पा.-०३, बेलचोक, चितवन	बम शंकर जयसवाल	२०७१/०७२
१६.	कुमारी सप्लायर्स	६०७९६७९०२	भरतपुर म.न.पा.-०२, क्षेत्रपुर, चितवन	पर्रि माया गुरुङ्ग	२०७४/०७५ र २०७५/०७६
१७.	एस.वि. कन्स्ट्रक्शन	३०११११४४२८	भरतपुर म.न.पा.-०७, दिपेन्द्रचोक, चितवन	भरत मणी पौडेल	२०६८/०६९
१८.	विष्णु सप्लायर्स	६०७५२८६९९	भरतपुर म.न.पा.-०४, धर्मचोक, चितवन	विष्णु कुमार बि.क.	२०७४/०७५ र २०७५/०७६
१९.	मां अम्बे ट्रेडर्स	६०६०५८०५०	भरतपुर म.न.पा.-०३, कमलनगर, चितवन	अमित जयसवाल	२०७४/०७५ र २०७५/०७६
२०.	शिवम ट्रेडर्स	६०६२८८९५२	भरतपुर म.न.पा.-०३, कमलनगर, चितवन	दिनेश कुमार साह	२०७४/०७५ र २०७५/०७६

नेपाल–कतार...

पृष्ठ १ बाट क्रमशः

सल्लाहकार डा. रूपक सापकोटाले नयाँ पत्रिकासँग भने, 'कतारसँग सम्बन्धको नयाँ ढोका खुलेको छ।'

प्रधानमन्त्री प्रचण्ड र कतारका राजा थानीबीच मंगलबार र बुधबार दुईपटक एक्लाएक्लै वार्ता भएको छ। उनी मंगलबार अपराह्न काठमाडौं ओर्लिएलगत्तै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अतिविशिष्ट कक्षमा प्रधानमन्त्री प्रचण्डले अनिर्धारित छलफल गरेका थिए। जसले, राजा थानीलाई शीतलनिवास र बुधबार प्रधानमन्त्रीसँग औपचारिक वार्ताका लागि आधार तयार गरेको थियो।

प्रधानमन्त्री प्रचण्डले बुधबार औपचारिक वार्ताअघि पनि राजा थानीसँग एक्लै छलफल गरेका थिए। सल्लाहकार डा. सापकोटाले एक्लाएक्लै भेटवार्तामा प्रधानमन्त्रीले नेपालका ठूला परियोजनामा लगानीलगायतका विषयमा छलफल गरेको आफूले बुझेको बताए। नेपालमा लगानीका लागि वातावरण बनेको र सरकारले लगानी सम्मेलनमार्फत पहलकदमी पनि लिएको भन्दै प्रधानमन्त्री प्रचण्डले कृषि, शिक्षा, भौतिक पूर्वाधार, ऊर्जाका क्षेत्रमा नेपालले कतारको लगानी चाहेको बताएका थिए।

कतारी राजाले त्यसका लागि कतार सकारात्मक रहेको बताए। उनले दुई देशबीच हवाई कनेक्टिभिटी बढाउनेलगायत लगानी र सहकार्यमा अघि बढ्न सकारात्मक रहेको पनि सुनाए। लगानीको सम्भाव्यता पहिचान गर्न र थप छलफल गर्न राजाले टिम बनाउने प्रस्ताव गरेको र प्रधानमन्त्री प्रचण्ड सहमत भएको उनका सल्लाहकार डा. सापकोटाले बताए।

बुधबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कतारका राजा शेख तमिम बिन हमाद अल थानीलाई बिदाइ गर्दै राष्ट्रपति रामचन्द्र पौडेल। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

प्रधानमन्त्री प्रचण्डले कतारमा कार्यरत करिब चार लाख नेपाली द्विपक्षीय सम्बन्धलाई जोड्ने महत्त्वपूर्ण सूत्र भएको बताए। उनले कतारमा दक्ष तथा अर्धदक्ष श्रमिकहरू पठाउन नेपालमा व्यावसायिक तालिम र सीप विकास केन्द्रहरू स्थापना गर्न लागिएकाले त्यसमा सहयोग गर्न आग्रह गरेका थिए। 'दुई देशबीचको श्रम सहकार्यबाट नेपाल र कतारको अर्थतन्त्रमा सकारात्मक प्रभाव पारेको छ। नयाँ सापेक्षतामा श्रम सहकार्य सुदृढ गरौं,' कतारी राजाको भनाइ थियो, 'नेपाली श्रमिकहरूको सीप अभिवृद्धिका लागि कतार सरकार सहयोग गर्न तयार छ।'

प्रधानमन्त्री प्रचण्डले विश्वका युद्ध र द्वन्द्वहरूलाई शान्तिपूर्ण समाधानका लागि कतारले सहजीकरण र मध्यस्थता गरेको भन्दै प्रशंसा गरे। उनले हमास समूहको कब्जामा रहेको भनिएका कञ्चनपुरका विपिन जोशीको सकुशल स्वदेश फिर्ताका लागि उच्चस्तरीय प्रयास गर्न राजाको ध्यानाकर्षण गराए। कतारी राजाले जवाफ दिए, 'यसबारेमा म जानकार छु, यसमा हामी प्रयासरत छौं।'

प्रधानमन्त्री प्रचण्डले नेपालको पर्यटकीय राजधानी पोखरा र बुद्ध जन्मभूमि लुम्बिनीमा पनि कतार एयरलाइन्सको उडान हुनुपर्ने बताएका थिए। जवाफमा राजाले समग्र सहकार्यका विषयमा संयुक्त टिम बनाएर गृहकार्य गर्न सुझाव दिएका थिए।

प्रधानमन्त्री प्रचण्डले कृषि, खानी, ऊर्जा र जलविद्युत्, पूर्वाधार विकास, पर्यटन, सूचना तथा सञ्चार प्रविधि र सेवा तथा सत्कार क्षेत्रहरू वैदेशिक लगानीका लागि उपयुक्त रहेको बताएका थिए। नेपालबाट बोतलबन्द स्वच्छ पिउने पानी आपूर्ति हुन सक्ने सम्भावनाबारे पनि छलफल गरेका थिए। नेपाल र कतारबीच सौहार्दपूर्ण मित्रता, आपसी सम्मान, विश्वास र सहयोगमा आधारित सम्बन्ध रहेको बताउँदै प्रधानमन्त्री प्रचण्डले राजाको भ्रमणले सम्बन्ध नयाँ उचाइमा पुगेको बताए।

आगामी साता हुने लगानी सम्मेलनमा कतारबाट उच्चस्तरीय प्रतिनिधिमण्डल तथा लगानीकर्ताहरूको टोली नेपाल आउने अपेक्षा पनि प्रधानमन्त्री प्रचण्डले व्यक्त गरे। उनले आर्थिक विकास नेपालको प्राथमिकता भएको उल्लेख गर्दै सन् २०२६ मा अतिकम विकसित मुलुकको स्तरबाट स्तरोन्नतिलगायतका विकासका आकांक्षाहरू पूरा गर्न सहयोगको अपेक्षा राखेको बताए। यसका लागि जलविद्युत् उत्पादन, अस्पताल तथा स्वास्थ्य संस्थाहरू वा अन्तर्राष्ट्रिय स्तरका क्रिकेट तथा फुटबल रगशालाजस्ता ठूला पूर्वाधार परियोजनाहरूको विकासका लागि कतार सरकारबाट अनुदान प्राप्त हुने पनि प्रधानमन्त्रीको विश्वास थियो।

प्रधानमन्त्री र कतारका राजाबीच भेटपछि कतारसँग नेपालको सहकार्यको क्षेत्र विस्तार भएको परराष्ट्र सल्लाहकार सापकोटाले बताए। 'नेपाल र कतारबीच सहकार्यका लागि नयाँ क्षितिज खुलेको छ। नेपालमा लगानीको वातावरण तयार छ,' उनले भने, 'सरकारको यो पहलकदमीले कतारबाट मात्र नभएर अरबबाट नेपालमा लगानी र सहकार्यका लागि ढोका खुलेको छ।'

०६१ सालमा कतारसँग भएको श्रम सम्झौताका हस्ताक्षरकर्ता पूर्वपरराष्ट्रमन्त्री रमेशनाथ पाण्डेले राजाको नेपाल भ्रमण दीर्घकालीन रूपमा फलदायी भएको बताए। 'कतारका राजाले दक्षिण एसियामा बंगलादेशसँगै नेपाललाई पहिलो भ्रमणका रूपमा रोज्नुको कूटनीतिक अर्थ र सामरिक मनसाय दीर्घकालीन महत्त्वको थियो,' पाण्डेले भने, 'प्रधानमन्त्री प्रचण्डसँग अमिरले गर्नुभएको अनिर्धारित र पूर्वनिर्धारित एकान्त छलफलले भ्रमण दीर्घकालीन रूपमा फलदायी भएको हुनुपर्छ। नेपालले मध्यपूर्वको ठूलो शक्ति तथा भूमण्डलीय शक्ति राजनीतिमा दबाब बढाउँदै लगेका राजाको भ्रमणका उपलब्धिलाई भविष्यमा उपयोग गर्नमा शिथिलता देखाउनुहुँदैन।'

दक्षिण एसियाका बंगलादेश र नेपालको राजकीय भ्रमण सकेर कतारका राजा थानी बुधबार अपराह्न स्वदेश फर्केका छन्। उनलाई राष्ट्रपति रामचन्द्र पौडेल, उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री प्रचण्डलगायत उच्च अधिकारीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बिदाइ गरेका थिए। राजाको सम्मानमा प्रधानमन्त्री प्रचण्डले दिवाभोज आयोजना गरेका थिए।

नेपाल आएलगत्तै कतारी राजाले राष्ट्रपति रामचन्द्र पौडेलसँग भेटवार्ता गरेका थिए। उनले स्वदेश फर्किनुअघि सामाजिक सञ्जाल एक्समा न्यानो आतिथ्यका लागि नेपालप्रति प्रसन्नता व्यक्त गरेका छन्। दुई देशबीच आर्थिक सम्बन्धलाई विकास गर्ने र द्विपक्षीय सहयोगलाई वाञ्छित स्तरमा पुऱ्याउने विभिन्न साझेदारहरूसँग सम्बन्ध सुदृढ गर्नेबारे छलफल भएको भन्दै उनले आतिथ्यका लागि राष्ट्रपति र प्रधानमन्त्रीलाई धन्यवाद दिएका छन्।

नेपाल-कतारबीच सन् १९७७ जनवरी २१ मा कूटनीतिक सम्बन्ध स्थापना भएको थियो। दुई देशबीचको आपसी विश्वास, सम्मान, समझदारी र सहयोगमा आधारित सौहार्दपूर्ण र मैत्रीपूर्ण सम्बन्ध छ। नेपाल र कतारले धेरै अन्तर्राष्ट्रिय एजेन्डा र मुद्दाहरूमा समान धारणा राख्छन्।

आजदेखि...

पृष्ठ १ बाट क्रमशः

स्वच्छता र निष्पक्षता कायम गर्न अपिलसमेत गरेको छ। प्रचारप्रसार निषेध अवधिमा निगरानी गर्न र जानकारी गराउन आयोगले सम्बन्धित सबै निकायलाई निर्देशनसमेत दिएको छ।

आयोगले नेपाल प्रहरी तथा राष्ट्रिय अनुसन्धान विभागका सम्बन्धित सबै इकाइ, जिल्ला आचारसंहिता अनुगमन समितिका पदाधिकारी र अनुगमन अधिकृतले नियमित अनुगमन गरी निर्वाचनको स्वच्छता, स्वतन्त्रता, निष्पक्षता कायम गर्नुपर्ने भनेको छ।

दल, उम्मेदवार, प्रतिनिधि, मतदाता, निर्वाचनमा खटिएका कर्मचारी, सुरक्षाकर्मी, पर्यवेक्षक, सञ्चारकर्मी तथा निर्वाचनमा संलग्न व्यक्ति, संघसंस्था र निकायबाहेक निर्वाचन कार्यसँग असम्बन्धित बाह्य जिल्ला वा क्षेत्रका व्यक्ति र व्यक्तिहरूको अवाञ्छित आवागमन र अनधिकृत गतिविधिलाई निगरानी गर्नुपर्ने भनिएको छ। निर्वाचनको स्वच्छता र मर्यादामा प्रतिकूल असर पर्ने अवस्था देखिएमा अनुगमनमा खटिएका टोली र सम्बन्धित सुरक्षा निकायले नियन्त्रणमा लिई कानुनबमोजिम कारबाही प्रक्रिया अघि बढाउन निर्देशन गरिएको छ।

निर्वाचन (कसुर तथा सजाय) ऐनको दफा २१ बमोजिम उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले निर्वाचन अवधिभित्र कुनै मतदातालाई निजको मतदानको अधिकार प्रयोग गर्न वा नगर्नको लागि वा मतदानको अधिकार प्रयोग गरे वा नगरेबापत उपहार, पुरस्कार, इनाम, दान-दातव्य वा बकसको रूपमा नगद वा जिन्सी दिन वा दिन मन्जुर गर्न वा सार्वजनिक भोज आयोजना गर्न रोक लगाइएको छ।

मतदाताले पनि त्यस्तो प्रयोजनको लागि त्यस्तो नगद वा जिन्सी लिन वा लिन मन्जुर गर्न र सार्वजनिक भोजमा सहभागी हुनेजस्ता कार्य निर्वाचन कसुर भएकाले त्यस्तो कार्य कहाँकतै भए/गरेको पाइएमा कानुनबमोजिम तत्काल कारबाही गर्न आयोगले सम्बन्धित अधिकारीलाई निर्देशन दिएको छ।

मतदाताले नगद वा जिन्सी लिन वा लिन मन्जुर गर्न र सार्वजनिक भोजमा सहभागी हुनेजस्ता कार्य निर्वाचन कसुर भएकाले त्यस्तो कार्य कहाँकतै भए/गरेको पाइएमा कानुनबमोजिम तत्काल कारबाही गर्न आयोगले सम्बन्धित अधिकारीलाई निर्देशन दिएको छ।

निर्वाचन कार्यालयले सबै मतदानस्थलमा बुधबार नै निर्वाचन सामग्री पठाइएको जिल्ला निर्वाचन कार्यालय इलामका निर्वाचन अधिकृत देवीचरण फुयँलले जानकारी दिए।'अब निर्वाचनको अन्तिम तयारीमा छौं। हामीले सबै मतदानस्थलमा कर्मचारी र सामग्री पठाइसकेका छौं,' उनले भने, 'बिहीबार बिहानैबाट मतदान केन्द्र निर्माणको काम सुरु हुन्छ। पाँचवटा मदानस्थलमा परीक्षा भएकाले शुक्रबार मात्र मतदान केन्द्र निर्माणको काम हुनेछ।'

निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित बनाउनका लागि तीन हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको छ। जिल्ला प्रहरी कार्यालय इलामका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रकाश जबेगुका अनुसार नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धानसहित तीन हजार बढी प्रहरी परिचालन गरिएको हो। 'निर्वाचनको सुरक्षाका लागि हामी तम्तयार छौं,' उनले भने, 'मौन अवधिलाई प्रभावकारी बनाउन प्रहरीले काम गरिरहेको छ।'

सात घण्टामा...

पृष्ठ १ बाट क्रमशः

छ।' आगोले बस्ती नै नष्ट गरेपछि कम्तीमा पाँच सय व्यक्ति विस्थापित भएका छन्। तर, आगलागी कसरी र कहाँबाट भएको हो भनेर अझै यकिन भएको छैन।

गुठीको जग्गामा बसेको यो बस्तीमा धानुक, मुस्लिम, पासवान, मलाह, बिन समुदायको बसोबास छ। स्थानीयका अनुसार बुधबार मध्याह्न १२ बजेतिर बस्तीको दक्षिण-पश्चिम कुना (आप बर्गैंचा क्षेत्र) बाट सुरु भएको आगो एक घन्टामै खेत रहेको क्षेत्रसमेत पार गरेर पूरै बस्तीमा सल्किएको थियो। दक्षिण-पश्चिम कुनामा आगलागी हुनासाथ खाना पकाउने एलपी ग्यासका चारवटा सिलिन्डर फड्किएपछि आँपको बर्गैंचास्थित यो बस्तीका करिब सय घरमा आगो पुग्यो। लगत्तै खेत क्षेत्रबाट ७० मिटर पर रहेको सोही बस्तीको अर्को क्षेत्रमा पनि आगो सल्किएपछि थप ५० घर जलेका हुन्। बस्तीमा आगो फैलिएपछि स्थानीयसामु ज्यान जोगाउन भाग्नुबाहेक विकल्प रहेन, उनीहरूले घरभित्रबाट सरसामान निकाल्न वा बाँधेर राखेका पशुचौपायालाई छोड्न पाएनन्। शीलादेवी मुखियाको घर पनि आगलागीमा खरानी भएको छ। 'खेतपारीका घरमा आगो लागेको थियो, आगोको झिल्को उडेर आयो, मेरो घर पनि जल्यो,' उनले भनिन्, 'घरबाट केही पनि निकाल्न पाइनँ।' उनले केही दिनअघि मात्र १० हजार कर्जा लिएको पैसा पनि जलेको छ।

१२ दमकल र तीन सय सुरक्षाकर्मीले ६ घण्टामा नियन्त्रणमा लिए आगो

प्रायः फुसका घर भएको जरलहवा टोलमा वर्षैपिच्छे आगलागी हुन्छ। तर, यसपटक भने बस्ती नै सखाप भयो। मैथिलीमा जरलहवाको अर्थ जलेको भएकोले यस टोलको नाम जरलहवा राखिएको हो।

बुधबार मध्याह्न आगलागी भएको १५ मिनेटमै मटिहानी नगरपालिकाको दमकल पुगेको थियो। तर, बस्तीभर आगो फैलिएपछि जलेश्वर, रामगोपालपुर, गौशाला, जनकपुर, सशस्त्र प्रहरीको छिन्नमस्ता बाहिनीसहित भारतको बिहार, साहरघाटबाट समेत दमकल झिकाइएको थियो। आगो निभाउन दिनभर १२ दमकलको प्रयोग भएको थियो।

प्यारोल...

पृष्ठ १ बाट क्रमशः

बैठक बसेर एक सय ९९ जनालाई छाड्न सकिने निर्णय गरेको हो। दुईतिहाइ कैद सजाय भुक्तान गरिसकेका, नकारात्मक मुद्दाको सूचीमा नपरेका र असल चालचलन भएका कैदीले जेलका अधिकारीको सम्पर्कमा रही बाहिरै बस्ने सुविधा प्यारोल हो। जेलबाहिर बसेर अपराधमा नलाग्ने निष्कर्षका आधारमा जेल प्रशासन तथा प्यारोल बोर्डले कैदीहरूलाई समाजमा बस्न दिने सुविधा दिन थालेको हो। यसरी छुट्नेहरूमा धेरै लागुऔषध मुद्दाका कैदी छन्। ०७४ मा आएको फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनले नेपालमा प्यारोलको व्यवस्था गरेको थियो। ६ वर्षपछि सरकारले यसलाई बल्ल कार्यान्वयनमा लगेको हो।

प्यारोलमा रहने कैदीहरू प्यारोल अधिकृत (जेलर)को निगरानीमा हुने कानुनी प्रावधान छ। परिवारसँगै घरमा बसे पनि उनीहरू निश्चित समयमा जेलरसँग सम्पर्क गर्नुपर्ने हुन्छ। कति समयमा कारागारमा तारेखमा जाने भन्ने कुरा जेलरले नै तोक्नेछन्। प्यारोलमा रहँदा सर्त पालना नगरेमा बाँकी कैद जेलमै बसेर भुक्तान गर्नुपर्ने हुन्छ।

कैद माफी मिनाहाका लागि अब पीडितको सहमति अनिवार्य हुने भएको छ। सरकारले सर्वोच्च अदालतको परमादेशअनुसार फौजदारी कसुर (कैद कट्टा) नियमावली संशोधन गरी यस्तो प्रावधान राख्न लागेको हो। कारागार व्यवस्थापन विभागले सर्वोच्चको परमादेशमा उल्लेख विषय राखेर नियमावली संशोधनको मस्यौदा गृह मन्त्रालयमा पठाएको छ।

हार्दिक श्रद्धाञ्जली

जन्मः
वि.सं. २०२७
असोज ३० गते

स्वर्गारोहणः
वि.सं. २०८१
वैशाख १ गते

स्व. राम शरण खत्री क्षेत्री

हाम्रा सहकर्मी श्री अनुसा के.सी.का पूजनीय पिता **राम शरण खत्री क्षेत्री**को स्वर्गारोहण भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

सानिमा बैंक www.sanimabank.com

पो.ब.नं.: २०३९४, 'अलकापुरी', नक्साल, काठमाडौं फोनः +९७७-१-५९७००३३
फ्याक्सः +९७७-१-४४२८९६९ ईमेलः sanima@sanimabank.com

ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/०१/१३ गते

यस माछापुच्छे बैंक लि. नेपालगंज शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जाको साँवा, व्याज तोकिएको म्यादमा चुक्ता नगर्नु भएको र यस अघि पनि मौखिक तथा लिखित रुपमा कर्जा चुक्ता गर्नको लागि पटक पटक अनुरोध गर्दा पनि कर्जाको साँवा व्याज, थप व्याज अन्य दस्तुर आदि चुक्ता भुक्तान नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तपसिलमा उल्लेखित ऋणीको नाउँमा बक्यौता ऋणकर्जा चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले पैंतिस (३५) दिनभित्र यस बैंकमा सम्पर्क राखी सम्पूर्ण कर्जाको साँवा, व्याज चुक्ता गर्नुहुन अनुरोध गरिन्छ। उल्लेखित समयावधिभित्र सम्पूर्ण कर्जाको साँवा, व्याज चुक्ता नगरेमा तपाई ऋणीले कर्जा लिंदा उपलब्ध गराएको धितो लिलाम गर्ने ऋणी, संचालक/प्रोप्राइटरको नाम कर्जा सूचनाकेन्द्रको कालोसूचीमा समावेश गर्ने तथा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगायत कर्जा असुल उपर गरी लिनको लागि अन्य कानुनी कारवाहीहरु समेत अवलम्बन गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराउदै यथाशिघ्र कर्जा भुक्तानी गर्न विशेष अनुरोध गरिन्छ।

तपसिल

ऋणीको नाम, ठेगाना	
नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, बाँकेको कार्यालयमा प्राइभेट फर्म रजिष्ट्रेन ऐन, २०१४ बमोजिम दर्ता कायम रहेको **श्री अलनुर ज्वेलर्स** प्रा.फ.र.नं. २०८१२/०६८/०६९ स्था.व्या., दर्ता मिति : २०६८/१२/२३, पान नं. ३०५४८९५२८, दर्ता मिति : २०६८/१२/२३ रजिष्टर्ड ठेगाना : बाँके जिल्ला, नेपालगंज वडा नं. ४, **प्रोप्राइटर : यासिर फिरोज जसगर**	
व्यक्तिगत जमानतकर्ताहरु	
१. यासिर फिरोज जसगर ना.प्र.नं. ६६१०१९/२६००, जि.प्र.का. बाँके जारी मिति : २०६७/०४/१७ बाबु : नुर अहमद, बाजे : मिठु जसगढ ठेगाना : बाँके जिल्ला, नेपालगंज वडा नं. १४	**२. अफजल सलीम जरगर** ना.प्र.नं. १३०१७, जि.प्र.का. बाँके जारी मिति : २०६१/०५/२८ बाबु : नुर अहमद, बाजे : मिठु जसगढ ठेगाना : बाँके जिल्ला, नेपालगंज वडा नं. १४
३. रोशन मलिक जरगर ना.प्र.नं. ६६३०१९/२०४३, जि.प्र.का. बाँके जारी मिति : २०६३/११/२१ बाबु : नुर अहमद जसगढ, बाजे : मिठु जसगढ ठेगाना : बाँके जिल्ला, नेपालगंज वडा नं. १४	**४. नुर अहमद** ना.प्र.नं. ४/०/४/४/०६४६, जि.प्र.का. बाँके जारी मिति : २०४०/०४/१५ बाबु : मिठु जसगढ, बाजे : अकबर जसगढ ठेगाना : बाँके जिल्ला, जयसपुर वडा नं. ५
धितोमा रहेको सम्पत्तिको विवरण	
१. अकबर जसगढको नाति, मिठु जसगढको छोरा, बाँके जिल्ला, जयसपुर वडा नं. ५ बस्ने नुर अहमदको नाममा मालपोत कार्यालय बांकेमा दर्ता कायम भएको बाँके जिल्ला, नेपालगंज वडा नं. १ ख स्थित कि.नं. २५१० को क्षेत्रफल ०-६-१८ (वि.क.धु.) बमोजिमको घर/जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत। २. अलनुर ज्वेलर्सले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु।	

माछापुच्छे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, नेपालगंज

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालयः ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्सः +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६५२२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण बापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, व्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, व्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानुन तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्बद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै तपसिलमा रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशनमा रहेको व्यवस्था बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गरी बाँकी रहेको कर्जा असुल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानुन अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	**ठुलोभाई तामाङ** स्थायी ठेगाना : धादिङ जिल्ला, छत्रेदेउराली गा.वि.स. वडा नं. ०१ हालको ठेगाना : धादिङ जिल्ला, धुनिबेशी न.पा. वडा नं. ०२ बाबु : डिल बहादुर तामाङ बाजे : भिम बहादुर तामाङ	लाल बहादुर तामाङको नाती, भिम बहादुर तामाङको छोरा, धादिङ जिल्ला, छत्रेदेउराली गा.वि.स. वडा नं. ०१ स्थायी ठेगाना भई हाल धादिङ जिल्ला, धुनिबेशी न.पा. वडा नं. ०२ बस्ने दिल बहादुर तामाङको नाममा मालपोत कार्यालय धादिङको लगतमा दर्ता कायम रहेको धादिङ जिल्ला, छत्रेदेउराली गा.वि.स. वडा नं. २ ख (हाल धुनिबेशी न.पा. वडा नं. ०२) स्थित कित्ता नं. ४६० को क्षेत्रफल ४-१२-०-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।

जमानीकर्ताहरुको विवरण

१) लालु माया तामाङ स्थायी ठेगाना : धादिङ जिल्ला, छत्रेदेउराली गा.वि.स. वडा नं. ०१ हालको ठेगाना : धादिङ जिल्ला, धुनिबेशी न.पा. वडा नं. ०२ बाबु : नारायण श्रेष्ठ ससुरा : दिल बहादुर तामाङ पति : निरन कुमार लामा	**२) पवित्रा तामाङ** स्थायी ठेगाना : धादिङ जिल्ला, जिवनपुर गा.वि.स. वडा नं. ०७ हालको ठेगाना : धादिङ जिल्ला, धुनिबेशी न.पा. वडा नं. ०२ बाबु : जयराम तामाङ ससुरा : दिल बहादुर तामाङ पति : रोजीत कु. लामा	**३) ठुली तमाङनी** स्थायी ठेगाना : धादिङ जिल्ला, छत्रेदेउराली गा.वि.स. वडा नं. ०१ हालको ठेगाना : धादिङ जिल्ला, धुनिबेशी न.पा. वडा नं. ०२ ससुरा : भिम बहादुर तामाङ पति : दिल बहादुर तामाङ	
४) रोजीत कुमार लामा स्थायी ठेगाना : धादिङ जिल्ला, छत्रेदेउराली गा.वि.स. वडा नं. १ हालको ठेगाना : धादिङ जिल्ला, धुनिबेशी न.पा. वडा नं. ०२ बाबु : दिल बहादुर तामाङ बाजे : भिम बहादुर तामाङ	**५) दिल बहादुर तामाङ** स्थायी ठेगाना : धादिङ जिल्ला, छत्रेदेउराली गा.वि.स. वडा नं. १ हालको ठेगाना : धादिङ जिल्ला, धुनिबेशी न.पा. वडा नं. ०२ बाबु : भिम बहादुर तामाङ बाजे : लाल बहादुर तामाङ	**६) निरन कुमार लामा** स्थायी ठेगाना : धादिङ जिल्ला, छत्रेदेउराली गा.वि.स. वडा नं. १ हालको ठेगाना : धादिङ जिल्ला, धुनिबेशी न.पा. वडा नं. ०२ बाबु : दिल बहादुर तामाङ बाजे : भिम बहादुर तामाङ	**७) मनिता तामाङ** ठेगाना : धादिङ जिल्ला, धुनिबेशी न.पा. वडा नं. २ बाबु : गोरे तामाङ ससुरा : दिल बहादुर तामाङ पति : ठुलोभाई तामाङ

	ऋणीको विवरण	धितोको विवरण
२)	१) नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवनमा प्रा.फ.नं. ३५३/०७२/७३ अन्तर्गत मिति २०७२/०२/२८ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. २ स्थित **राकेश पोल्ट्री फर्म** **प्रोप्राईटर तथा जमानीकर्ता: राकेश बस्नेत** स्थायी ठेगाना : चितवन जिल्ला, चैनपुर गा.वि.स. वडा नं. ३ हालको ठेगाना : चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. २ बाबु : होम बहादुर बस्नेत बाजे : झंक बहादुर बस्नेत	

जमानीकर्ताहरुको विवरण

१) प्रेम कुमारी बस्नेत स्थायी ठेगाना : चितवन जिल्ला, चैनपुर गा.प. वडा नं. १ हालको ठेगाना : चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. २ ससुरा : झंक बहादुर बस्नेत पति : होम बहादुर बस्नेत	**२) होम बहादुर बस्नेत** स्थायी ठेगाना : चितवन जिल्ला, चैनपुर गा.प. वडा नं. १ हालको ठेगाना : चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. २ बाबु : झंक बहादुर बस्नेत बाजे : रजा बिर बस्नेत	**३) ओम बहादुर बस्नेत** स्थायी ठेगाना : चितवन जिल्ला, चैनपुर गा.वि.स वडा नं. ३ हालको ठेगाना : चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. २ बाबु : होम बहादुर बस्नेत बाजे : झंक बहादुर बस्नेत

ऋणीको विवरण

२) होम बहादुर बस्नेत
स्थायी ठेगाना : चितवन जिल्ला, चैनपुर गा.प. वडा नं. १
हालको ठेगाना : चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. २
बाबु : झंक बहादुर बस्नेत
बाजे : रजा बिर बस्नेत

जमानीकर्ताहरुको विवरण

१) प्रेम कुमारी बस्नेत स्थायी ठेगाना: चितवन जिल्ला, चैनपुर गा.प. वडा नं. १ हालको ठेगाना : चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. २ ससुरा : झक्क बहादुर बस्नेत पति : होम बहादुर बस्नेत	**२) सबिना खनाल बस्नेत** ठेगाना: चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. २ बाबु : प्रेम बहादुर खनाल ससुरा : होम बहादुर बस्नेत पति : ओम बहादुर बस्नेत	**३) राकेश बस्नेत** स्थायी ठेगाना: चितवन जिल्ला, चैनपुर गा.वि.स वडा नं. ३ हालको ठेगाना : चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. २ बाबु : होम बहादुर बस्नेत बाजे : झक्क बहादुर बस्नेत	**४) ओम बहादुर बस्नेत** स्थायी ठेगाना: चितवन

खेल संक्षेप

नेपाली बक्सिङ खेलाडीले यू-२२ एसियाली च्याम्पियनसिप खेल्ने

काठमाडौं/ नेपाली बक्सरले उज्वेकिस्तानको अस्तानामा आयोजना हुने एएसबिसी यू-२२ एसियाली बक्सिङ च्याम्पियनसिपमा प्रतिस्पर्धा गर्ने भएका छन् । प्रतियोगिता २७ अप्रिलदेखि ८ मेसम्म हुनेछ । जसमा नेपालका एक पुरुष र दुई महिला खेलाडीले प्रतिस्पर्धा गर्नेछन् । पुरुषको ४८ केजीमा लालप्रसाद उप्रेतीले भाग लिनेछन् । महिलाको ४८ केजीमा सुष्मा तामाङ तथा ५० केजीमा रमिशा श्रेष्ठले खेल्ने नेपाल बक्सिङ महासंघका महासचिव मनबहादुर भण्डारीले जनाएका छन् । सहभागी खेलाडीमध्ये सुष्मा सर्वाधिक अनुभवी खेलाडी हुन् । उनले थाइल्यान्डमा भएको गत संस्करणमा रजत जितेकी थिइन् । बक्सिङ इतिहासमा सुष्माले जितेको पदक एसियाली स्तरमा नेपालको पहिलो रजत थियो । प्रतियोगितामा सहभागी हुने टोलीलाई बुधबार राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङ र नेपाल बक्सिङ महासंघका अध्यक्ष राम अवालेले बिदाइ गरेका छन् । टोली बुधबारै उज्वेकिस्तान प्रस्थान गरेको छ ।

यू-१४ को फुटबल प्रशिक्षण

कास्की/ पोखरामा यू-१४ बालबालिकाको फुटबल प्रशिक्षण बुधबार सम्पन्न भएको छ । प्रदेश खेलकुद परिषद् गण्डकीको आयोजना तथा सहारा क्लब पोखराको व्यवस्थापनमा भएको प्रशिक्षणमा पोखराका विभिन्न स्थानबाट खेलाडीको सहभागिता थियो । सूर्यबहादुर केसी स्मृति सहारा आवासीय फुटबल एकेडेमी सञ्चालन गरिएको प्रशिक्षणमा कास्की, तनहुँ, गोरखा, लमजुङ, पर्वत, म्याग्दी, नवलपुर र बागलुङ जिल्लाका यू-१४ वर्षमुनिका ३५ जना बालबालिकाले भाग लिएको क्लबका अध्यक्ष केशवराज बरालले जानकारी दिए ।

एपिएफ फाइनलमा

विराटनगर/ सुनसरी पकलीको एपिएफ क्लब चौथो मिल्स गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा पुगेको छ । बुधबार भएको पहिलो सेमिफाइनलमा एपिएफले झापाको सुरुंगा कन्काई स्पोर्टिङ क्लबलाई टाइब्रेकरमा २-० ले हराउँदै अन्तिम दुई स्थान पक्का गरेको हो । निर्धारित समयमा दुवै टोलीले १-१ को बराबरी खेलेका थिए । टाइब्रेकरमा एपिएफका लागि दीपेश धिमाल र हरि कार्कीले गोल गरे । उज्वल चाम्लिङले एपिएफका लागि गोल गर्न सकेनन् । झापाका अनोज मगर, सञ्जीव रसाइली, रोजन धिमाल र मिरक लिम्बूले गोल गर्न चुके । खेलमा एपिएफका गोलरक्षक सुजन विकले उत्कृष्ट प्रदर्शन गरेका थिए । निर्धारित समयमा दुवै टोलीले गोल अवसर चुकाएका थिए । खेलको २९औँ मिनेटमा झापाका मिरक लिम्बूले १-० को अग्रताका लागि गोल गरे । खेलको ६०औँ मिनेटमा एपिएफले पेनाल्टीमा गोल गर्दै खेललाई १-१ को स्थितिमा पुऱ्याए ।

नेपालविरुद्ध सिरिज खेल्न आइपुग्यो वेस्ट इन्डिज

दुई टोलीबीच १५ देखि २२ वैशाखसम्म पाँचवटा टी-२० सिरिज चल्ने

नयाँ पत्रिका

वेस्ट इन्डिजको 'ए' टोली नेपालविरुद्ध पाँच अन्तर्राष्ट्रिय टी-२० सिरिज खेल्न बुधबार काठमाडौं आइपुगेको छ । रोस्टन चेजको कप्तानीमा १२ अनुभवी खेलाडीसहित आएको वेस्ट इन्डिजले सिरिजका सबै खेल त्रिवि क्रिकेट मैदानमा खेल्नेछ । नेपाल क्रिकेट संघ (क्यान)का क्रिकेट म्यानेजर विनोद दासले उनीहरूलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गरेका हुन् । नेपाल र वेस्ट इन्डिजबीच पहिलो टी-२० खेल १५ वैशाखमा हुनेछ । त्यसपछि १६ वैशाख, १९ वैशाख, २० वैशाख र २२ वैशाखमा हुनेछ । नेपालले तेस्रो टेस्ट मान्यताप्राप्त राष्ट्रविरुद्ध प्रतिस्पर्धा गर्न लागेको हो । यसअघि नेपालले जिम्बावे र आयरल्यान्डको 'ए' टोलीविरुद्ध प्रतिस्पर्धा गरिसकेको छ ।

नेपालले गत वर्ष जिम्बावेमा भएको एकदिवसीय ग्लोबल विश्वकप छनोटमा वेस्ट इन्डिजविरुद्ध प्रतिस्पर्धा गरेको थियो । नेपाल र वेस्ट इन्डिजले सिरिजलाई आइसिसी टी-२० विश्वकपको तयारीका रूपमा लिएका छन् । आगामी जुन-जुलाईमा अमेरिका र वेस्ट इन्डिजले संयुक्त रूपमा विश्वकप आयोजना गर्दै छन् । वेस्ट इन्डिजका प्रशिक्षक डारेन सामीले नेपाल भ्रमणले विश्वकपका लागि खेलाडी छनोट गर्न सहज हुने बताएका छन् । यसैगरी, नेपालको 'ए' टोलीका प्रशिक्षक कलाम अलीले अनुभवी टेस्ट राष्ट्रविरुद्ध खेल्दा खेलाडीले थप एक्सपोज प्राप्त गर्ने जनाएका छन् । 'यस सिरिजले विश्वकपअगाडि हाम्रा खेलाडी एक्सपोज हुन पाउनेछन्,' अलीले भने । वेस्ट इन्डिजले नेपालविरुद्ध 'ए' टोली पठाए पनि खेलाडीहरू निकै अनुभवी छन् । यसमा सन् २०१२ र २०१६ को टी-२० विश्वकपदेखि टेस्ट खेलेका खेलाडी छन् । नेपाली टोलीले गत शनिबार ओमानमा एसिसी प्रिमियर कप खेलेको थियो । हडकडसँग तेस्रो स्थानका लागि भएको खेलमा नेपाल पराजित भएको थियो ।

नेपालविरुद्ध वेस्ट इन्डिजले प्रमुख खेलाडी नै पठाएको छ । जसमा रोस्टन चेज (कप्तान), एलिक एथानाजे (उपकप्तान), फबिएन एलेन, कदिम एलियन, जोसुवा विसोप, केसी कार्टी, जोनसन चार्ल्स, मार्क दयाल, आन्द्रे फ्लेचर, म्याथ्यु फर्ड, ओबेद म्याककोय, गुडाकेस मोती, किमो पल, ओसान थोमस र हायडेन वाल्स रहेका छन् ।

■ क्यान व्यवस्थापनको आलोचना

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा वेस्ट इन्डिजको स्वागत तथा फितलो व्यवस्थापनबारे क्यानको आलोचना भएको छ । क्यानले खेलाडीको लगेज (सामान) बोक्न पठाएको सवारीसाधनको विषयलाई लिएर सामाजिक सञ्जालमा विभिन्न टीकाटिप्पणी भइरहेका छन् । लगेज ओसार्न पिकअप भ्यान विमानस्थलमा पठाएको थियो । खेलाडीहरूलाई सोल्टी होटेलमा राखिएको छ ।

सम्भावित नेपाली टोली

क्यानले वेस्ट इन्डिजविरुद्ध खेल्ने टोलीको घोषणा गरेको छैन । तर, क्यानले आगामी शनिबारदेखि सुरु हुने टी-२० सिरिजका लागि ओमानमा भएको एसिसी प्रिमियर कपमा सहभागी खेलाडीलाई वेस्ट इन्डिजको 'ए' टोलीविरुद्ध उतार्ने सम्भावना छ । 'ओमानमा प्रतिस्पर्धा गरेका खेलाडीले पहिलो प्राथमिकता पाउन सक्छन्,' क्यानका एक सदस्यले भने । प्रिमियर कपमा कुशल भुर्तेल, आसिफ शेख, सोमपाल कामी, रोहित पौडेल, सन्दीप जोरा, कुशल मल्ल, गुल्सन झा, दीपेन्द्रसिंह ऐरी, करण केसी, ललित राजवंशी र अविनाश बोहराले प्रतिस्पर्धा गरेका थिए ।

आइसिसी डिजिटल फ्यान इन्गेजमेन्ट अवार्ड नेपाललाई

नेपालले आइसिसी डिजिटल फ्यान इन्गेजमेन्ट अफ द इयरको अवार्ड जितेको छ । अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)ले बुधबार क्षेत्रीय विजेताको सूची सार्वजनिक गर्दा नेपालले एसिया क्षेत्रअन्तर्गत डिजिटल फ्यान इन्गेजमेन्ट अवार्ड जितेको हो । आइसिसीले विभिन्न विधामा २१ राष्ट्रलाई अवार्ड प्रदान गरेको छ । अफ्रिकामा नामिबिया, अमेरिकामा बर्मुडा, युरोपतर्फ नेदरल्यान्ड्स र पूर्वी एसियामा इन्डोनेसियाले यो अवार्ड हात पारेका छन् ।

आइसिसीका २१ एसोसिएट राष्ट्रले मैदानभित्र र बाहिर एक वर्षमा गरेको गतिविधिअनुसार आइसिसीले मनोनयन गरेको हो । मनोनयनमा २१ राष्ट्रलाई क्षेत्रअनुसार डेभलपमेन्ट इनिसिएटिभ अफ द इयर, वुमन क्रिकेट इनिसिएटिभ अफ द इयर, डिजिटल फ्यान इन्गेजमेन्ट अफ द इयर, क्रिकेट फर गुड सोसल इम्प्याक्ट इनिसिएटिभ अफ द इयर र उत्कृष्ट अन फिल्ड अवार्ड विधामा अवार्ड वितरण गरिएको हो । अब नेपालले ग्लोबल अवार्डका लागि सबै क्षेत्रीय विजेतासँग प्रतिस्पर्धा गर्नेछ ।

पछिल्लो भेट विश्वकप छनोटमा

वेस्ट इन्डिज र नेपालले आधिकारिक रूपमा २२ जुन २०२३ मा जिम्बावेमा एकदिवसीय विश्वकप ग्लोबल छनोटमा प्रतिस्पर्धा गरेका थिए । समूह 'ए'मा वेस्ट इन्डिजले ५० ओभरमा सात विकेट गुमाएर ३३९ रन बनाएको थियो । नेपालले ४९.४ ओभरमा सबै विकेट गुमाएर २३८ रन जोडेको थियो । सो खेलमा नेपाल १०१ रनले पराजित भएको थियो ।

नेपाल भ्रमणमा आएका खेलाडीमध्ये जोनसन चार्ल्स, रोभमान पावेल, किमो पाउल र रोस्टन चेज ग्लोबल छनोटमा समेत थिए । ग्लोबल छनोटमा चार्ल्स शून्यमा आउट भएका थिए भने पाउलले १ तथा पावेलले १४ बलमा २९ रन जोडेका थिए । नेपालविरुद्ध चेजले तीन ओभरमा ९ रन खर्चिए । पाउलले ६३ रन दिएर दुई विकेट लिए । वेस्ट इन्डिजको सिनियर टोलीविरुद्ध नेपालका आरिफ शेखले ९३ बलमा ६३ रन बनाएका थिए । गुल्सन झाले ४२ तथा करण केसीले २८ रन बटुलेका थिए ।

न्यु डायमन्डले आर्मीलाई हरायो

नयाँ पत्रिका

साबिक विजेता न्यु डायमन्डले सातौँ शेरबहादुर स्मृति राष्ट्रिय महिला भलिबल प्रतियागितामा नेपाल आर्मी क्बललाई ३-१ को सेटमा हराएको छ । अर्को खेलमा एपिएफ क्लबले विभागीय टोली नेपाल पुलिस क्लबलाई ३-१ को सेटमा निराश पारेको छ । राखेपको कभर्ड हलमा बुधबार भएको पहिलो खेलमा न्यु डायमन्डले आर्मीमाथि २५-१२, २५-१५, १७-२५ र २५-२१ को जित निकालेको थियो । खेलमा न्यु डायमन्डकी सुमित्रा रेग्मी 'प्लेयर अफ दी म्याच' भइन् । एपिएफले प्रहरीलाई २५-२१, २२-२५, २५-१७ र २५-१६ ले पराजित गरेको थियो । एपिएफकी सरस्वती चौधरी प्लेयर अफ दी म्याच बनिन् । विजेता दुवै टोलीले समान ३ अंक जोडेका छन् ।

राखेपका सदस्यसचिव टंकलाल घिसिङले उद्घाटन गरेको प्रतियोगिताको विजेताले चार लाख ९९ हजार र उपविजेताले दुई लाख ५० हजार रुपैयाँ पाउनेछन् । तेस्रो हुने टोलीले एक लाख २५ हजार तथा चौथोले ६२ हजार रुपैयाँ हात पार्ने आयोजकले जनाएको छ । सर्वोत्कृष्ट खेलाडीले ५० हजार, विधागततर्फ उत्कृष्ट हुनेले जनही २५ हजार रुपैयाँ जित्नेछन् । आगामी शनिबारसम्म चल्ने प्रतियोगितामा चार टोलीले राउन्ड रोबिन लिगका आधारमा प्रतिस्पर्धा गर्नेछन् । लिगको शीर्ष दुई स्थानमा रहने टोली उपाधिका लागि भिड्नेछन् ।

पुनमलाई स्पेसल अवार्ड

यसैबीच, आयोजकले भलिबल खेलाडी पुनम चन्दलाई ५० हजार नगदसहित स्पेसल अवार्डबाट सम्मान गरेको छ । प्रतिष्ठानका अध्यक्ष रञ्जन खड्काले भलिबलमा पुऱ्याएको योगदान करद गर्दै चन्दलाई अवार्ड प्रदान गरेको बताए । चन्दले ३२ साउन ०७६ देखि ८ भदौसम्म बंगलादेशको ढाकामा सम्पन्न प्रथम एभिसी एसियन सिनियर सेन्ट्रल जोन महिला भलिबल च्याम्पियनसिपमा स्वर्ण, ०७६ मंसिर १५ देखि २४ गतेसम्म नेपालमा भएको १३औँ दक्षिण एसियाली खेलकुद (साग)मा रजत र गत वर्ष नेपालमा आयोजना भएको तेस्रो एभिसी एसियन सिनियर सेन्ट्रल जोन महिला भलिबल च्याम्पियनसिपमा कांस्य पदक जितेकी थिइन् ।

लक्ष्य पछ्याउँदा स्टोनिसको सर्वाधिक रन

एजेन्सी

लखनउ सुपर जायन्टका मार्कोस स्टोनिसले लक्ष्य पछ्याएको इनिङ्समा व्यक्तिगत सर्वाधिक रन बनाएका छन् । उनले मंगलबार राति चेन्नई सुपर किंग्सविरुद्ध १२४ रनको शतकीय इनिङ्स खेले । चेन्नईले घरेलु मैदानमा पहिलो ब्याटिङ गरी २० ओभरमा चार विकेट गुमाएर २१० रन जोडेको थियो । प्रत्युत्तरमा लखनउले १९.३ ओभरमा चार विकेटको क्षतिमा २१३ रन बनाएको थियो । लखनउका स्टोनिसले ६३ बलमा १३ चौका र ६ छक्का प्रहार गरेका थिए । यसअघि सन् २०११ मा पन्जाबका पोल वालथेटीले चेन्नईविरुद्ध १२० रन जोडेका थिए । सन् २०११ मा दिल्लीका वीरेन्द्र सेहवागले हैदराबादविरुद्ध ११९ रन जोडेका थिए । आइपिएल इतिहासमा सन् २०२१ को संस्करणमा राजस्थानका सन्जु सामसनले पन्जाबविरुद्ध लक्ष्य पछ्याएको इनिङ्समा ११९ रनको योगदान दिएका थिए । सन् २०१८ मा चेन्नईका सेन वाट्सनले मुम्बई इन्डियन्सविरुद्धको प्रतिस्पर्धामा ११७ रन बटुलेका थिए ।

हेनरिक छक्का प्रहार गर्नेमा अगाडि

सनराइजर्स हैदराबादले चालू आइपिएलमा आक्रामक ब्याटिङ प्रस्तुत गरेको छ । हैदराबादले सर्वाधिक योगफलको आफ्नै रेकर्ड तोडेको छ ।

हैदराबादका हेनरिक क्लासनले धेरै छक्का प्रहार गर्ने खेलाडीको शीर्ष स्थानमा छन् । उनले सात खेलमा २६ छक्का प्रहार गरेका छन् । हैदराबादका अभिषेक शर्मा दोस्रो स्थानमा छन् । उनले २४ छक्का प्रहार गरे । कोलकाताबाट खेलिरहेका वेस्ट इन्डिजका सुनील नारिनले सात खेलमा २० छक्का हिर्काए । उनी तेस्रो स्थानमा छन् । यसैगरी, लखनउका निकोलास पुरन २० छक्काका साथ चौथो स्थानमा रहे । राजस्थानका रायन परागले आठ खेलमा २० छक्का प्रहार गरेका छन् ।

बाउन्ड्री लगाउनेमा टेभिस

सनराइजर्सका अस्ट्रेलियन खेलाडी टेभिस हेड धेरै चौका प्रहार गर्ने खेलाडीको सूचीमा छन् । उनले केवल ६ खेलमा ३९ पटक बललाई बाउन्ड्री कटाएका छन् । रोयल च्यालेन्जर्स बेंग्लोरका विराट कोहली दोस्रो स्थानमा छन् । उनले आठ खेलमा ३६ चौका लगाएका छन् । यसैगरी, कोलकाताका फिल साल्टले सात खेलमा ३१ पटक चौका प्रहार गरे । चालू सिरिजमा खराब लयमा गुज्रिरहेको मुम्बईका पूर्वकप्तान रोहित शर्मा धेरै चौका लगाउने खेलाडीको सूचीको चौथो स्थानमा छन् । उनले सात खेलमा ३० चौका प्रहार गरे । कोलकाताका सुनीलले सात खेलमा २८ चौका लगाएका छन् ।

कोहलीलाई पछ्याउँदै टेभिस

आइपिएलमा सर्वाधिक रन बनाउने खेलाडीमा बेंग्लोरका कोहली छन् । उनले आठ खेलमा ३७९ रन जोडेका छन् । उनलाई सनराइजर्सका टेभिस हेडले पछ्याइरहेका छन् । उत्कृष्ट लयमा देखिएका टेभिसले ६ खेलमा ३२३ रन जोडेका छन् । कोहली र टेभिसले समान एक शतकीय इनिङ खेलेका छन् । राजस्थानका रायन परागले आठ खेलमा ३१८ रन बनाएका छन् । राजस्थानकै सन्जु सामासनले आठ खेलमा ३१४ रन बटुलेका छन् । मुम्बईका रोहित शर्माले आठ खेलमा एक शतकको मद्दतमा ३०३ रन जोडेका छन् ।

पुल्चोकको पहिलो हार

काठमाडौं/ मनोहरा युनाइटेड युथ क्लबसँग ४-१ ले पराजित हुँदा पुल्चोक स्पोर्टस् क्लबले सहिद स्मारक 'सी' डिभिजन लिगमा पहिलो हार व्यहोरेको छ । सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा बुधबार भएको दिनको दोस्रो खेलमा पुल्चोकले मनोहराविरुद्ध प्रदर्शन गर्न सकेन । मनोहरालाई जित दिलाउन सञ्जय श्रेष्ठले दुई गोल गरेका थिए । यसैगरी, विवश मगर र लीलाबहादुर थापाले समान एक गोल गरे । पुल्चोकका लागि सिरबलो तामाङले एक गोल फर्काए ।

मनोहराले पुल्चोकविरुद्ध उत्कृष्ट प्रदर्शन गरेको थियो । यसअघि पुल्चोकले लगातार तेस्रो जित निकालेको थियो । चौथो खेलमा पराजित पुल्चोक अंक तालिकाको दोस्रो स्थानमा छ । पुल्चोकले चार खेलबाट ९ अंक जोडेको छ । तेस्रो जितपछि मनोहरा चौथो स्थानमा उक्लियो । अर्को खेलमा गोलबजार स्पोर्टस् क्लब र रानीवन स्पोर्टस् क्लबले १-१ को बराबरी खेलेका छन् ।

दिनेश र भुवन शीर्ष स्थानमा

काठमाडौं/ दिनेश प्रजापति र भुवन नगरकोटी सूर्य नेपाल काठमाडौं ओपन प्रतियोगिताको दोस्रो दिन बुधबार संयुक्त रूपमा शीर्ष स्थानमा रहेका छन् । दुवै खेलाडीले समग्रमा २ अन्डर १३४ स्कोर गरेका छन् । ३६ होलको समाप्तिसम्म दिनेश र भुवनले रवि खड्कालाई दुई स्ट्रोकले पछि पारेका छन् । दिनेशले ४ अन्डर ६४ स्कोर र भुवनले २ अन्डर ६६ को स्कोर गरेका थिए । समग्रमा इभन पार १३६ स्कोरका साथ रवि तेस्रो स्थानमा छन् । उनले १ अन्डर ६७ को स्कोर गरेका थिए । समग्रमा १ ओभर १३७ स्कोरसहित रामे मगर, नीरज तामाङ र भुवनकुमार रोका संयुक्त रूपमा चौथो स्थानमा छन् । रामेले ४ अन्डर ६४ को उत्कृष्ट स्कोर गरे । जयराम श्रेष्ठ र सञ्जय लामा संयुक्त रूपमा सातौँ स्थानमा छन् ।

प्रोफेसनल कार्ड लिएपछि पहिलोपटक घरेलु टुर खेलिरहेका सुवास तामाङ नवौँ स्थानमा छन् । उनले समग्रमा ३ ओभर १३९ को स्कोर गरेका छन् । प्रतियोगिताको दोस्रो दिन ३६ होलसम्म १७ ओभर १५३ स्कोर गर्ने २२ प्रोफेसनल र ४ एमेच्योर गरी २६ गल्फरले कट बनाएका छन् । प्रोफेसनलतर्फ तोरणविक्रम शाही, टंकबहादुर कार्की, प्रदीपकुमार लामा, कृष्णमान राजवाहक, टासी घले, भीमसेन चौलागाईं, वसन्तराज गुरुङ, रामकृष्ण श्रेष्ठ, पशुपति शर्मा, भुबहादुर गुरुङ र किसनकालीराज सुनारले अन्तिम ३६ होलका लागि स्थान बनाएका छन् ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

आन्तरिक राजस्व कार्यालय लाहानको

अत्यन्त जरुरी सूचना

सूचना प्रकाशन मितिः २०८१/०१/१३ गते

निम्न लिखित करदाताहरूको छानबिन तथा अनुसन्धानको लागि छनौट भएकोमा करदातालाई पत्राचार एवं फोन सम्पर्क गर्दा सम्पर्क स्थापित हुन नसकेकोमा तपसिल बमोजिमका करदाताहरुको आयकर ऐन, २०५८ को दफा १०१(४) बमोजिम संशोधित कर निर्धारण गरी ऐ.ऐनको दफा १०१(६) बमोजिमको संशोधित कर निर्धारणको सूचना तथा मू.अ. कर ऐन, २०५२ को दफा २०(१)(ग) तथा मू.अ. कर नियमावली, २०५३ को नियम २९ को उपनियम (१) बमोजिमको प्रारम्भिक कर निर्धारण आदेश जारि गरि हुलाकमार्फत सूचना पठाइएको छ । उक्त सूचना प्राप्त नभएमा यसै सूचनालाई आधार मानी उल्लिखित बमोजिम संशोधित कर निर्धारण गर्नु नपर्ने कुनै ठोस आधार, कारण, प्रमाण तथा कागजात भए यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र पेश गर्नुहुन जानकारी गराईन्छ । अन्यथा आयकर ऐन, २०५८ (सं.स.) को दफा १०२ तथा मू.अ. कर नियमावली, २०५३ (सं.स.) को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण भैजाने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

क्र. सं.	स्थायी लेखा नम्बर	करदाताको नाम	फर्मको ठेगाना	प्रो./सं.को नाम ठेगाना	आर्थिक वर्ष
१.	३०१३६२३२०	जानकी जेनरल आर्डर एण्ड सप्लायर्स, जय विजय पशुपंक्षी माछा पालन फार्म हाउस	दिक्तेल रुपाकोट मझुवागढि -३, खोटाङ ।	मकेश्वर पाण्डे, दिक्तेल रुपाकोट मझुवागढि -३, खोटाङ ।	२०७१/०७२
२.	३०१३६२३२०	जानकी जेनरल आर्डर एण्ड सप्लायर्स, जय विजय पशुपंक्षी माछा पालन फार्म हाउस	दिक्तेल रुपाकोट मझुवागढि -३, खोटाङ ।	मकेश्वर पाण्डे, दिक्तेल रुपाकोट मझुवागढि -३, खोटाङ ।	२०७२/०७३
३.	३०००५४४२४	हिमाल रेफ्रिजिरेशन एण्ड इलेक्ट्रिकल इन्डष्ट्रिज प्रा.लि.	राजविराज न.पा.-३, सप्तरी ।	विजय कुमार चौधरी, राजविराज न.पा.-३, सप्तरी	२०७४/०७५

तिलाठी कोइलाडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तिलाठी, सप्तरी
मधेश प्रदेश

बोलपत्र आह्वान सम्बन्धि सूचना

प्रकाशित मिति : २०८१/०१/१३

यस कार्यालय अन्तर्गत तपशीलमा उल्लेखित निर्माण कार्य तथा स्वास्थ्य संस्थाहरुको लागि औषधि, सर्जिकल सामान एवं सामुदायिक विद्यालयका छात्राहरुको सानेटरी प्याडहरु सप्लाय गर्नका लागि बोलपत्र आह्वान गर्नुपर्ने भएकोले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp बाट Online Bidding गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । आवश्यक थप जानकारीको लागि वेवसाइट www.bolpatra.gov.np/egp मा भएको सम्बन्धित बिड डकुमेन्ट हेर्न अनुरोध गरिन्छ ।

S. N.	Contract No.	Description of Works	Cost Estimate (Nrs.)	Bid Security (NRs.)	Price of Bid Document (NRs.)	Remarks
1	TKRM/SAP/ Works/NCB/ 06/2080-081	Drinking Water & Sanitation Facility in Different Community Schools of Tilathi Koiladi Rural Municipality	-	12,00,000.00	5,000.00	
2	TKRM/SAP/ Goods/NCB/ 07/2080-081	Delivery of Medicine	24,99,920.64	73,000.00	3,000.00	
3	TKRM/SAP/ Goods/NCB/ 08/2080-081	Delivery of Sanitary Pad	20,18,000.00	60,000.00	3,000.00	

प्रमुख प्रशासकिय अधिकृत

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com